# अध्याय एक : शोध परिचय

## विषय प्रवेश

'शब्द' र 'कोश' जस्ता दुई सार्थक शब्दको संयोगबाट निर्माण भएको शब्दकोश शब्द अङ्ग्रेजी भाषाको 'डिक्सनरी'को नेपाली रूपान्तर हो । क्रामिक रूपमा भाषाका वा विषयका शब्दहरूको उत्पत्ति-अर्थ-पर्याय आदि उल्लेख गरी लेखिएको ग्रन्थ शब्दकोश हो (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१ : ९३५) का अनुसार भाषाका शब्दलाई वर्णानुक्रममा मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ शब्दकोश हो। कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि खुलाएर उही वा अन्य भाषाका अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ (नेपाली बृहत शब्दकोश, २०४० : १२५३) लाई शब्दकोश भनिन्छ ।

शब्दकोश भाषा सम्पदाको विशाल भण्डार हो। यस्तो भण्डारमा शब्दसम्बन्धी ज्ञानका कुरा कोशका निर्माता र प्रयोक्ताले अपेक्षा गरेको आवश्यकता एवं प्रयोजनअनुसार सङ्कलित हुन्छन् । शब्दकोश आधुनिक र विकासशील र गतिशील विद्या भएकाले यसले प्रचलित, प्रभावकारी सुविधायुक्त र आफैंमा सरल, संवेद्य र सुग्राह्य रूपविधान ग्रहण गर्नुपर्छ नेपालमा बसोबास गर्ने अनेकौं नेपाली तथा अन्य भाषाभाषीबीच समान्य सम्पर्क तथा सम्प्रेषणको माध्यम भाषाका रूपमा रहेको नेपाली भाषा सरकारी कामकाजको भाषाको रूपमा संवैधानिक मान्यता पाएको भाषा रहेको छ। व्यक्ति-व्यक्तिबीच सम्प्रेषणको माध्यममा मात्र नभई भाषाले नेपाली बिचको संस्कृति आदान प्रदान, संरक्षण, हस्तान्तरण आदिको माध्यम नेपाली भाषा रहेको छ । भाषा शब्दभण्डार तथा व्याकरणका दृष्टिले सक्षम भएर भाषिक सामर्थ्य हासिल गरे तापनि पाठ्यपुस्तकसँग सम्बन्धित शब्दकोश निर्माण त्यति धेरै भएको देखिँदैन त्यस्का लागि विद्यालय तहको पाठ्यपुस्तकसँग सम्बन्धित शब्दकोशको निर्माण गर्न नितान्त आवश्यक देखिन्छ । प्रस्तुत शोधपत्रको शीर्षक *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश* रहेको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्र्तगत स्नात्तकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को आवश्यकता परिपूर्तिको प्रयोजनका लागि तयार गरिने छ । पुस्तकालयिय विधिलाई आत्मसाथ गर्दै तयार गरिने शोधपत्रमा शब्दकोशका आधारभूत सैद्धान्तिक

मान्यतालाई प्रस्तुत गर्दै *कक्षा सातको नेपाली किताबमा आधारित रही नमुना शब्दकोश* निर्माण गर्नुमा केन्द्रित रहेको छ ।

## समस्याकथन

शैक्षिक जगतमा शब्दकोश नितान्त आवश्यक र महत्त्वपूर्ण हुन्छ । कुनै पनि कोश निर्माण कार्य बोझिलो, खर्चिलो र महत्त्वपूर्ण हुन्छ सो कारणले शब्दकोश निर्माण गर्नु आफैंमा एउटा चुनौतिपूर्ण कार्य हो । एउटा कक्षा भित्र रहेका सम्पूर्ण विद्यार्थीको रुची, स्तरमा समानता नरहने हुँदा कक्षा सातमा अध्ययन गर्ने बालबालिकाको लागि उपयुक्त हुन सक्ने शब्दकोश लेखनको आवश्यकतालाई ध्यानमा राखी आगामी दिनमा त्यस्तो शब्दकोश निर्माण गर्न सकियोस् भन्ने कुरालाई मध्यनजर राख्दै यो नमुना शब्दकोश तयार गरिएको छ । प्रस्तुत अनुसन्धानका क्रममा देखा पर्न सक्ने समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छः

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकभित्र विभिन्न विद्यामा रही के कस्ता शब्दहरू रहेका छन् ?

ख) विभिन्न विधामा रहेका शब्दलाई अध्ययनरत विद्यार्थीको स्तर अनुकुल शब्दकोश कसरी निर्माण गर्न सकिन्छ ?

ग) सङ्कलित शब्दलाई सरल शब्द र कठिन शब्दमा छुट्टयाएर वर्णानुक्रममा राखी कक्षा सातको पाठ्यपुस्तकका विभिन्न विधामा रहेका कठिन शब्दको शब्दकोश कसरी निर्माण गर्न सकिन्छ ?

## शोधको उद्देश्य

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकको विभिन्न विधाभित्र रहेका तथा प्रयुक्त अर्थका दृष्टिले स्तर सुहाउँदा कठिन शब्दहरू छनोट गरी सङ्कलन गर्नु ।

ख) सङ्कलित शब्दलाई वर्णानुक्रममा राखी कक्षा सातका बालबालिकाको स्तर सुहाउँदो एउटा नमुना शब्दकोश निर्माण गर्नु ।

ग) सङ्कलित शब्दको स्रोत, व्युत्पत्ति, शब्दवर्ग र अर्थलाई समावेश गर्नु ।

## अध्ययनको औचित्य

पुरानो ज्ञानको आधारशीलामा उभिएर नवीन तथा गहन ज्ञानको खोजी गर्ने कार्य नै वास्तवमा शोध हो । कुनै पनि क्षेत्र वा विषयवस्तुको अध्ययन विश्लेषण गर्ने महत्त्वपूर्ण कार्य शोध भएकाले यो जटिल हुन्छ। अध्ययन अनुसन्धानको आ-आफ्नो महत्त्व रहेको हुन्छ। औचित्य बिना कुनै पनि कार्यको थालनी नगरिए जस्तै शोधका क्षेत्रमा पनि, यसको आफ्नै महत्व रहेको छ। शोधका निम्ति धेरै श्रम, समय र साधन खर्च हुने भएकाले यो कार्य सैद्धान्तिक र व्यावहारिक रूपमा औचित्यपूर्ण, उपयोगी र महत्त्वपूर्ण हुन नितान्त आवश्यक रहेको छ ।

शब्दकोश सम्बन्धित भाषाका शब्दहरूको भण्डार हो । यसमा शब्द सम्बन्धी विविध सूचनालाई क्रमबद्ध र व्यवस्थित रूपमा प्रस्तुत गरिएको हुन्छ । त्यसैले भाषाको शब्दकोश त्यस भाषाको मानक ग्रन्थ हो ।

शब्दकोशले मूलतः शब्दस्रोत, शब्दवर्ग, अर्थ, प्रयोग आदि प्रष्ट्याउन अध्ययन अध्यापनलाई सहजता प्रदान गर्न र पाठ्यक्रमले राखेका सक्षमताहरू हासिल गर्न सहयोग पुऱ्याउने भएकाले शिक्षक विद्यार्थी तथा सम्पूर्ण पाठकवर्गमा यसको खाँचो पर्दछ र नेपाली भाषामा प्रशस्त रूपमा शब्दकोशरु प्रकाशित भएका छन् तथा तिनले कुनै न कुनै रूपमा सम्बन्धित पक्षमा सहयोग पनि पुऱ्याएका छन् तर यति हुँदाहुँदै पनि वर्णविन्यासका क्षेत्रमा भएको परिवर्तनले शिक्षक र विद्यार्थी दुवै अलमलमा परेका छन् । वर्णविन्यासमा भएको परिवर्तनलाई आत्मासात् गर्दै गरी सोहीअनुसार कक्षा सातको नेपाली किताबका विभिन्न विधामा प्रयुक्त ५०० कठिन शब्द सङ्कलन गरी शब्दकोश निर्मण गर्न र भावी शब्दकोश निर्माता तथा सम्पादकलाई पनि भाषाशिक्षणका दृष्टिले उपयुक्त हुने शब्दकोश निर्माण गर्न समेत यसले प्रेरणा प्रदान गर्न सक्ने भएकाले यस अध्ययनको औचित्य महत्त्वपूर्ण पुष्टि भएको छ ।

## अध्ययनको परिसीमा

अनुसन्धान कार्य आफैंमा एक गहन, महत्त्वपूर्ण तथा बोझिलो कार्य हो । त्यसैले अनुसन्धान कार्य गर्दा सबै क्षेत्रमा पुगेर वा सबै क्षेत्रलाई समेटेर गर्न संभव हुँदैन सोहीकारण यसको सीमाङ्कन गर्नु उचित हुन्छ। यसरी अनुसन्धान गर्दा कुन विषय, क्षेत्र र समय आदिको सुरुवातमै किटान गर्नुपर्छ। यसरी सीमाङ्कन कार्यले अनुसन्धानकर्तालाई एउटा

निश्चित दिशामा अनुसन्धान कार्य गर्न स्पष्ट निर्देशन प्रदान गर्दछ। यस *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*मा माध्यमिक तहका बालबालिकालाई उपयुक्त हुने ५०० शब्दको छनोट गरिएको छ। शब्दको प्रविष्टि दिँदा वर्णानुक्रमको मर्यादालाई अङ्गीकार गरिएको छ। यसका सीमाहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

क) प्रस्तुत शोध *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश* निर्माणमा मात्र सीमित रहेको छ।

ख) प्रस्तुत शोधमा ५०० वटा शब्द राखिएको छ।

ग) प्रस्तुत शोध कक्षा सातका विद्यार्थीको स्तर सुहाउँदा कठिन शब्द राखिएको छ।

घ) प्रस्तुत शोधमा कक्षा सातको नेपाली किताबको कविता, कथा, निबन्ध र जीवनी विधामा प्रयुक्त अर्थका दृष्टिले स्तर अनुकुल कठिन शब्दहरू सङ्कलन गरिएको छ।

ङ) सङ्कलित शब्दलाई वर्णानुक्रममा राखिएको छ।

च) प्रस्तुत शोधमा सङ्कलित शब्दको स्रोत, व्युत्पत्ति, शब्दवर्ग र अर्थमा मात्र सीमित रहेको छ।

छ) प्रस्तुत शोध नेपाली बृहत् शब्दकोश (२०४०) मा आधारित रहेर निर्माण गरिएको छ।

## शोधको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई व्यवस्थित तुल्याउनका लागि शोधकार्यलाई चार अध्यायमा विभाजन गरी निम्नानुसार रूपरेखामा प्रस्तुत गरिएको छ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता र शब्दकोशको सैद्धान्तिक अवधारणा

अध्याय तिन : अनुसन्धान विधि

अध्याय चार : *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*को प्रस्तुति।

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

# अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

अनुसन्धानकर्तालाई आफ्नो अनुसन्धानको सीमा निर्धारण गर्न तथा कुनै पनि कार्यको औचित्यपूर्ण सफलता प्राप्तिका लागि पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यसले अनुसन्धानको समस्या परिभाषित गर्न तथा उद्देश्य स्पष्ट पार्न सहयोग गर्दछ। साथै पूर्वकार्यले कुनै पनि अध्ययन अनुसन्धानको प्रारम्भिक मार्गनिर्देशन गर्दछ। यस भन्दा अगाडि सम्बन्धित विषयमा के कति अध्ययन कार्यहरू सम्पन्न भएका छन् ? तथा तिनीहरूले के कस्तो निष्कर्श दिएका छन् ? आदि कुराको जानकारीबाट आफ्नो अध्ययनलाई पनि सैद्धान्तिक पृष्ठभूमि प्राप्त हुने देखिन्छ। विज्ञान र प्रविधिको बढ्दो विकाससँगै हरेक क्षण विकास भएको नयाँ-नयाँ शब्दहरू पनि थप्न पाइने हुनाले यसै परिप्रेक्ष्यमा अध्ययन अनुसन्धानलाई अलग राख्न सकिँदैन ।

नेपाली भाषामा शब्दकोश प्रकाशको इतिहास प्रति लामो छैन त्यसमा पनि विद्यालय तहमा अध्ययन अध्यापन गर्न चाहनेका लागि उपयोगी हुने तहगत, कक्षागत वा विषयगत शब्दकोश पनि त्यति धेरै मात्रमा निर्माण हुन सकिरहेको छैन। यहाँ मूलतः विद्यालय तहमा प्रयोग आई रहेका वा आउन सक्ने एकभाषिक, द्विभाषिक र बहुभाषिक शब्दकोशसँग निकट रहेर यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक ढाँचाको पुनरावलोकन अध्ययन र यससँग सम्बन्धित क्षेत्रका साहित्यिक पुनरावलोकनलाई खोजी गर्ने प्रयास गरिएको छ ।

डब्लु. जे. कर्क पेट्रिक (१८११) मा डब्लु.जे.कर्क पेट्रिकले लण्डनबाट प्रकाशित आफ्नो *एन एकाउन्ट अफ टि किङ्डम अफ नेपाल* भन्ने कृतिको अन्त्यमा आफूले सङ्कलन गरेका नेपली, नेवारी र अङ्ग्रेजी शब्दहरूको सूची दिएका छन् । नेपालीको नाम पर्वती भनेर उल्लेख गर्दै उक्त कृतिमा नेपालका आठवटा भाषाको चर्चा गरेका छन् । अर्थका लागि अङ्ग्रेजी शब्द दिएर त्यसका साथमा नेपाली र नेवारी शब्दलाई वर्णानुक्रममा नभई विषयनुक्रममा सुचीबद्ध रूपमा आवद्ध गराएका छन् । यो शब्दसुचीका रूपमा रहेको आर्थी क्रममा आधारित त्रिभाषी भाषा र नेपालीलाई लक्ष्य भाषाका रूपमा भाषा र नेपालीलाई लक्ष्य भाषाका रूपमा लिएका छन् ।

डेनियल राइट (१८७७) ले *हिस्ट्री अफ नेपाल* नामक कृतिको परिशिष्टमा अङ्ग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दहरूलाई पनि सङ्ग्रहित गरेको पाइन्छ। यसमा नेपाली भाषालाई 'पर्वतीया' भाषा भनी शब्दहरूको सुचीमा दिएका छन् ।

पादरी र टर्नुवल (१८८७) को *नेपाली ग्रामर एण्ड भोकाबुलरी* भन्ने अङ्ग्रेजी शब्दावली भएको पुस्तक प्रकाशित भएको छ। यस कृतिले नेपाली कोशीय प्रारूप प्रस्तुत गरी नेपाली कोश विद्यानमा नवप्रर्वतन गरेको छ। यो कृति पाश्चात्य कोश विधानसँग सान्निध्य राख्ने पहिलो नमुना नेपाली कोशात्मक कृति हो ।

नेपाल प्रज्ञाप्रतिष्ठान (२०४०) द्वारा प्रकाशित *नेपाली बृहत शब्दकोश* अहिलेसम्मकै आधिकारिक शब्दकोश मानिन्छ। अझै पनि कतिपय विद्यालयहरूमा सरकारी शब्दकोश भएर पनि होला यस कोशमा सङ्गृहित शब्दहरू जसको हिज्जेमा परिवर्तन आए तापनि स्थापित नियम बसालिसके तापनि यसैलाई आधार मानिरहेको पाइन्छ। *नेपाली बृहत शब्दकोश* (२०४०) ले शब्दवर्ग, शब्दको स्रोत, पर्यायवाची शब्द र त्यस शब्दबाट बन्ने अन्य वर्गका शब्दहरू पनि दिएको छ। यिनका अतिरिक्त यस कोशले संस्कृतका शब्द बाहेकका कतिपय शब्दहरूको व्युत्पत्ति पनि दिएको छ। यस कोशलाई नै नेपाली शब्दकोशको इतिहासमा आधुनिक कोश मान्न सकिन्छ ।

लम्साल (२०४६) द्वारा प्रकाशित *कोशविज्ञान र नेपाली कोश* भन्ने पुस्तक पहिलो पटक प्रकाशन गरी त्यसै कृतिलाई दोस्रोपल्ट वि.स. २०५७ सालमा प्रकाशन गरेका छन् । यसमा लम्सालले कोशविज्ञानको सम्पूर्ण सैद्धान्तिक पक्षको चर्चा उदाहरणसहित गरेका छन् । आठ अध्यायमा विभाजित यस कृतिले पहिलो अध्याय विषय प्रवेशको रूपमा रहेको छ। लम्सालले तेस्रो अध्यायमा कोशको वर्गीकरण, चौथो अध्यायमा कोशको स्वरूप, पाँचौंमा कोशसम्पादन, प्रक्रिया, छैटौं अध्यायमा भाषा सङ्ख्यापरक कोश र यसका समस्या, सातौं नेपाली कोशको ऐतिहासिक विकाक्रम र आठौं तथा अन्तिम अध्यायमा नेपाली कोशका प्रकारः सामान्य चर्चा गरेका छन् ।

नेपालद्वारा प्रकाशित *नेपाली शब्दसागर* (२०७०) पनि अर्को महत्त्वपूर्ण शब्दकोश हो। कोशकार शर्माले यस कोशलाई सोपपत्ति कोश भनेका छन्। यो शब्दकोशभन्दा पनि शब्द सङ्ग्रहका रूपमा रहेको छ। नेपाली भाषामा प्रकाशित यो नै सबैभन्दा ठुलो एक भाषिक कोश हो। नेपालकै सानो नेपाली शब्दसागर पनि अर्को विद्यार्थीहरूका लागि

उपयोगी हुने देखिन्छ। कोशकार शर्माले यस पुस्तकले विद्यालय र विश्वविद्यालयका विद्यार्थीलाई पूरा सहयोग गर्ने तथा त्यसो भएछ भने आफ्नो श्रम सफल भएको ठानेर कृतकृत्य रहने कुरा बताएका छन्।

अधिकारी र भट्टराई (२०६१) ले द्वारा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश नेपाली बृहत शब्दकोश* (२०४०) लाई उछिनेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्दोच्चारण, शब्दवर्ग, व्युत्पत्ति, पर्याय विपर्याय दिँदै शब्दको वाक्यमा प्रयोगसमेत गरिदिएर शैक्षणिक किसिमको शब्दकोश लेखन कार्यको सुरुवात गरेको देखिन्छ। यसले एकातिर नेपाली सिक्न थालेका विदेशीहरूलाई समेत उचित सहयोग पुऱ्याउने देखिन्छ भने अर्कातिर यो कोश आफैँ एउटा अर्न्तराष्ट्रिय स्तरको नेपाली शब्दकोश हो भन्न पनि सकिन्छ।

नेपाली भाषामा भर्खरैदेखि मात्र विभिन्न तह र कक्षाका लागि शब्दकोश लेख्ने कार्य सुरु हुन थालेको  छ। यसैक्रममा प्रेमप्रसाद भट्टराई (२०६७) द्वारा एम.एड. अध्ययनका क्रममा तयार पार्नुभएको शोधपत्र 'प्रारम्भिक नमुना नेपाली' यस कार्यमा लागि कोशेढुङ्गा सावित भएको छ। भट्टराईको अप्रकाशित शोधले नेपाली भाषामा विद्यालय तहको प्राथमिक कक्षाका लागि उपयोगी हुने किसिमका शब्दहरू सङ्कलन गरी ती शब्दको उच्चारण, स्रोत, अर्थ, बनोट शब्दवर्ग, पर्याय, विपर्याय र प्रयोगमा समेत सचेतना अपनाएको देखिन्छ।

भट्टराई (२०६७) द्वारा आरम्भ गरेको तहगत कोशलेखनभन्दा फरक रहेर चेतनाथ पौडेलले पनि एम.एड अध्ययनका क्रममा स्नातकोत्तर उपाधिका लागि तयार पार्नुभएको *कक्षा छ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश (२०७०)* को वर्णविन्यासका क्षेत्रमा भएको परिवर्तनलाई आत्मसाथ गर्दै शब्द र अर्थलाई वर्णानुक्रममा राखेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्द वर्ग, व्युत्पत्ति, विपर्याय दिँदै वाक्यमा प्रयोग समेत गरिदिएर शैक्षिक किसिमको शब्दकोश लेखनकार्यलाई प्राथमिकता दिएको पाइन्छ र यो परिवर्तित सन्दर्भमा कक्षा छमा प्रयुक्त वर्णाविन्यासमा आधारित हुने भएकाले यही अर्थमा यो कोश अन्य कोशभन्दा पृथक् हुने देखिन्छ।।

उपर्युक्त शब्दकोशहरू अधिकांश सामान्य प्रयोजनका लागि जस्ता देखिन्छन् भने केही अप्रकाशित शब्दकोशले विद्यालयस्तरका विद्यार्थीहरूलाई केन्द्रमा राखेको देखिन्छ। वर्णविन्यासका क्षेत्रमा भएको परिवर्तनलाई आतमसात् गर्दै शब्द र अर्थलाई वर्णानुक्रममा

राखेर प्रस्तुत गर्नु कक्षा सातको हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशको उद्देश्य रहेको छ र यो परिवर्तित सन्दर्भमा कक्षा सातमा प्रयुक्त वर्णविन्यासमा आधारित हुने भएकाले यही अर्थमा अन्य कोशभन्दा यो पृथक् रहेको छ ।

## पूर्वकार्यको उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको थालनी गर्नुभन्दा अघि सो विषयमा आधारित भएर गरिएका अन्य अनुसन्धान तथा त्यस अनुसन्धानसँग मेल खाने अन्य विषयवस्तुको अध्ययन गर्नु अत्यन्त आवश्यक हुन्छ। यो अनुसन्धान शब्दकोशसँग सम्बन्धित भएकाले धेरैजसो शब्दकोशसँग सम्बन्धित प्राप्त भएसम्मका सामग्रीको अध्ययन गरिएको छ। यस अनुसन्धानका निम्ति आवश्यक पूर्व अनुसन्धान, विभिन्न प्रकारका शब्दकोश र शब्दकोशसँग सम्बन्धित पुस्तकहरूको शब्दकोश निर्माण कार्यमा धेरै सहयोग पुग्ने देखिन्छ । त्यसैले यस्ता कृतिहरूलाई यहाँ विशेष प्राथमिकता दिइएको छ । मैले पूर्वकार्य अध्ययनलाई अनुसन्धानका क्रममा बाटो देखाउने सहयात्री भएको छ ।

## सैद्धान्तिक अवधारणा

कुनै पनि भाषामा रहेका शब्दहरूलाई क्रमिकताका साथ मिलाएर उपयुक्त अर्थ प्रदान गर्न सघाउ पुऱ्याउने तथा शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित गरी बनाइएको कोश वा ग्रन्थलाई शब्दकोश भनिन्छ। सन्दर्भगत अर्थमा शब्दहरूको सङ्ग्रह नै शब्दकोश हो। शब्दकोशमा शब्दको सुची मात्र नभएर शब्दसम्बन्धी विविध पक्ष तथा उखानटुक्काहरू जस्ता पदावली र वाक्यरचना, उदाहरण जस्ता शब्दका बृहतर एकाइहरू एवम् धातु, व्युत्पादन र रूपायन जस्ता शब्दतलका लघुत्तर भाषिक एकाइहरू पनि समावेश गरिएका हुन्छन् । परम्परागत अर्थमा शब्दसुचीमा सीमित भएको ‘शब्दकोश’ अर्थविस्तार गर्दै व्यापक अर्थमा उक्लिएको छ। शब्दकोशका लागि प्रयुक्त अङ्ग्रेजीको ‘डिक्सनरी’ र ‘लोक्सिकन’ शब्द क्रमशः ग्रिक र ल्याटिन मूलबाट ‘शब्दसङ्ग्रह’ भन्ने मूल अर्थ लिई विकास भएको देखिएबाट अङ्ग्रेजीमा पनि व्यापक र सीमित अर्थमा यसको प्रयोग रहेको स्पष्ट हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ः ४८) । कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि खुलाएर उही वा अन्य भाषाका अर्थ पर्याय, विशेषता आखि लेखिएको ग्रन्थ (नेपाली बृहत शब्दकोश, २०४० : १२५३) लाई शब्दकोश भनिन्छ अर्थात् भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको अर्थ स्रोत, प्रयोग आदि सूचनालाई

व्यवस्थित रुवमा प्रस्तुत गरिएको ग्रन्थ (प्रयोगात्मक नेपाली शब्दकोश २०६१:९३५) हो । भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेख्य भूमिका रहेको हुन्छ । शब्दकोशको सम्पादन तथा प्रकाशनले नेपाली भाषाको स्तरीकरण गर्न सहयोग प्राप्त हुने हुन्छ (लामिछाने, २०६५ : ३१८) ।

नेपाली कोश निर्माणको थालनी नेपाली भाषाभाषीहरूसँग अङ्ग्रेजीहरूको सम्पर्क हुन थालेपछि शुरु भएको पाइन्छ । नेपाली शब्दकोश निर्माण गर्ने पहिलो व्यक्ति डब्लु. जे. कर्कपेट्रिक हुन् । कर्कपेट्रिकले 'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल' (An Account of the kingdom of Nepal) नामको बहुभाषिक शब्दकोश सन् १८११ मा प्रकाशित गरेका हुन । यसरी प्रारम्भ भएको नेपाली कोशनिर्माणको परम्परालाई ट्यानियल राइटको सन् १८७७ को (हिस्ट्री अफ नेपालको) परिशिष्टमा दिइएको नेपाली शब्दहरूको सुचीले अगाडि बढाएको पाइन्छ । राइटको यो कृतिमा अङ्ग्रेजी, नेपाली साथै नेवारी भाषाका दुई सय जति शब्दको सुची अङ्कन पाइन्छ । दार्जिलिङमा बस्ने टर्नबुल नामक एक पादरीले सन् १८८७ मा प्रकाशित (नेपाली व्याकरण र शब्दवली) नामक कृतिले नेपाली कोशीय स्वरूप प्राप्त गरेको पाइन्छ ।

वि.सं. १९९८ मा प्रकाशित चक्रपाणि चालिसेको 'बगली कोश'बाट नेपाली एकभाषिक कोशको आधुनिक काल प्रारम्भ हुन्छ । नेपाली एकभाषिक कोशलाई जीवन्तता प्रदान गर्ने क्रममा बालचन्द्र शर्माको 'नेपाली सुशब्दकोश' र अन्यको नेपाली बृहत् शब्दकोश (२०४०) । बसन्तकुमार शर्मा⁄ नेपालको 'नेपाली शब्दसागर २०५७', हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको 'प्रयोगात्मक नेपाली शब्दकोश २०६१', नरेन्द्र चापागाईको 'नेपाली शब्दभण्डार २०६२', आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । शब्दकोश निर्माण गर्नु कुनै चानचुने काम होइन । यो एउटा ज्यादै कठिन र चुनौतिपूर्ण कार्य हो । विज्ञान र प्रविधिका कारण नेपाली भाषामा दिनानुदिन नवीन शब्दहरूले प्रविष्टि पाइरहेका साथै ज्ञानको भण्डारमा दिनप्रतिदिन वृद्धि भइरहेको छ । यसरी ती नयाँ शब्दहरू र बढिरहेको ज्ञानको क्षेत्र अनुरूपका शब्दहरू समेट्दै कोशलाई अद्यावधिक बनाउनु पक्कै पनि कठिन हुन्छ ।

## शब्दकोशका प्रकारहरू

शब्दकोशको पृष्ठभूमिमा वर्गीकरणका विविध आधारहरूलाई प्रस्तुत गर्दै कोशको वर्गीकरण यसप्रकार गर्नु उपयुक्त हुन्छ ।

**क) भाषा** सङ्ख्याका **आधारमा**

कोशमा प्रयुक्त भाषा सङ्ख्याका आधारमा एकभाषी, द्विभाषी, बहुभाषी गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

**अ. एकभभाषी कोश** : एक भाषामा मात्र तयार गरिएको अर्थात् जुन भाषामा शब्द प्रविष्टि भएको छ त्यही भाषामा त्यसको अर्थ, प्रयोग तथा उदाहरण प्रयोग गरिएको कोश एकभाषि कोश हो, जस्तै : 'नेपाली बृहत शब्दकोश' (२०४०) ।

**आ. द्विभाषिक कोश** : दुई भाषामा आधारित अर्थात् दुईवटा भाषासम्बन्धी सूचनाहरू प्रस्तुत भएको कोश द्विभाषिक कोश हो, जस्तैः 'अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश' (२०३३) इ. दुईभन्दा बढी भाषा प्रयोग भएको कोश बहुभाषिक कोश हो, जस्तै : डेनियल राइटको 'हिस्ट्री अफ नेपाल' (१८७७) ।

**ख) स्वरूपका आधारमा**

**अ. भाषापरक कोश** : विशुद्ध भाषिक पक्षमा केन्द्रित भई निर्माण गरिएको कोशलाई भाषापरक कोश भनिन्छ, जस्तै : चक्रपाणि चालिसकेको 'नेपाली पर्यायवाची कोश' (१९९८) ।

**आ. ज्ञानपरक कोश** : भाषा बाहेक ज्ञानपक्षलाई पनि जोड दिएर निर्माण गरिएको कोशलाई ज्ञानपरक कोश भनिन्छ, जस्तै : 'विश्वकोश', 'इन्साइक्लोपिडिया', 'बृहत सामान्य ज्ञान' ।

**ग) समयका आधारमा**

**अ. समकालिक/एककालिक कोश** : कुनै भाषाको कुनै एक समयमा पाइने शब्द र अर्थमा केन्द्रित भएर निर्माण गरिएको कोश समकालिक/एककालिक कोश हो, जस्तै : चक्रपाणि चालिसेको 'बगलीकोश' (१९९८) ।

**आ. ऐतिहासिक/कालक्रामिक कोश** : भाषाको सबै कालखण्डमा प्रयुक्त शब्द र अर्थमा आधारित भएर निर्माण गरिएको कोश ऐतिहासिक कालक्रामिक कोश हो, जस्तै : 'अक्सफोर्ड डिक्सनरी' ।

**घ) प्रविष्टि अनुक्रमका आधारमा**

**अ. वर्णानुक्रम कोश** : वर्णका आधारमा शब्दहरू राखी निर्माण गरिएको कोशलाई वर्णानुक्रम कोश भनिन्छ, जस्तै : 'नेपाली बृहत शब्दकोश' (२०४०) ।

**आ. विषयानुक्रमिक कोश** : विषयलाई मुख्य आधार मानेर तयार गरिने कोशलाई विषयनुक्रमिक कोश भनिन्छ । यस्ता कोशमा शब्दलाई शरीर वर्ग, पशुपंक्षी वर्ग जस्ता वर्गमा छुट्याइन्छ, जस्तै : अङ्ग्रेजीमा रोजेट्सको 'थेसारस' ।

**इ. मिश्रित कोश** : वर्णानुक्रम र विषयत्रुक्रम दुवै किसिमका अनुक्रम उपयोग गरी बनाइएको कोशलाई मिश्रित कोश भनिन्छ, जस्तै : 'नेपाली प्रर्यायवाची कोश' (१९९८) ।

**ङ) प्रयोजनका आधारमा**

**अ. मानक कोश** : भाषाको स्तरीय शब्दभण्डारमा केन्द्रित भई तयार गरिने कोशलाई मानक कोश भनिछ, जस्तै : 'नेपाली बृहत शब्दकोश (२०४०) ।

**आ. सन्दर्भपरक कोश** : वर्णनात्मक भाषाविज्ञानको सिद्धान्तलाई पछ्याएर भाषाका समग्र शब्दभण्डारलाई समेट्ने दृष्टिले निर्माण गरिएको सन्दर्भपरक कोश भनिन्छ ।

**च) प्रयोक्ताका आधारमा**

**अ. प्राज्ञिक कोश** : बौद्धिक विकास तथा अनुसन्धानपरक अध्ययनका लागि तयार गरिएका कोशहरूलाई प्राज्ञिक कोश भनिन्छ, जस्तै : टर्नरको 'नेपाली भाषाको तुलानात्मक र व्युत्पत्तिपरक शब्दकोश' (१९३१) ।

**आ. शिक्षार्थी कोश** : विद्यार्थीहरूको अध्ययनको खास चरणमा केन्द्रित भई तिनीहरूका लागि उययोगी हुने ढङ्गले निर्माण गरिएको कोश शिक्षार्थी कोश हो, जस्तै : कृष्णप्रसाद न्यौपाने र अन्यले निर्माण गरेको 'उपयोगी नेपाली शब्दकोश र रचना' (२०६१) ।

**छ) प्रविष्टि क्षेत्रका आधारमा कोश**

**अ. सामान्य कोश** : सामान्य प्रयोजनका लागि निर्माण गरिएका कोश सामान्य कोश हुन्, जस्तै : 'नेपाली बृहत शब्दकोश' (२०४०) ।

**आ. विशेष कोश** : कुनै पनि भाषाको कुनै खास क्षेत्रलाई समेटेर तयार गरिएको कोश विशेष कोश हो, जस्तै : हेमचन्द्र पोखरेलको 'शाकुन्तल शब्दार्थ सञ्चयकोश' (२०४९) हरि दाहालको 'कृषिविज्ञान शब्दकोश' शंकर कुमार श्रेष्ठको 'कानुनी शब्दकोश' आदि । विशेष कोशमा देहाय विभिन्न प्रकृतिका कोशहरू पर्दछन् ।

१. **उच्चारण कोश** : भाषाको शब्दहरूको स्तरीय उच्चारण सम्बन्धी सूचना दिइएको कोश उच्चारण कोश हो (भण्डारी, घिमिरे र नेपाल, २०५८ : ६०) ।

२. **प्राविधिक कोश** : प्रत्येक ज्ञान-विज्ञान र प्रविधिका विशिष्ट क्षेत्रसँग सम्बन्धित कोश प्राविधिक कोश हो ।

३. **व्युत्पत्तिमूलक कोश** : भाषाका शब्दहरूको विकासक्रम साथै बनोट र व्युत्पादन पक्षका सूचना प्रस्तुत गरेको कोशलाई व्युत्पत्तिमूलक कोश भनिन्छ ।

४. **पेसा-व्यवसाय-धन्दासम्बन्धि कोश** : आधुनिक युगमा विकसित विविध पेशा, धन्दा, व्यवहारिक कला आदि क्षेत्र समेटेर निर्माण गरिएको कोश पेशा-व्यवसाय-धन्दा सम्बन्धी कोश हो ।

५. **भाषिका कोश** : कुनै भाषाको भाषिकासँग सम्बन्धित कोशलाई भाषिका कोश भनिन्छ ।

६. **अवभाषा कोश** : समाजका वर्गविशेष वा समवयस्कहरूद्वारा प्रयोग गरिने भाषिक भेद अवभाषा हो । यस्तो भाषा मानकबाट विचलित वा व्याकरण विचलित हुन्छ । शिष्टभाषाको शब्दविस्तार गरी अर्कै अर्थविधान गरिन्छ र कतिपय स्थितिमा नयाँ शब्द विधान पनि गरिन्छ (लम्साल, २०५७ :४७) ।

७. **उखानटुक्का कोश** : भाषाका रुढ र विशिष्ट प्रयोग पक्षसँग सम्बन्धित उखानटुक्काहरू अभिव्यक्तिको गम्भिरता र भरिलोपनाका लागि वक्ताहरूको लामो प्रयोग परम्परा र अनुभवबाट परिनिष्ठित उपज हुन् । तसर्थ भाषाको यस्तै विशिष्ट र लोकप्रसिद्ध घटनावृत आदिसँग सम्बन्धित पदावली भएको कोश उखानटुक्टा कोश हो (भण्डारी, घिमिरे,नेपाल २०६८ : ६०) ।

८. **पर्यायवाची कोश** : एउटै शब्दका एकभन्दा बढी पर्याय शब्दहरूको खोजी र सङ्कलन गरी निर्माण गरिएको कोश पर्यायवाची कोश हो ।

९. **अभिनय कोश** :नवत्युत्पादित र नवनिर्मित शब्दहरूबारे जानकारी दिने कोशलाई अभिनय कोश भनिन्छ ।

१०. **सहप्रयोग कोश** : एउटा शब्दको निकटवर्ती भएर आउने अर्को शब्द वा पदावलीको जनकारी दिने उद्देश्यले निर्माण गरिएको कोशलाई सहप्रयोग कोश भनिन्छ ।

११. **आगन्तुक कोश** : आफ्नो भाषा र मौलिक शब्दहरूभन्दा भिन्न बनोट र प्रकृति भएका तथा विद्येशी भाषाबाट आएका शब्दहरूको सङ्कलन गरी निर्माण गरिएको कोश आगान्तुक कोश हो ।

१२. **साहित्यिक कोश** : यो साहित्यिक अध्ययनमा उपयोग गरिने परिधि पारिभाषिक शब्दावलीसम्बन्धि कोश हो (अधिकारी २०६२ : २०३०) ।

१३. **कानुनी कोश** : कानुनसम्बन्धि क्षेत्रमा प्रचलित शब्दहरू सङ्कलन गरी निर्माण गरिएको कोश कानुनी कोश हो ।

१४. **कृतिकोश** : कुनै कृति विशेषसँग सम्बन्धित भएर समस्त वा मुख्य शब्दहरू छनोट र सङ्कलन गरी निर्माण गरिने कोश कृति कोश हो ।

१५. **कृतिकार कोश** : लेखक वा कृतिकारका समस्त कृतिमा भएका मुख्य शब्द सङ्कलन गरी निर्माण गरिने कोशलाई कृतिकार कोश भनिन्छ ।

१६.**स्थाननाम कोश** : कुनै विशिष्ट स्थानको परिचय, अर्थ एवम् व्युत्पत्ति समृत दिइएको कोशलाई स्थापननाम कोश भनिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२) ।

१७. **उद्धरण कोश** : प्रसिद्ध उक्ति, सुक्ति, महावणी एवम् उद्धरणहरूमा आधारित कोशलाई उद्धरण कोश भन्ने गरिन्छ ।

१८. **सङ्क्षेप र परिवर्णी कोश** : शब्दका केही वर्णमात्र लिई अरूलाई छोडेर अपनाइएका परिवर्णी प्रकृतिका शब्दहरू सङ्कलन गरी निर्माण गरिएको कोशलाई सङ्क्षेप र परिवर्णी कोश भन्न सकिन्छ (भण्डारी, घिमिरे र नेपाल २०६८ : ६२) ।

१९. **तुक कोश** : अनुप्रासचुक्त शब्दसँग सम्बद्ध शब्दकोशलाई तुक कोश भन्ने गरिन्छ ।

## कोश निर्माण योजना

जुनसुकै कार्यको निम्ति पनि योजनाको आवश्यकता पर्दछ। कोश निर्माणजस्तो बोझिलो, खर्चिलो र महत्त्वपूर्ण कार्यको निम्ति योजना निर्माण अत्यन्तै आवश्यक देखिन्छ। कोश निर्माण गर्दा आवश्यक पर्ने पूर्वतयारीका कुरा नै कोश निर्माण योजनाअन्तर्गत पर्दछन्। निर्माण गर्न लागेको कोशको प्रकृति, प्रयोजन, महत्त्व, औचित्य, सामाग्री सङ्कलन विधि, प्रविष्टिहरूको छनोट कोशमा समावेश गरिएको सूचनाको निर्धारण आदिका बारेमा प्रस्तावना प्रस्तुत गर्नु नै खासमा कोश निर्माण योजना हो। कोश निर्माण कार्य आर्थिक दृष्टिले मात्र होइन समयका दृष्टिले पनि अत्यन्तै खर्चिलो छ। यसमा समय र धैर्यका कुवेरले धेरैबेर धर्मराउने स्थिति आउँछ (लम्साल, २०५७ :९३)।

कोश निर्माण योजना नै कार्यको निदान र व्यवस्थापनको विधान हो। शब्दकोश निर्माण दीर्घकालीन र निरन्तर प्रयासको प्रतिफल भएकाले यसलाई योजनाबद्ध ढङ्गले आगे बढाउनु जरुरी हुन्छ। यसमा पूर्वनिधारित सिद्धान्त पद्धति र ढाँचा पालनाको ठुलो महत्त्व रहन्छ। अन्यथा समय समयमा बदलिरहने सम्पादक लगायतका जनशक्तिको निर्णयले समग्र प्रक्रियामा नै असर पर्न सकिन्छ। कोशको प्रकृतिअनुसार कोश निर्माण योजना निर्धारण हुने भएकाले यस योजनाले सम्पादकका लागि मार्गदर्शकको कार्य गर्दछ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२)।

## सामग्री सङ्कलन प्रक्रिया

कोश निर्माण कार्यमा योजना तर्जुमा भएपछि महत्त्वपूर्ण र सुरुको कार्य नै सामग्री सङ्कलनको कार्य हो। सामग्री सङ्कलनको कार्य विना कोश सम्पादन अघि बढ्न सक्दैन। शब्दकोशको प्रकृतिअनुसार सामग्री सङ्कलन गरी त्यसलाई व्यवस्थित ढङ्गबाट अघि बढाउनु पर्दछ। कोशका निम्ति सामग्री सङ्कलन गर्दा विशेषतः लिखित र मौखिक, दुवै भाषालाई अपनाइन्छ। मौखिक भाषा र लिखित भाषाबाट सामग्री सङ्कलन गर्दा निकै फरक पर्दछ। यसरी कोशको प्रकृति र प्रयोजनअनुसार शब्दहरूको सङ्कलन प्रक्रिया र तिनको छनोटमा विविधता पाइन्छ। विशेषतः प्रयोक्ताको अपेक्षाअनुसार अहिले अनेक किसिमका कोशहरूको निर्माण गर्ने प्रचलन बढेको छ तापनि मुख्यतः अलिखित स्रोत र लिखित स्रोतबाट शब्दहरूको सङ्कलन गर्ने तरिकामा भिन्नता रहने गर्दछ (अधिकारी, २०६२ : २०७)। को कोश निर्माणका लागि सामग्री सङ्कलन निम्न दुई तरिकाबाट गरिन्छ।

### क) लिखित स्रोत भाषा

लिखित स्रोतको भाषामा शब्दकोश निर्माण गर्दा प्रकार र प्रयोजनले प्रभाव पारेको हुन्छ। प्रकाशित र अप्रकाशित दुवै किसिमका सामग्रीहरूको प्रयोगका क्रममा यदि कोश ऐतिहासिक भए प्राचीनकालदेखि वर्तमानकालसम्म उपलब्ध सामग्री जम्मा गरिन्छ। वर्णनात्मक/समकालिक कोश निर्माण गर्दा लिखित स्रोतका आधुनिक साहित्यबाट सामग्री सङ्कलन गरिन्छ। समसामयिक सन्दर्भका रेडियो, पत्रपत्रिका, टेलिभिजन जस्ता सञ्चारजगत्मा प्रयुक्त भाषा एवं विज्ञान मानविकी तथा समाजिकशास्त्र आदि विविध क्षेत्रका साहित्यबाट सामग्री सङ्कलन गरिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६५)।

### ख) मौखिक स्रोत भाषा

सामग्री सङ्कलनका लागि छानिएका प्रतिनिधि सूचकहरूलाई कोशीय एकाई सम्बन्धी अत्यावश्यक पक्षका बारेमा प्रश्नावलीमा नै उल्लेख गर्न लगाउनु पर्छ सम्बन्धित भाषाका अप्रचलित र असम्बन्धित शब्दहरू, अज्ञात र अस्वभाविक अर्थ दिने नवीन शब्दहरू, प्रदेशिक र स्थानीय रङ्ग नजनाउने शब्दहरू, शब्दको प्रकार्यात्मक अर्थ आदिमा सम्बन्धित कोशमा अत्यन्तै सचेत भई सर्तकता अपाउनुपर्छ। यस्ता कोशमा शब्दको सूची मात्र नभई तिनको अर्थ, सन्दर्भ र सन्दर्भपूर्ण प्रयोग समेत गर्नु समीचिन ठहरिन्छ (भण्डारी, घिमिरे र नेपला,२०६८ : ६२)।

## शब्दकोशको स्वरूप

कोशको स्वरूपमा कोशीय विशेषताहरूको संयोजन गरी प्रयोगपरक बनाउने उद्देश्य राखी पाठकलाई सहज किसिमले सामग्री उपलब्ध गर्ने कार्य गरिन्छ। कोश कस्तो हुन्छ वा कसरी बनेको हुन्छ भन्ने कुरालाई कोशको स्वरूपले दर्साएको हुन्छ। उपभोक्ताका लागि कोशीय सूचनासम्बन्धी स्पष्ट र सुनिश्चित सन्दर्भग्रन्थ नै शब्दकोश हुने भएकाले यसलाई संक्षिप्त र स्पष्ट बनाउन विभिन्न समुचित सामग्रीहरूको आवश्कता पर्दछ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ६२)।

शब्दकोशका लागि सामान्य स्वरूप भनेको कोशमा सन्नियोज्य केही, सुग्राह्य, प्रचलित र प्रभावकारी यस्ता कोशीय विशेषताहरूको संयोजन हो। जसबाट कोश वा शब्दकोशहरू उययोगका दृष्टिले स्वनिर्देश सुज्ञेय, संसुच्च र सम्प्रयोज्य बन्दछन् र सम्बन्धित

उपभोक्तालाई सेशनिष्ठ समस्त सामग्री सुगमताका साथ समुपलब्ध गराउने सामर्थ्य अधिगत गर्दछन् (लम्साल, २०५७ : ५७) ।

शब्दकोशको स्वरूप कस्तो रहन्छ भन्ने कुरा यसभित्र पर्ने भएकाले विभिन्न पक्षमाथि दृष्टि दिँदा शब्दकोशको वर्गीकरण पूर्वभाग, मूलभाग र उत्तरभाग गरी तीन प्रकारले गर्न सकिन्छ ।

## पूर्वभाग

पूर्वभाग शब्दकोशको अग्रवर्ती भएर रहेको हुन्छ। यसलाई भूमिका खण्ड पनि भनिन्छ । यसभित्र शीर्षक, प्राक्कथन र भूमिका, प्रयोजन र क्षेत्र, स्रोत, कोशविधान प्रक्रिया, कोश निर्देशिका, प्रविष्टि विधान, अनेकार्थी, समरूपी उच्चारण र आलेखन, व्याकरण निर्देशन, बीजक, विवृति, प्रतिनिर्देश, व्युत्पत्ति विधान, उदाहरण संयोजन सङ्क्षेप सूची, विराम र सङकेत, चिन्हहरूको प्रयोगका सम्बन्धमा स्पष्टिकरण दिइएको हुन्छ। यो नै शब्दकोशको पूर्ववर्ती भाग हो (लम्साल, २९५७ : ५७) ।

कोशको प्रयोजन तथा प्रकृति र त्यसअनुरूपको अपेक्षित विषय अपेक्षित प्रयोक्ताको तह र आवश्यक स्तर, भाषिक प्रकृति (प्रथम भाषी वा द्वितीय भाषाभाषी) भाषिक भेद, उपभेद, प्रत्यक्ष र अप्रत्यक्ष स्रोतका सामग्रीहरू, शब्दस्रोतको चयन, वर्णविन्यास, लेखनपद्धति, प्रविष्टि चयन र क्रमको समस्या तथा समाधान, प्रविष्टिगत नियम, अर्थप्रकृति र तिनको विधान प्रकृति, शब्दगत वा अर्थगत वैशिष्ट्य (परिभाषित शब्दको सम्बन्धमा थप सूचना) ।

## मूलभाग

कोशको केन्द्रीय भाग नै मूलभाग हो । कोशको आत्मा भएको लक्ष्यसिद्धि र लक्ष्यपूर्ति यसैबाट संभव हुन्छ । मूलभागका सापेक्षतामा पूर्वभाग र उत्तरभाग परिधीय बनेका हुन्छन् । शब्दसम्बन्धी महत्त्वपूर्ण सूचनाको भण्डार नै यसै भागमा गरिने भएकाले यसलाई कोशको वास्तविक पहिचान दिने भाग भन्न सकिन्छ । यसलाई मूलभाग भन्नुको तात्पर्य कोशमा यो नै साध्य हो र यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्री सङ्कलन सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन्छन् भनी सङ्केत गर्नु हो । यसलाई केन्द्रीय वा नाभिकीय भाग पनि भन्न सकिन्छ (लम्साल, २०५७ : ६९) ।

यसैभित्र शब्दहरूले प्रविष्टि पाएर अर्थमा व्यक्तिले अवसर पाउँछन् शब्दको मूल प्रविष्टि, उच्चारण, स्रोत, शब्दवर्ग, पर्यायवाची र विपर्यायवाची शब्द, उदाहरण, प्रयोग, उपप्रविष्टि, बीजक, योजक, आदि चिन्हहरू यस भागभित्र पर्दछन् । शब्दकोश सम्पादन गर्दा प्रयोग गरिएका सम्पूर्ण पक्षहरू यस्मा देख्न पाइन्छ । यस भागमा शीर्षशब्द, उच्चारण र हिज्जे व्याकरण निर्देश, व्युत्पत्ति, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्का उदाहरण, चित्रङ्कन आदि सबै पक्षहरू व्यास्थानमा समेटिएका हुन्छन् । अतः कोशको मुटु भन्नु नै यसको मूलभाग हो (भट्टराई, २०६७ : १४) ।

उपयुक्त किसिमले हरेक प्रविष्टिका तीन भाग हुन्छन्: उद्देश्य र विधेय पहिलोमा शीर्षशब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश जस्ता अवयव पर्दछन् भने दोस्रोमा अर्थ, उदाहरण आदि अन्य अपशिष्ट अवयवहरू सम्मिालीत् हुन्छन् (लम्साल, २०६७ : १४६)  ।

## उत्तरभाग

यो कोशको पश्चवर्ती भाग हो । यो परिशिष्टका रूपमा रहन्छ । यसलाई कोश सम्पादनको अन्त्य भाग मानिन्छ । यसमा कोशबारे पूरकका रूपमा दिनुपर्ने थप सूचनाहरू प्रस्तुत गरिन्छ । त्यसैले यो शब्दकोशको मध्यभाग वा मूलभागका सापेक्षतामा बाह्य भाग मात्र हो (अधिकारी, २०६२ : २१२) । मूलभाग वा यसको उत्तरवर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामाग्रीहरू रहने पश्चवर्ती भाग नै कोशको उत्तरभाग हो (लम्साल, २०५७ : ८४) । कतिपयय शब्दकोशमा यसको उत्तर भागको व्यवस्था पाइँदैन तर कोशलाई स्तरीकृत बनाउन यसको आवश्यकता हुन्छ (ढकाल, २०६८ : २३३) ।

यो शब्दकोशमो पश्चवर्ती भाग हो । यो भाग परिशिष्टका रूपमा रहन्छ । खासगरी कोशको पूर्वभाग र मूलभागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू परिशिष्टाङ्गका रूपमा राखिन्छ । कतिपय कोशमा यस भागमा कोशको नालीबेली उल्लेख गरिएको हुन्छ भने कतिपयमा अनुक्रमणिका उल्लेख गरिएको हुन्छ । कतिपय कोशमा परिशिष्टको व्यवस्था नभर पनि यसलाई कोशसम्पादनको अन्तिम भाग मानिन्छ ।

## कोश सम्पादन प्रक्रिया

व्यवस्थित किसिमले कोश सम्पादन गर्ने प्रक्रियालाई कोश सम्पादन प्रक्रिया भनिन्छ। कोश सम्पादन अत्यन्त गौरवमय कार्य भए पनि निकै कष्ट, समय, श्रम र व्ययबाट साध्य अनुष्ठान हो। कोश सम्पादनका आधारभूत प्रक्रिया र विधिहरूलाई केही चरणहरूमा विभाजन गरी स्पष्ट ढङ्गले तिनको चर्चा गरिएको पाइन्छ। यिनै पृष्ठभूमिमा शब्दकोशको शुभारम्भदेखि समापनसम्मका प्रक्रियालाई कोश सम्पादन प्रक्रिया ठानी समस्त कार्यलाई तीन चरणमा विभाजन गरेर चर्चा गरिन्छ (लम्साल, २०५७ : ९५)।

**क) प्रथम चरण**

यो योजना तर्जुमा गर्ने आयोजनाको चरण हो। यसअर्न्तगत योजना, सामग्री सङ्कलन, प्रविष्टि चयन जस्ता महत्त्वपूर्ण चरण पर्दछन् जसलाई निम्नानुसर चर्चा गर्न सकिन्छ :

१. **योजना** : कोश सम्पाद कार्यको प्रमुख पक्ष योजना हो। यसभित्र सामग्री सङ्कलनको प्रक्रिया, कोश सम्पादनको भाषा, कोशको प्रयोजन प्रयोक्ता, क्षेत्र आदि जस्ता पक्षहरू समेटिन्छन्।

२. **सामग्री सङ्कलन** : सामग्री सङ्कलन कोश सम्पादन अत्यावश्यक, अभिष्ट सर्त हो। सामग्री, सङ्कलन विना कोश सम्पादन प्रक्रिया अगाडि बढाउन सकिँदैन।

३. **प्रविष्टि चयन** : कोश सम्पादनका क्रममा प्रविष्टि चयनलाई एक महत्वपूर्ण कार्य मानिन्छ। यो कार्य सामग्री सङ्कलन पश्चात गरिन्छ। कोशको मुख्य लक्ष्य नै प्रविष्टिका बारेमा जानकारी दिनु रहेकाले यसलाई कोशीय एकाई वा कोशिम पनि भनिन्छ(लम्साल २०५७ : १०३) प्रविष्टि चयनका क्रममा निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ।

**क) प्रचलित शब्द** : शब्दकोशको प्रविष्टि छनोटमा सम्बन्धित भाषाका बहुप्रचलित शब्दले नै बढी प्राथमिकता पाउने गर्दछन्। जुन शब्द प्रयोग वा व्यवहारमा बढी आवृत्त वा प्रयोगशील छन् तिनलाई शब्दकोशको प्रविष्टिमा बढी प्राथमिकता प्रदान गरिन्छ।

**ख) अप्रचलित शब्द :** पहिले कुनै समयमा प्रयोग तथा प्रचलनमा आए पनि समयको प्रवाह सँगै न्युन प्रयोग भएका शब्द अप्रचलित शब्द हुन् । यी शब्दको प्रविष्टि समसामायिक भाषामा आवश्यक हुँदैन तर ऐतिहासिक सन्दर्भ समेट्न खोज्दा भने अवश्य प्रविष्टि दिनुपर्छ ।

**ग) प्रविधिक शब्द** : प्राविधिक शब्दले विज्ञान, कला, शिल्प, प्रविधि, कृषि, कानुन आदि क्षेत्रसँग विशेष सम्बन्ध कायम गर्दछ । यस किसिमका शब्दहरूले प्रदान गर्ने अर्थ सामान्य भए सामान्य कोशमा प्रवेश दिइन्छ तर सबै प्राविधिक शब्द साधारण कोशमा समावेश गर्नु उपयुक्त हुँदैन ।

**घ) अभिनाय शब्द** : मुलुकमा हुने सामाजिक, साँस्कृतिक, राजनीतिक परिवर्तनपछि प्रयोग प्रचलनमा आउने नवीन शब्दलाई अभिनव शब्द भनिन्छ । यस्ता शब्दहरू पनि कोशमा समावेश गर्न उचित हुँदैनन् ।

**ङ) रिक्त शब्द :** अलग रूपमा प्रयोगमा नआउने तर कुनै भाषिक संरचनामा प्रयोग हुने शब्द रिक्त शब्द हो । यस्ता शब्दहरूलाई कोशमा प्रायः सन्निहित शब्दसँग राखिन्छ र मूल प्रविष्टि वा शीर्षशब्दमा राख्दा चाँहि प्रतिनिर्देश गरिन्छ ।

**च) सम्बन्धपरक शब्द :** सम्बन्धपरक शब्द कुनै निश्चित ठाउँमा मात्र प्रयोग नभई जहाँसुकै पनि प्रयोग हुन सक्छन् । सूचनासँग भन्दा यस्ता शब्दहरू पारस्परिक सम्बन्धसँग बढी प्रयुक्त हुन्छन् । शब्द पदावली जोड्ने जोडकका रूपमा यिनीहरूलाई लिइन्छ ।

**छ) प्रकार्यपरक शब्द :** भाषाको प्रयोगमा प्रशस्त आवृत्ति भइरहने शब्दहरू प्रकार्यात्मक प्रकृतिका हुन्छन् । भाषिक सम्प्रेषणका क्रममा यस्ता शब्दहरूले प्रकार्यात्मक भूमिका निभाएका हुन्छन् ।

**ज) समस्त शब्द :** विशेष अर्थ बुझाउने क्रममा समस्त शब्दलाई बेग्लै प्रविष्टिमा राख्नु उपयुक्त हुन्छ । यस्ता शब्दहरू अर्थका दृष्टिले अविभाज्य हुन्छन् ।

**झ) व्यक्तिवाचक शब्द :** व्यक्ति विशेषको परिचयका लागि प्रयोग गरिने व्यक्तिवाचक शब्दबाट सामान्य, व्यापक वा व्यङ्ग्यात्मक अर्थ प्रदान गर्ने गरी दुई वर्गमा वर्गीकरण गरिएको छ । यस्ता शब्दलाई कोशमा गौण प्रविष्टि दिइन्छ ।

ञ) **सङ्क्षेप तथा परिवर्णी शब्द :** धेरै चलन चल्तीका संघ-संस्था र कार्यको नामलाई सङ्क्षेपमा प्रयोग गरिन्छ भने कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि यस्ता शब्द प्रयुक्त हुन्छन् ।

ट) **उखान-टुक्का र उद्धरण :** कुनै पनि भाषाको मौलिकतालाई जनाउने उखान-टुक्कामा शुद्ध अर्थभन्दा विशिष्ट अर्थ व्यक्त गर्ने शक्ति रहेको हुन्छ । यस्ता उखान-टुक्का र उद्धरणलाई विशेष कोशमा बाहेक अन्य कोशमा बेग्लै प्रविष्टि नदिई गौण प्रविष्टिमा राखिएको हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७२) ।

ठ) **समुच्यात्मक अभिव्यक्ति :** समुच्यात्मक अभिव्यक्तिलाई कोशीय प्रविष्टि दिँदा उखानटुक्का सरह नै राखिन्छ । एकीकृत रूपमा अर्थ प्रवाह गर्ने यस्ता शब्दको गौण प्रविष्टि स्वीकार्य छ, जस्तै : युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार, शिक्षा विभाग ।

ड) **निपात :** निपात स्वतन्त्र शब्द होइनन् तथापि भाषामा मिठास थप्न यस्ता शब्दहरू प्रयुक्त हुन्छन् । स्वतन्त्र अर्थ नभएकाले नै यस्ता शब्दको कोशीय प्रविष्टिमा प्रश्न उठ्न सक्छ (लम्साल, २०५७ :१०७) ।

ढ) **वैकल्पिक प्रविष्टि :** अर्थ उही भएर पनि एउटा शब्दको एकभन्दा बढी वैकल्पिक रूपहरू प्रचलित हुन्छन् । यस्ता शब्दलाई एकभन्दा बढी वर्णानुक्रममा शब्दकोशमा प्रविष्टि दिइन्छ, जस्तै : सम्फनु/सम्भिनु, बिसौनी/बिसाउनी, दुवै/दुबै आदि ।

**ख) दोस्रो चरण**

कोश सम्पादनको यस चरणलाई प्रविष्टि विधानको चरण भनिन्छ । यहाँ कोशीय एकाई र त्यससम्बन्धी वितरणको प्रस्तुती हुन्छ । कोशका सन्दर्भमा प्रस्तुत प्रविष्टिलाई मुख्यतः उद्देश्य र विद्येय गति दुई खण्डमा विभाजन गर्न सकिन्छ । प्रविष्टिअन्तर्गतको उद्देश्य खण्डमा शीर्षशब्द, हिज्जे, उच्चारण र व्याकरण निर्देश पर्दछन् भने विधेय खण्डमा अर्थ, व्युत्पत्ति, उदाहरण उखान-टुक्का आदि विवरणहरू पर्दछन् (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७३) यसका विषयमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

अ. **शीर्षशब्द :** यो कोशको मुख्य एकाई हो । यसलाई प्रविष्टि शब्द पनि भनिन्छ शीर्ष शब्दमा शब्दको आधार रूप (मूल रूप) दिइन्छ, जस्तै : म- सर्वनाम (षष्ठी विभक्तिको ए.व. मा मेरा)- आफु -स्वयम् ।

**आ. हिज्जे :** हरेक शब्दका बीचको व्यवस्थित विन्यासक्रमलाई हिज्जे भनिन्छ। शब्दकोशमा हिज्जेको उच्च स्थान रहेको छ।

**इ. उच्चारण :** उच्चारण भाषाको कथ्य रूपसँग सम्बन्धित पक्ष हो। नेपाली भाषालाई पहिलो भाषाको रूपमा प्रयोग गर्नेलाई भन्दा इतर नेपाली भाषीलाई समेट्न तथा लेख्य भाषाबाट अनियन्त्रित शब्दको उच्चारणको उपलब्ध गराउन कतिपय शब्दमा उच्चारण निर्देश अत्यावश्यक देखिन्छ।

**ई. व्याकरण निर्देश :** कुनै पनि शब्दले कोशीय अर्थबाहेक खास किसिमको व्याकरणात्मक कार्य सम्पन्न गर्ने हुन्छ। कोशीय प्रविष्टिका सम्दर्भमा व्याकरण निर्देश गर्ने प्रचलन उद्देश्य विद्येय दुवै भागमा पाइन्छ। व्याकरणको निर्देश गर्दा संक्षेपमा गरिन्छ, जस्तै : मोटो- वि -बहु/ति.मोटा, स्त्री :मेटी हेय : मोटे।

**उ. व्युत्पत्ति :** व्युत्पत्तिले खास शब्द कुन स्रोतबाट आएको हो र त्यसको पूर्वस्वरूप वा मूल कस्तो थियो भन्ने कुराको सूचना दिने गर्दछ। प्रविष्टिमा आएको शब्द व्युत्पत्ति भए त्यसको व्युत्पन्न प्रक्रियालाई पनि सङ्केत गर्नु समीयिन देखिन्छ। प्रविष्टिको अर्थभन्दा अगाडि सङ्केत गर्न सकिने यसलाई ऐतिहासिक र समकालिक गरी तीन तरिकाले सुचित गर्न सकिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ :७६)।

**ऊ. अर्थविधान :** अर्थलाई भाषाको आत्मा मानिन्छ। शब्दको अर्थलाई विभिन्न ढङ्गले खुलस्त पार्नका लागि शब्दकोशले मुख्य भूमिका खेल्न सक्छ। शब्दकोशले पनि भाषाका शब्दको वास्तविक र सुस्पष्ट अर्थनिर्धारण गर्ने उद्देश्य राख्ने भएकाले अर्थ नै यसको केन्द्रीय तख भएको पुष्टि हुन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८ : ७३)। अर्थलाई कोशमा विभिन्न ढङ्गले समावेश गरिएको हुन्छ। जसलाई अर्थविधानका विधि तथा अर्थनिर्देशका विधिका रूपमा ग्रहण गरी निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**१. परिभाषीकरण :** शब्दलाई परिभाषाद्वारा चिनाउने तथा कुनै शब्दको परिभाषा दिने कार्य परिभाषीकरण हो। कोशिय शब्दहरूको धारणा स्पष्ट पार्न शब्दको परिभाषा दिने गरिन्छ, जस्तै : सुब्बेफाब्बे [< (शुभ +फाप) +ए] ना.शुभ भएको र फापेको स्थिति फाईदा, लाभ।

२. **पर्याय** : पर्यायको अर्थ समान अर्थ बुझाउने वा एउटै अर्थ बुझाउने हो, जस्तै : ताल-ना, पोखरी, तलाउ ।

३. **विपर्याय** : उल्टो अर्थ दिने शब्दलाई विपर्याय भनिन्छ, जस्तै :

लामो : विप. छोटो

राम्रो : विप. नराम्रो

अग्लो : विप. होचो

४. **समावेशी** : जातित्वका आधारमा शब्दको अर्थलाई खुलस्त वा स्पष्ट पार्ने विधि समावेशी हो । यस विधिले शब्दको विशेषित अर्थ पहिल्याउनमा भन्दा शब्दको अर्थ क्षेत्र वा जातित्व दर्शाउने प्रयासमात्र गर्दछ, जस्तै : पशुको अर्थ दिँदा गाई, भैँसी, बाख्रा, भेडा आदि ।

५. **उदाहरण** : कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणका रूपमा प्रयोग गरिने प्रासङगिक प्रयोगलाई उदाहरण भनिन्छ (लम्साल, २०५७ : १३२) ।

६. **बीजक** : कोशीय एकाईको कार्य, काल, स्थान, विषय क्षेत्र, प्रयोग क्षेत्र वा सन्दर्भ सङ्केत गर्नुलाई बीजक भनिन्छ । बीजकलाई तीन किसिमले विभाजन गरेको पाइन्छ ।

अ) **प्रकार्यपरक बीजक** : नाम, सर्वनाम, विशेषण जस्ता प्रकार्यपरक शब्दको भेद गरी कोशीय एकाइको परिचय दिने बीजक प्रर्कायपरक बीजक हो, जस्तै :

झोला - ना., पढ्नु-स. क्रि.

आ) **विषयपरक बीजक** : शीर्षशब्दको अर्थभेद हुने विषय क्षेत्रलाई निर्देश गर्ने बीजक विषयपरक बीजक हो, जस्तै : विषादी - किरा नाश गर्ने औषधी (कषी) रसादी - औषधी (आर्युवेद) ।

ई) **स्तरपरक बीजक** : शीर्षशब्दको प्रयुक्तिमा आधारित स्तर निर्देश गर्ने बीजकलाई स्तरपरक बीजक भनिन्छ, जस्तै : सुपो -नाङ्लो (भाषिका) भुत्ले साग - कुखुराको मासु (अपभाषा) आदि ।

७. **विवृत्ति** : कोशको कुनै प्रविष्टि विद्येय भागसँग सम्बद्ध व्याकरणगत वाक्यगत वा अर्थगत विशेषता बताउने स्थानिक छोटो टिपोट नै विवृत्ति हो । शीर्षशब्दलाई सरल र सटिक तरिकाले चिनाउन प्रयोग गरिने सूचकलाई विवृत्ति भनिन्छ भने विवृत्तिको प्रयोग गरी अर्थ बताउने विधिलाई विवृत्ति विधि भनिन्छ । विवृत्ति तीन प्रकारका हुन्छन् जो निम्नानुसार छन् ।

अ) **अर्थपरक** : यसले कोशीय एकाइहरूको विभिन्न अर्थगत विशेषतालाई किटान साथ जाहेर गर्छ । यसले शब्दको आर्थी अभिलक्षण दर्शाउँछ, जस्तै : अपर्नु -दिनु (धार्मिक वा सम्मानको सन्दर्भमा) द्विज - उपनयन गरिने हिन्दुहरूको एक वर्ग (बाहुन, क्षेत्री, वैश्य) ।

आ) **व्याकरणपरक** : व्याकरणपरक विवृत्तिले कोशीय प्रविष्टिको उद्देश्य भागमा समावेश गरिने व्याकरण निर्देश भन्दा अतिरिक्त र विलक्षण व्याकरणात्मक विशेषता जाहेर गर्छ । यसमा थप रूपात्मक वा वाक्यात्मक विशेषताहरूको सूचना दिन सकिन्छ, जस्तै : छोरो -ना. (तिर्थक रूप र बहुवचनमा छोरा) शरीरिक संरचनामा पुलिङ्गी अङ्ग भएको सन्तान, पुत्र, सुत ।

ई) **विश्वपरक** : विश्वपरक विवृत्तिले कुनै विषय क्षेत्रसँग सम्बद्ध ज्ञानपरक तथ्य निर्देश गर्दछ । यसमा कुनै शब्दको सामान्य अर्थ दिइसकेपछि त्यससँग सम्बन्धित विषयको थप सूचना दिइन्छ, जस्तै : कार्बन : ना (अङ) कोइला, अंगार आदिमा विद्यमान रहने एक रसायनिक तत्त्व (हिरा र सिसालाई विशुद्ध कार्बन भनिन्छ) ।

८. **नीडन** : अभाषिक सङ्केतको प्रयोग गरी अर्थाङ्कन र उपप्रविष्टिका लागि शीर्षशब्दको जानकारी दिने प्रक्रियालाई नीडन भनिन्छ ।

जस्तै : दृष्टि - ~ कोण , ~ गोचर

आत्म --~ कथा, ~ ज्ञान, ~ प्रशंसा

९. **प्रतिनिर्देश** : कोशीय एकाइहरूको परम्परामा सम्बममन्ध रहेको पुष्टि गर्नु प्रतिनिर्देश हो । यसलार्य अन्योन्य सन्दर्भ भनेको पनि पाइन्छ । यो दुई प्रकारमा विभाजित छ ।

अ) **प्रकटित** : यस किसिमको प्रतिनिर्देशमा शब्द प्रयोगद्वारा कुनै प्रविष्टिको सम्बन्ध अर्को प्रविष्टिसँग गराइएको हुन्छ। जस्तै : पिट्को .ना. हे. पिड्को गफाडी. पि (गफ+आडी) हे . गफाडी ।

१०. **चित्राङ्कन** : कोशका प्रविष्टिमा चित्र, रेखाचित्र आदिको प्रयोगबाट एकाईको अर्थ खुलाउने कार्य चित्राङ्कन विधिको मुख्य तात्पर्य हो ।

११. **व्युत्पत्ति** : शीर्ष शब्दको रूप र अर्थका दृष्टिले विकासक्रमको निर्देश गर्ने कार्यलाई व्युत्पत्ति भनिन्छ । व्युत्पत्तिले शब्दको अर्थ खुट्याउन तथा मूल अर्थ पहिल्याउन सहयोग गर्दछ ।

(ग) **तेस्रो चरण** : यो रूपविधानको चरण हो । यसै चरणमा सम्बन्धित कोशीय सामग्रीले वास्तविक स्वरूप ग्रहण गर्छ। यस चरण अर्न्तगत निम्नलिखित कुराहरू पर्दछन् :

१. **प्रविष्टि अनुक्रम** : कोशमा प्रयोक्ताले आवश्यक सूचना सामग्री यथासक्य चाँडो प्राप्त गर्न सकोस् भन्ने उद्देश्यले कोशीय प्रविष्टिहरूलाई कुनै निश्चित क्रममा राखिन्छ । प्रविष्टि अनुक्रममा निम्न किसिमले विभाजन गर्न सकिन्छ :

अ) **वर्णानुक्रम** : यस पद्धतिमा सम्बन्धित वर्णमालाअुनसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दलाई क्रमिक रूपमा स्थान दिइन्छ ।

आ) **विषयानुक्रम** : आर्थि, विचारपरक वा वर्गात्मक अनुक्रमका नामले यसमा वनस्पति, शारीरिक अवयव, जनावर शब्दको प्रयोग गरी विषयानुरूप वर्गीकरण गरिन्छ ।

इ) **अवशिष्ट अनुक्रम** : वर्णानुक्रम र विषयनुक्रम बाहेक सबै अनुक्रमलाई समावेश गरिने अनुक्रमलाई अवशिष्ट अुनक्रम भनिन्छ ।

२. **प्रविष्टि विन्यास** : कोशमा रहेका प्रत्येक प्रविष्टिलाई राम्ररी मिलाएर संयोजन गर्नु प्रविष्टि विन्यास हो । प्रविष्टि विन्यासलाई सामान्यत : दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

अ) **मूल प्रविष्टि** : मूल प्रविष्टि भनेको कोशमा बायाँपट्टि रहेको गाढा आकारमा रहेको शीर्षशब्द हो, जस्तै : हात- ना. (सं. हस्त) ।

**आ) उपप्रविष्टि** : कोशीय एकाईको शीर्षशब्दमा पेटबोलीमा परेको मात्र नै उपप्रविष्टि हो, जस्तै : दाँती- ना. (दाँत + ई) दाँतजस्ता पङ्क्ति वा लहर ।

**३. नीडन** : यो अर्थनिर्देश गर्ने युक्ति हो । प्रविष्टिमा स्थानको बचत गर्ने दृष्टिले मूल प्रविष्टिको दोहोरिने भागलाई अङ्कुसे, निर्देशक, थोप्लो जस्ता चिन्ह दिएर जनाउने विधि निडन हो ।

**४. संसक्त प्रविष्टि** : यसलाई कोशीय प्रविष्टिको भाग मानिन्छ र यो उपप्रविष्टि बराबरको हुन्छ । यसमा उपप्रविष्टमा जस्तो अर्थ, उदाहरण, टिप्पणी आदि हुँदैनन् । यिनीहरू स्वतः स्फूर्त व्याख्येय हुन्छन्, जस्तै :

मानव ना.सं. मानवता । २. मानिस ~ ता ।

**५. चिन्ह प्रयोग** : कोशमा विभिन्न प्रकारका चिन्ह प्रयोग गरिन्छन्, जस्तै :

व्युत्पन्न चिन्ह - ( > )
नीडन चिन्ह - (~ )
तिर्थक चिन्ह - ( / )
पूर्णविराम - (। )
अर्धविराम - ( , )
प्रश्नवाचक- ( ?)
उद्धरण - “ -”
कोष्ठक - ( ) आदि ।

जस्ता विशेष चिन्हहरू र अन्य लेख्य चिन्हहरू समुचित किसिमले प्रयोग गर्नुपर्छ ।

**६. पूर्वोत्तर भागको संयोजन**

आखिरमा सम्बन्धित कोशका विषयमा अत्यावश्यक जानकारी दिनका निम्ति भूमिका, परिचय, कृतज्ञताज्ञापन आदि पूर्वभाग र प्राविधिक शब्दावली आदि परिशिष्टता रहने उत्तरभागका सामग्री तयार गरी मुद्रणार्थ सम्पादित मूल भागमा संयोजित गरिन्छ र कोशसम्पादन पूरा गरिन्छ ।

# अध्याय तिन : अनुसन्धान विधि

## अनुसन्धान ढाँचा

समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । अनुसन्धान ढाँचाले अध्ययनका लागि उपयुक्त ढाँचा प्रदान गर्दछ जसको आधारमा अनुसन्धानको लागि निश्चित खाका तयार हुन्छ । यस *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*का लागि शब्द सङ्ग्रह गर्दा परिमाणात्मक ढाँचा अपनाइएको छ । कक्षा सातको नेपाली किताबबाट यादृच्छिक नमुना छनोट विधिको आधारमा शब्द चयन गरिएको छ ।

## जनसङ्ख्या तथा नमुना छनोट विधि

प्रस्तुत अध्ययनका लागि कक्षा सातको नेपाली किताब जनसङ्ख्या हो । जनसङ्ख्या निश्चित भएकाले नमुना पनि कक्षा सातको नेपाली किताब नै हो । प्रस्तुत अध्ययनका लागि *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*का लागि शब्द सङ्ग्रह गर्दा परिमाणात्मक ढाँचा कार्यविधि अपनाइएको छ । कक्षा सातको नेपाली किताबबाट यादृच्छिक नमुना छनोट विधिका आधारमा शब्द चयन गरिएको छ । जनसङ्ख्या र नमुना निश्चित भएकाले यस अनुसन्धानमा कक्षा सातको कविता, कथा, निबन्ध र जीवनी विधामा प्रयुक्त अर्थका दृष्टिले स्तर अनुकुल कठिन पाँच सय शब्दहरू सङ्कलन गरी र सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखिएको छ ।

## तथ्याङ्कका स्रोतहरू

अध्ययन अनुसन्धानको मुख्य एवं जटिल पक्षको रूपमा तथ्याङ्क सङ्कलन कार्यलाई लिइन्छ । धैर्यपूर्वक सङ्कलन गरिएका सामग्रीबाट नै शोधमा विश्वसनीयता, वैधता र व्यापकता देखापर्न सक्दछ, त्यसैले शोधार्थीले सामग्री सङ्कलनलाई विशेष महत्त्व दिनुपर्छ । सामग्रीका प्राथमिक र द्वितीयक स्रोत गरी दुई प्रकारका स्रोत छन् जसको चर्चा निम्नानुसार गरिएको छ ।

### प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन गर्न व्यक्तिगत कुराकानीलाई प्राथमिकता दिएको छ । विशेषतः शोध निर्देशक शिक्षक, पूर्व शोधार्थीसँगको कुराकानीलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

## द्वितीयक स्रोत

प्रस्तुत अध्ययनका लागि द्वितीयक स्रोतको रूपमा कक्षा सातको नेपाली पाठ्यपुस्तक, इन्दिरा शर्माले तयार पार्नुभएको **कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** (२०७३), प्रेमप्रसाद भट्टराईले तयार गर्नुभएको शोधपत्र **प्रारम्भिक नमुना नेपाली शब्दकोश** (२०६७) र चेतनाथ पौड्यालले तयार पार्नुभएको शोधपत्र **कक्षा छको हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** (२०६१), साथै पारसमणि भण्डारीले तयार पार्नुभएको शोधपत्र **प्राथमिक तह (कक्षा १-२) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण** (२०६०) साथै नेपाली भाषामा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित **नेपाली बृहत शब्दकोश** (२०४०), वसन्तकुमार शर्मा नेपालको **नेपाली शब्दसागर** (२०७०), वसन्तकुमार शर्मा नेपालको **सानो नेपाली शब्दसागर** (२०६९), नरेन्द्र चापागाईद्वारा सम्पादित **नेपाली शब्दभण्डार** (२०६९) र हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको सम्पादत्वमा प्रकाशित **प्रयोगात्मक नेपाली शब्दकोश** (२०५९) आदिको पनि मद्दत लिइएको छ । त्यसैगरी यस अघि आधारभूत तथा माध्यमिक तहसम्मका विद्यार्थीका लागि प्रकाशित वा अप्रकाशित शब्दकोश वा शोधपत्रहरूको अध्ययन गरी आवश्यक सहयोगसमेत लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका साधनहरू

### क) अभिलेख अध्ययन

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन अनुसन्धान साधनका रूपमा अभिलेख अध्ययनलाई लिइएको छ । विभिन्न भाषामा लेखिएका शब्दकोश, शब्दकोशसँग सम्बन्धित लेख, रचना शोध साथै अन्य कृतिहरूको समेत अध्ययन गरी अनुसन्धानलाई अगाडि बढाइएको छ ।

### ख) कक्षा सातको नेपाली पाठ्यपुस्तको अध्ययन

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरिएर अध्ययन गरी शब्दकोशका लागि आवश्यक शब्द सङ्कलन गरिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा कक्षा सातको नेपाली पाठ्पुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरिएर अध्ययन गरी अर्थका दृष्टिले स्तर अनुकुल कठिन शब्दहरू सङ्कलन गरिएको छ ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेका कविता, कथा, निबन्ध र जीवनीको गहिरिएर अध्ययन गरी अर्थका दृष्टिले स्तर अनुकुल कठिन शब्दहरू टिपोट गरी कोशीय आधारमा तिनीहरूको निम्नानुसार अध्ययन गरिएको छ :

१. वर्णानुक्रममा राखिएको छ ।

२. अर्थ लेखिएको छ ।

३. पदवर्ग (नाम, सर्वनाम, विशलेषण र क्रिया) छुट्याइएको छ ।

४. विभिन्न प्रकाशन गृहबाट प्रकाशित पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शब्दकोश, पत्र पत्रिकाहरूमा प्रकाशित लेख रचनाहरू, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरू, शोधनिर्देशक लगायत विभिन्न विद्वान्, विद्युषी तथा सहपाठीहरूबाट प्राप्त राय, सुझाव, सल्लाह तथा टिका टिप्पणीहरूलाई उपयोग गरिएको छ ।

५. विषयगत समस्या समाधानका लागि सम्बद्ध विषयका विशिष्ट विद्य्वान र विशिषज्ञहरूसँग पनि आवश्यक परामर्श लिइएको छ ।

# अध्याय चार : कक्षा सातको नेपाली किताबमा आधारभूत नमुना

## नेपाली शब्दकोश

### अ

**अक्षय :** वि. (सं.) नाश नहुने; अविनाशी; कहिल्यै नघट्ने ।

**अक्षराम्भ :** ना. (सं.) बालकलाई पढाउन प्रारम्भ गराउने धार्मिक कार्य ।

**अजङ :** पि. विशाल काय, ठूलो; डरलाग्दो; बडेमाको ।

**अद्भूत** : वि (सं.), अनौठो; असाधारण; उदेकलाग्दो; आश्चर्यजनक; विचित्रको; विलक्षण ।

**अनन्त :** वि. (सं.) कहिले नसकिने; अन्त नहुने; असिम टुङ्गो नभएको; सीमा नभएको ।

**अनमोल :** पि. (अन+मोल) अमूल्य, धेरै मोल पर्ने; मोलै नभएको दामी; बहुमुल्य ।

**अनायस** : क्रि.वि. (सं.) मिहिनेत नै नगरिकन, बिनापरिश्रम, कुनै प्रयास नगरीकन, बसीबसी; त्यत्तिकै; उसै स्वतः

**अनुकरणीय** : वि. (सं.) अनुकरण गर्न उचित, नक्कल वा देखासिकी गर्न योग्य, सिको गर्न लायक, नमुनालायक, आदर्श, उदाहरणीय; उत्तम असल ।

**अनुपम :** वि. (सं.) १. उपमा नभएको, उपमा दिन नसकिने, अतुलनीय; बेजोड । २. उत्तम; श्रेष्ठ; उम्दा; निरूपण ।

**अनुसन्धान :** ना. (सं.) कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम गपेषण; अन्वेषण; आविष्कार; शोध; नयाँ तथ्य पत्ता लगाउने; प्रहरी आदिबाट गरिने छानबिन ।

**अनौठो :** वि. (हि. अनुष्ठा र प्रा. अनुट्ठो) १. सामान्यतः हुने वा देखिनेभन्दा नौलो; नयाँ किसिमको । २. आफ्नो असाधारणता; विशिष्टता वा विलक्षणताले गर्दा चकित; विस्मित वा हक्क न बक्क पारेर साथै प्रशन्न तुल्याउने; ३. विस्मयकारी; विलक्षण; अचम्मको; विचित्र; गजबको; छक्कलाग्दो ।

**अन्वेषण :** ना. (सं.) लुके छिपेका कुराहरूको राम्रोसँग खोजीनीति गर्ने काम; अनुसन्धान; शोध ।

**अपभ्रंश :** ना. (सं.) १. तलतिर खस्ने वा झर्ने काम; पतन । २. बिग्रेको स्थिति; विकृति । ३. शब्दको मूल उच्चारण ठीक र शुद्ध किसिमले गर्न नसकी बिग्रेको काम ।

**अपराह्न :** ना.हे. अपराह्ण ।

**अपरिष्कृत :** वि. (सं.) १. परिष्कार वा संस्कार नभएको; असंस्कृत; अपरिमार्जित । २. ठीक वा उचित नपारिएको; नसुधारिएको । ३. फोहोर भएको गन्दा ।

**अभियान :** ना. (सं.) १. कुनै विशिष्ट कार्य; निश्चित उद्देश्य प्राप्त गर्न प्रायः सामुहिक रूपमा गरिने प्रयास । २. युद्धका लागि गरिने सैन्य यात्रा; आनन्दमय; धावा । ३. पहाड आदिमा चढ्ने काम; आरोहण । ४. नजिक आउने वा जाने काम ।

**अमर :** वि. (सं.) १. कहिल्यै नमर्ने; सधैँ बाँच्ने । ना. २. देवता । ३. पारो । ४. सुवर्ण; सुन ।

**अर्ध :** ना (सं.) १. जल; दुध; दही; जौ; कुश; दुबो आदि मिलाएर देवतालाई चढाउने काम । २. अँजुलीले जल चढाउने प्रक्रिया । ३. देवतालाई अर्ध दिइने भाँडो । ४. मूल्य; दाम; मोल ।

**अलप :** ना. (सं. अलोप) १. देख्ता देख्तै हराउने क्रिया; लोप : गायप; बेपत्ता; अन्धान । २. लुप्त हुने क्रिया । ३. लुप्त; पुरै हराएको वा मिलाएको ।

**अव्यय** : ना (सं.) १. कुनै सिङ्गो वस्तुको एक खण्ड वा अंश; भाग; हिस्सा । २. शरीरको कुनै भाग; अङ्ग ।

**अवलोकन :** ना. (सं.) १. सूक्ष्म रूपमा हेर्ने वा तथ्य पत्ता लगाउन अध्ययन गर्ने काम; निरिक्षण । २. आँखा; नयन; नेत्र ।

**अवशेष :** ना. (सं.) १. उपयोग वा उपभोगमा आएर बचेखुचेको वस्तु; शेष; पूरा ।

**अस्त :** वि. (सं.) क्षितिजभन्दा तल गएको; डुबेको (सूर्य; चन्द्र) आदि ।

**अस्तु :** अव्य. (सं.) १. कुनै कामकुराका प्रसङ्गमा आउने स्वीकृति सूचक शब्द : होस् । २. जे जस्तो छ त्यही रहोस् । ३. ठीक; राम्रो बेस ।

**अस्तु :** ना. (सं. आस्थि) दाह संस्कार गरिसकेपछि नदीमा सेलाउन झिकिने लासको हाड; खरानी आदि; मृत व्यक्तिको खप्परका अगाडिको हाडको टुक्रो ।

**अस्थि :** ना. (सं.) हाड; हाडखोर; हड्डी ।

**आ**

**आकाङ्क्षा :** ना. (सं.) १. कुनै कुराको इच्छा; अभिलाषा । २. वाक्यार्थको ज्ञानको निम्तिपछि आउने शब्दको चाहना गर्ने क्रिया ।

**आकृति :** ना. (सं.) १. कुनै वस्तु वा व्यक्तिको स्वरूप; आकार अनुहार । २. बान्की; बनावट । ३. मुख; चेहरा ।

**आकृष्ट :** वि. (सं.) १. प्रभावित भएको; आकर्षित । २. घिच्याइएको; तानिएको ।

**आतिनु :** ना.क्रे.हे. आत्तिनु ।

**आत्मोपजीवी :** वि. (सं.) आफ्नै परिश्रमबाट जीविका चलाउने : स्वावलम्बी ।

**आदेश :** ना. (सं.) १. कुनै काम कारबाहीका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासा वा निर्णय सम्बन्धी आज्ञा । २. आज्ञा; अठोट । ३. सन्देश; खबर । ४. उपदेश; अर्ती ।

**आनाकानी :** ना. (सं. अनाकर्षन) आलटाल; आनेकाने; लस्याङलुसुङ

**आन्तरिक :** वि. (सं.) १. भित्रको; भित्री । २. मनको; मानसिक ।

**आपत्ति :** ना. (सं.) १. आपत; विपत्ति; सङ्कन । २. विचल्ली ।

**आयस्ता :** ना. (आय) १. जमिन; व्यापारबाट निश्चित रूपमा हुने आम्दानी; स्थायी आयस्रोत । २. प्राप्ति; लाभ; फाइदा ।

**आरती :** ना. (सं. आरतिक) १. देवताको पूजामा धुप; बत्ती बालेर घुमाउने क्रिया; निराजन । २. धेरै मुख भएको बत्ती बाल्ने भाँडो । ३. बेलुका गरिने देवताको पूजा वा आरधन ।

**आरधना :** ना. (सं.) १. ईश्वरलाई प्रसन्न पार्न गरिने उपासना; पूजा; ध्यान । २. सम्मान; सेवा; टहल ।

**आरोग्य :** ना. (सं.) १. रोग नभएको वा नलागेको अवस्था; स्वस्थता; तन्दुरुस्ती । २. रोग नलाग्ने क्रिया वा भाव ।

**आरोह अवरोह :** ना. १. चढ्ने र उत्रने काम; उक्लने र ओर्लने काम । २. संगीतमा स्वर चढाउने र उतार्ने क्रिया वा अवस्था ।

**आविष्कारक :** वि. आविष्कार गर्ने; अविष्कर्ता ।

**इ**

**इच्छा :** ना. (सं.) १. कुनै चिजको प्राप्ति; समृद्धि; क्षय; छाप आदिबारे मनमा लाग्ने आशा; यस्तो होस् उस्तो होस् भन्ने कुराको आन्तरिक कल्पना; कामना; अभिलाषा । २. चाहना; लालसा ।

**इनाम :** ना. (अ. इनआम) कुनै उल्लेखनीय वा चित्तबुभ्दो काम गरे बापत सो काम गर्ने व्यक्तिको बढाउन दिइने पुरस्कार; पारितोषिक; बकस; बक्सिस ।

**इरादा :** ना. (अ.) १. मनसुवा; कामना; इच्छा । २. निर्णय; अठोट; सङ्कल्प । ३. भावना; सोचाइ; विचार ।

**इष्टदेव :** ना. (सं.) १. कुलपरम्पराबाट पुजिँदै आएका आराध्य देवता । २. दीक्षामल्लका अधिष्ठाता देवता ।

**इस्लाम :** ना. (अ.) १. इश्वरका मार्गमा प्राण दिन प्रस्तुत हुने काम । २. मुहम्मढले प्रचलनमा ल्याएको मुसलमानी धर्म । ३. मुसलमान हुने क्रिया ।

## ई

**ईर्ष्या :** ना. (सं.) अर्काको बनिबनाउ वा समृद्धि देखेर मनमा उब्जने डाह; द्वेष; इख; मात्सर्य ।

**ईश्वर :** ना. (सं.) १. सम्पूर्ण विश्व ब्रह्माण्ड वा सृष्टिलाई बनाउने बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएमा परमपुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता; भगवान; परमेश्वर । २. अधिपति; स्वामी; मालिक । ३. ऐश्वर्यशाली ।

## उ

**उँधौली :** वि. (उँधो+औली) १. तलतिरको; मन्तिरको; उँधोको । २. मंसिर महिनाको शुक्लपक्षको पूर्णिमा; अगहन पूर्णिमा (पहाडी भेगमा जाडो बढ्ने भएकोले भेडीगोठ; गाईगोठ बेसीतिर झारी बेसीतिरका देवी देवताको पूजा गर्ने दिनलाई उँधौली भनिन्छ ।

**उँभौली :** वि. १. मास्तिरको; अग्लो ठाउँको । ना. २. वैशाख महिनाको शुक्लपक्षमा पर्ने पूर्णिमा (पहाडी भेगमा गर्मी सुरु हुने भएकाले गाईगोठ; भेडीगोठ लेकतिर लगी; वनका देवताहरूको पूजा गर्ने दिनलाई उँभौली भनिन्छ ।

**उत्पादित :** वि.(सं.) १. पैदा गरिएको; उब्जाइएको । २. उत्पादन गरिएको; तयार पारिएको । ३. जन्माइएको ।

**उत्प्रेरणा :** ना. (सं.) मनमा उठेको प्रेरणा : भित्री प्रेरणा ।

**उद्घोषक :** वि. (सं.) उद्घोषण गर्ने; सार्वजनिक सूचना दिने ।

**उपनिषत्** : ना (सं.) आर्यहरूको गुढ आध्यात्मिक र दार्शनिक विचार भरिएको तथा आत्मा र परमात्माको निरूपण गर्ने वेदका शाखाहरूमध्ये ब्राह्मण अंशको पहिलो भाग ।

**उपभोग** : ना. (सं.) १. सुख वा आनन्दको प्राप्तिका निम्ति कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने काम । २. भोजन गर्ने काम । ३. भोगविलास ।

**उपासना** : ना. (सं.) १. देवता वा पुज्य व्यक्तिका छेउमा बसेर प्रसन्न तुल्याउनका निम्ति गरिने चिन्तन; पुजन वा आरधना । २. कुनै विषय वा कुरामा ध्यान दिने वा लागि पर्ने काम ।

**उभयचर** : क्रि.वि. (सं.) जल र थल दुवै स्थानमा गति भएको वा हिँड्न सक्ने (भ्यागुतो; कछुवा) ।

**उर्दी** : ना. (अ. वर्दी) निश्चित कामका लागि सार्वजनिक रूपमा दिइएको अधिकारीको आज्ञा; आदेश ।

**उल्लङ्घन** : ना. (सं.) १. नाघ्ने वा फड्कने क्रिया । २. मर्यादाको त्यागः नियमको अवहेलना ।

**उल्लेखनीय** : वि. उल्लेख गर्न योग्य ।

## ए

**एकनास** : वि. (सं. एक+ अ. नक्श) १. परस्पर एउटै किसिमको; समान रूपको; उस्तै देखिने । २. परस्पर घटिबढी नभएको; बराबरको ।

**एकपक्षीय** : वि. (सं.) १. एउटै पक्ष वा दलसिल मात्र सम्बन्ध राख्ने; एउटै पक्षको ।

## ओ

**ओछ्यान** : ना. (सं. अवछन्नक) १. खाट; भुँइ आदिमा बस्न वा सुत्नका लागि फैलाइने वस्तु (खासगरी डसना र विछ्यौना) ।

**ओत** : ना. (सं.अपित) चर्को काम; वर्षा आदिबाट जोगिन शरण लिइने ठाउँ; घामपानी आदिले नभेट्ने सुरक्षित ठाउँ; ओत; आड ।

## औ

**औडाहा** : ना. (सं. अवदाह) १. कुनै चिन्ता; व्यथा आदिबाट मनमा हुने जलन; मानसिक व्यथा; छटपटि; उकुसमुकुस

**औषध/औषधि** : ना. (सं.) १. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु; ओखती । २. उपाय; प्रयत्न ।

## क

**कचिङल/कचिङ्गल** : ना. (कच+इङल/इङ्गल) १. कुनै कुरा वा विषयमा दुईभरिका बीच हुने फाटो वा बेमेलको स्थिति; झगडा; कलह । २. खिचोला; हस्तक्षेप । ३. भाँसी; विघ्न; बाधा ।

**कमसल** : वि. (फा. कम+असल) मोल; गुण; बानी; स्तर; टिकाउपन; उपयोगिता आदिमा अपेक्षाकृत कम महत्त्वपर्ण; घटिया । २. खराब; नराम्रो । ३. खलनायक ।

**कम्ती** : वि. (कम+ती) थोरै; कम; घटी; अपर्याप्त; न्यून ।

**करामत** : ना. (अ. करामात) १. असाधारण वा उपसामान्य काम; चमत्कार; कमाल । २. पुरुषार्थ; बहादुरी ।

**करुण** : ना.(सं.) १. कसैप्रति उसको स्वभाव; अवस्था आदिले गर्दा उपकारका निमित्त दर्साइे दयाको भाव; करुणा; दया । २. साहित्यमा; नवरसमध्ये एकरस ।

**कर्मनिष्ठ** : वि. (सं.) १. कुनै पनि काममा आत्मविश्वासका साथ लगनशील भई लाग्ने वा खट्ने : कर्मठ । २. नियम बमोजिम धार्मिक अनुष्ठान गर्ने; कर्मकाण्डी ।

**कलाजीवी** : वि. (सं.) कलाको क्षेत्रमा काम गरेर जीविका चलाउने; आफ्नै सीपबाट आर्जेको सम्पत्तिले जीवन निर्वाह गर्ने ।

**कष्ट** : ना. (सं.) १. कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव; दुख; पीडा । २. आपद; संकट; कर- वि. कष्ट दिने; कष्ट पुऱ्याउने; कष्ट दिने ।

**कानुन** : ना. (अ.कानुन) जनताद्वारा निर्वाचित राष्ट्रिय प्रतिनिधिहरू भएको व्यवस्थापिका सभाले राष्ट्रलाई व्यवस्थित रूप दिन बनाएको ऐन ।

**कारण** : ना. (सं.) प्रभाव वा परिणाम उत्पन्न गराउने कुनै पनि कार्य; हेतु; तर्क ।

**कारुणिक** : वि. (सं.) १. करुणाको भाव भएको; दयालु; कृपालु । २. करुणायुक्त; करुणाले भरिएको ।

**कार्य** : ना. (सं.) १. काम; कृत्य; काज । २. कर्तव्य । ३. पेशा; व्यवसाय । ४. धार्मिक कृत्य वा अनुष्ठान । ५. उद्देश्य; प्रयोजन ।

**कीट** : ना. हे. किट ।

**कीट :** ना. (सं.) किरो; कमि; पतङ्ग । ना. जमिनमा हिँड्ने वा उड्ने कमिलो; माकुरो; झिँगो; फट्याङ्ग्रो आदि स-साना कीराहरूको समूह ।

**कुलत :** ना. (कु+लत) नराम्रो बानी बेहोरा; खराब वा नजाति लत; कुव्यसन ।

**कृतज्ञ :** वि. (सं.) गरेको उपकार देख्ने वा मान्ने; गुन मान्ने ।

**कृतज्ञता :** ना. (सं.) कृतज्ञ हुनाको काम; भाव वा अवस्था ।

**कृषि :** ना. (सं.) खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनुपर्ने र तत्सम्बन्धी सबै काम; खेती; किसानी ।

**कोठो :** ना. (सं.कोष्ठ) बीचबीचमा काठ; गारो आदिले बारेर घरभित्र बनाइएको सानो वा ठूलो खण्ड ।

**कौतुहल :** ना. (सं.) हे कुतुहल ।

**क्षत्री :** ना. (सं.) १. क्षत्रिय; छेत्री ।

**क्षम्य :** वि. (सं.) क्षमा गर्न योग्य; माफ दिन लायक ।

## ख

**खकन/खकानो :** ना. १. भारी बोक्दा त्यसको बोझ थाप्लामा मात्र नपरोस् भनी डोका वा ढाकरहरूमा लगाइएको काखीमा छिराई काँधमा अड्याउने डोरी वा सानो नाम्लो ।

**खनिज :** वि. (सं.) भूगर्भभित्र रहेको; खानीबाट निस्कने वा निकालिने; खानीमा पाइने ।

**खर्च :** ना. (फा.) कुनै काम वा वस्तुका निम्ति दिइने वा मासिने पैसा; व्यय ।

**खोँच :** ना.हे.खोच ।

**खोटो :** ना. सल्ला आदिको रुखमा चोट लागेर वा नलागेर निस्कने लेस्याइलो पदार्थः सुकेको वा नसुकेको चोप ।

**खोटो :** वि. १. व्यवहारमा नचल्ने; दाग लागेको; दागी । २. खोट लागेको; दोषी । ३. काम नलाग्ने; खराब ।

**खोला :** ना. (खोलो को ति.रु.) हे. खोलो ।

**खोलो :** ना. १. सानो नदी; झण्डै नदी जस्तो सानो जल प्रणह ।

## ग

**गँवार** : वि. (हि.गाँप+वार) १. सहरिया सभ्यतादेखि टाढै बसेको वा भएको गाउँको बासिन्दा; गाँउले । २. शिष्टता नजानेको; असभ्य मुर्ख ।

**गगन** : ना. (सं.) १. आकाश; नभ; अन्तरिक्ष । २. शुन्य ।

**गति** : ना. (सं.) १. एक स्थिति; रूप आदिबाट अर्को स्थिति; रूप आदिसम्मको परिवर्तन वा एक ठाउँदेखि अर्को ठाउँसम्मको गमन; चाल हिँडाइ; सराइ; वेग ।

**गतिलो** : वि. (सं. गतिल) राम्रो भएको; असल; बेस; गहकिलो ।

**गन्धर्व** : ना. (सं.) १. गाउने र बजाउने कलामा प्रवीण एक देवयोनि । २. गान बजान नै पैसा भएको एक जाति; गाइने ।

**गर्जनु** : अ.क्रि.(सं. गर्ज+नु) १. रिस; घमण्ड; धमास आदिले ठूलो स्वरमा कराउनु । २. हकारपकार गर्नु; गड्कनु; कुर्लनु । ३. बाघ कराउनु ।

**गर्त** : ना. (सं.) सतहभन्दा धेरै गहिरो ठाउँ; खाल्टो; खाडल ।

**गर्भे** : वि. (गर्भ+ए) १. गर्भ सम्बन्धी; गर्भको; टुहुरो; ना. गर्भमा छँदै बाबु मरेको बालक ।

**गलत** : वि. (अ.) १. ठीक नभएको; बेठीक; अनुचित; गल्ती । २. झुटो; असभ्य; मिथ्या (कुरा भनाइ; लिखत आदि) ।

**गान्धर्व** : वि.(सं.) गन्धर्वसँग सम्बन्धित; गन्धर्वको ।

**गायत्री** : ना. (सं.) १. चौबिस मात्रा हुने एक वैदिक छन्द । २. जप र चिन्तन गर्नेलाई रक्षा गर्ने मानिएको अराध्य देवी गायत्री भन्नकी अभिष्ठानी ।

**गिरी** : ना. (सं. गिरि) १. सन्यासीहरूको सम्मान सूचक एक पदवी । २. सन्यासीहरूको एक थर ।

**गिरी** : ना. (फा. गीर) अरू शब्दका पछाडि लागेर काम; पेसा; इलम आदि अर्थ बुझाउने उत्तर पद (कारिन्दागिरी; किसनगिरी; भोजगिरी इ.) ।

**गुप्त** : वि. (सं.) १. बाहिर प्रकट वा व्यक्त नभएको; भित्रभित्रै छिपेर रहेको; लुकेको; भित्री नदेखिने; अदृश्य ।

**गुमज** : ना. (फा. गुम्बद) झ्याल; ढोका; छानो; पुल आदिमा बनाइएको अर्धवृत्ताकार बान्की : विखुम; गुमोज ।

**गुम्बजाकार :** वि. गुमज आकारको देखिने (पर्वता; घर आदि) ।

**ग्रहण :** ना. (सं.) १. लिने वा समात्ने काम । २. कुनै कुरो स्वीकार गर्ने वा मान्ने प्रक्रिया; स्वीकार । ३. सम्झने वा बुझ्ने चाल ।

## घ

**घमासान :** ना. (अ.म्. घम्+सान) ठूलो; डरलाग्दो लडाइँ वा झगडा; घम्साघम्सी ।

**घस्-नु :** स.क्रि. (सं.घर्ष+नु) १. बिस्तारै ढल्नु वा रगड्नु । २. मालिस गर्नु; तेल लगाउनु । ३. लिप्नु (घर; चुलो; आँगन) ।

**घाट :** ना. (सं. घट्ट) १. नदीको दायाँबायाँको किनार; तीर्थस्थल । २. नदी वा जलाशयको पानी भएको ठाउँसम्म पुग्न सकिने सुगम स्थान ।

**घारी :** ना. १. झ्याम्म परेको बाक्लो जङ्गल । २. लेकको फेदी वा बेसीका माझको स-सानो वन । ३. बाँस; निगालो; केरा आदिको झाङ ।

## च

**चमेरो :** ना. १. दिउँसो रुखका हाँगामा झुन्डिएर तलतिर मुख फर्काइ बस्ने र प्राय राति उड्ने जिउभरि भुत्ला भएको; पातलो कपडा झैँ झिल्लीदार पखेटा हुने; मुसो जस्तो एक स्तनपायी प्राणी । २. दुवै पक्षमा लाग्ने व्यक्ति; मल्कोढल्को ।

**चर्तिकला :** ना. (चढ्ती+कला) १. चहलपहल; चकचकी; चहकमहक । २. रवाफ; झुट्टो चरित्र । ३. स्त्री जातिको दुरचरित्रता ।

**चलन :** ना. (सं.) १. रीति परम्परा; प्रथा । २. गति; चाल ।

**चसक्क :** क्रि.वि. १. रोग विशेष वा अन्य कारणले शरीरको कुनै पनि अङ्ग चसचस घोच्ने वा सोला र दुख्ने । २. कुनै तिखो वस्तु दुख्ने गरी बिझेर । ३. नराम्रो; कुराले प्रभाव पर्दा मनमा एक्कासी लाग्ने गरी ।

**चाँडो :** क्रि.वि.स. (सं.चण्ड) १. छिटो; तुरुन्त; झटपट; शीघ्र; झट्ट; चटाक; झटाझट; तत्काल । वि. २. छिटो चल्ने; झट्टै गर्ने ।

**चाँद :** ना. (सं.चन्द्र) १. चन्द्रमा; शशी; सोम । २. बन्दुक हान्न वा धनुकाँड चलाउन अभ्यास गर्नेले बनाएको निसाना वा चिह्न्; तारो । ३. अघि सरकारी सेवामा रहेकाहरूले टोपी वा बिँडामा लगाउने चन्द्रमाकारको पदचिह्न्; ब्याज ।

**चिकित्सा :** ना. (सं.) १. निदान; रोग निरूपण । २. इलाज; उपचार; औषधी; दबाई ।

**चिन्ता :** ना. (सं.) १. पिर; सुर्ता; फिक्री; परवाह; धाउन्न । २. चिन्तन; विचार । ३. धामीले रोग वा दोष छुट्याउन ढ्याङ्ग्रो बजाएर गर्ने क्रियाकलाप; धमेली । ४. साहित्यशास्त्र अनुसार एक सञ्चारी भाव ।

**चुनौती :** ना. (हि.) कसैलाई कुनै विषयमा दिइने उत्तेजक आव्हान; हाँक; ललकार ।

**च्वासच्वास :** क्रि.वि. (अ.मू.च्वास+अ (द्वि) बारम्बार आगो; सिस्नु आदिले पाल्ने गरी; पटकपटक काँढो आदि बिभ्भेभ्भैँ भएर ।

## छ

**छत्र :** ना. (सं.) १. घामपानी छल्न ओढिने साधन; छाता । २. सुनको दण्ड भएको र रत्न जडित मोतीको झल्लर लागेको छाता; एक राजचिह्न । ३. चिया आदि बिरुवाको संरक्षणका निम्ति बनाइएको छाप्रो ।

**छात्रा :** ना. (सं.) १. छात्रको स्त्रीलिङ्ग । २. विद्यालयमा भर्ना भई औपचारिक रूपले विद्यालयहरूमा लागेकी स्त्री ।

**छ्वार्लाम्म :** क्रि.वि. (अ.मू. छ्वार्लाम्+म) हे; छ्वार्लाङ्ग ।

## ज

**जबर :** वि. (अ.) १. शारीरिक तथा मानसिक रूपले वशमा राख्न नसकिने; अटेरी; नटेर्ने; जब्बरजस्ती । ना. १. कुराले वा बलले समातेपछि छाड्दै नछाड्ने व्यवहार । २. बल जफती; थिचोमिचो; मुढेपेलाई; अयाफ्ली ।

**जय :** ना. (सं.) १. कुनै परिश्रम; अभियान वा तपस्याको सफल परिणाम; विजय; सफलता । २. कल्याण; शुभ मङ्गल । कार ना. १. विज योल्लासमा वा कुनै देवदेवीका मङ्गल थानमा उच्चारण गरिने जयकोष ।

**जरजुहारत :** ना. (द्वि) जवारत) मणिमाणिक्य; सुन; चाँदि आदि अमूल्य रत्न; बहुमुल्य; धातुद्रव्य ।

**जल :** ना. (सं.) १. पानी; उदक । २. देवतालाई नुहाएको वा पुज्यजनका पाउ धोएको पानी; चरणामृत; चरणोदक । चर ना. पानीमा बसेर जीविका गर्ने जनावर; जलजीवी प्राणी जलजन्तु ।

**जलविहार :** ना. (सं.) नदी; तलाउ र समुद्रमा जहाज; डुङ्गा आदिद्वारा गरिने सैर वा यात्रा; जलयात्रा ।

**जायजेथा** : ना. (फा; जायद+सं.यथा) कसैको स्वामित्वमा रहेको चलअचल सम्पत्ति; श्रीसम्पत्ति; घरजग्गा; वस्तुभाउ आदि ।

**जाल** : ना. (अ.जअल) अर्कालाई फसाउने गरिएको षड्यन्त्र; अर्कालाई धोका दिने काम; कपट; झेल; बखेडा; जालझेल ।

**जाल** : ना. (सं.) प्वालैप्वाल हुनेगरी धागो; तार आदिबाट बुनेको वस्तु । २. चरा; माछा आदि अल्झाउने पासो । ३. माकुराको गुँड; जालो ।

**जिज्ञासा** : ना. (सं.) कुनै कुरा जान्ने इच्छा; थाहा पाउने अभिलाषा ।

**जिज्ञासु** : वि. जान्न चाहने; जिज्ञासा राख्ने; ज्ञानको भोको ।

**जिद्दी** : ना. (अ.) आफूले भने चाहे जस्तो गराउने गरिने हठ; ढिप्पी ।

**जीवन** : ना. (सं.) १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय; जिन्दगी । २. शरीरमा प्राण रहेसम्मको अवस्था; प्राणीको जीवित अवस्था; प्राणवान अवस्था । ३. जिउँदोपन । नर्वाह.ना. बाँच्नलाई चाहिने साधन जुटाएर जीवन धान्ने कार्य ।

**जीवविज्ञान** : ना.(सं.) जीवजन्तुको उत्पत्ति; स्वरूप; विकास; बानी बेहोरा आदिको अध्ययन गरिने वा जीवका सम्बन्धमा वस्तुगत अध्ययन गरिने विज्ञान; प्राणीशास्त्र र वनस्पति शास्त्रको संयुक्त रूप ।

**जीवाणु** : ना. (सं.) १. सूक्ष्म दर्शक यन्त्रबाट मात्र देख्न सकिने तर सर्पत व्याप्त; हरित कणरहित साधारण कोषकेन्द्र मात्र हुने एककोषिय र बहुकोषिय जीव; पछि बढेर स्थुल जीवनको रूपधारण गर्ने क्षति सूक्ष्म सजीव अणु ।

**जुहारत/जुहारात** : ना. (अ.जौहर) रत्न; मणि; जवाहिरात; जुहार ।

**जैविक** : वि. (सं.) जीव सम्बन्धी ।

**ज्योतिष** : ना. (सं.) १. ग्रह नक्षत्रहरूको गति; स्थिति आदिको विवेचना गर्ने शास्त्र । २. ग्रह नक्षत्र आदिको गति; स्थिति अनुसार हुने शुभ अशुभ फलको निर्देशन गर्ने शास्त्र ।

**ज्वरो** : ना. (सं.) हे ज्वर; ज्वरो ।

**ज्वाला** : ना. (सं.) १. बलेको आगाबाट उठ्ने लप्को; आगाको राँको मुस्लो । २. जल्ने वा पोल्ने क्रिया; ताप; जलन; डाह । २. जिउभित्रको पीडा; झोला ।

## झ

**झगडा :** ना. (प्रा.झगड) दुई वा दुईभन्दा बढी व्यक्तिका बीच परस्परको शत्रुतापूर्ण भनाभन; कलह; कचिङ्गल; राडो; भनावैरी ।

**झरी :** ना. (नेपा.) १. थाम; निढाल आदिका छेउछाउमा झिकिने सोझो खोल्सो; नागल । २. यस्तो खोल्सो पार्ने सानो रन्डा । ३. काठका मेच; टेबिल आदि सुकेर जोर्नीमा परेको धाँजो ।

**झरी :** ना. (सं.) बर्सेको पानीको प्रवाह; वर्षात: वृष्टि । २. छहरा; झरना; जलप्रताप ।

**झ्याउँ :** ना. (अ.म्.) हरियो किराको एक प्रकारको आवाज । किरी.ना. प्रायः वर्षा ऋतुमा बेलुकीपन रुख; पोथा आदि धेरै भएका ठाउँमा झ्याउँ झ्याउँ गरी कराउने; पखेटावाल; हरियो किरो : झिल्ली ।

## ट

**टुँडाल :** ना. (नेपा.तुनासिँ) घर बनाउँदा गारामा टेकाइ छड्के पारी राखिने पानीबलो अड्याउने काठ ।

## ठ

**ठग :** वि. (प्रा.) १. धोकामा पारेर वा छल गरी अरूको धनमाल लिने; ठग्ने । २. नानाथरी बहाना झिकी कामकाज नगर्ने; काममा छलछाम गर्ने; ठगाहा । विद्य्या.ना. ठग्ने विद्या; ठठग्ने अकिल; ठगी गर्ने तरिका वा उपाय ।

**ठीक :** वि.हे.ठीक

## ड

**डढेलो :** ना.(डढ+एलो) खरघारी; जङ्गल आदिमा लागेको वा लगाइएको आगो ।

**डबली :** ना. (नेपा.ढबुलि) १. देवदेवीका प्राचिन नाच नचाउन सहरका विभिन्न स्थानमा जमिनबाट केही उठाई बनाइएको चौतारो जस्तो स्थल; खुल्ला; रङ्गमञ्च ।

**डबली :** ना. (डबल+ई) १. स्वास्नी मानिसले लाउने; पुरानो; ठूलो गोलो टिको ।

**डुङ्गा :** ना. (सं.द्रोण) नदीमा वारपार गर्नका निम्ति काठ खोपेर वा फल्याकहरू गाँसगुँस पारेर बनाइएको; बहना खियाएर चलाइएको साधन; नाउँ; नौका ।

**ड्वाम्म :** क्रि.वि. (अ.मू.डणम्+म) तिखो आवाज आउने गरी पछारिएर; मुड्कीले हिर्काएको जस्तो आवाज आउने गरी ।

**ढ**

**ढाँट :** वि. (सं.धूर्त) १. ढाँटेर कुरा गर्ने; झुटो बोल्ने; ढँटुवा; फटाहा । २. मिथ्या; झुटो । ठगी.ना. सोझासाझा व्यक्तिलाई ढाँटी छली ठग्ने काम ।

**ढुँडी :** ना.दही; मही आदि वस्तु सड्दा निलो वा हरियो देखिने विकासयुक्त झुस : ढुसी ।

**ढुङ्गा :** ना. (ढुङ्गो) १. सीमा वा सिमानामा गाडिएको चिनो । २. पत्थर; शिला; पाषाण; ढुङ्गो ।

**त**

**तबेला :** ना. (अ.तबेल) घोडा बाँध्ने ठाऊँ; अस्तबलखाना; अश्वशाला ।

**त्रिवेणी :** ना. (सं.) १. तीन नदीको सङ्गम स्थल । २. प्रयोगको गङ्गा गङ्गा; यमुना र सरस्वतीको सङ्गम स्थल । ३. उदयपुर गढी; नवलपरासी; सुनसरी आदि जिल्लाका ठाउँ विशेषको नाम जहाँ तिन नदीका संगम स्थल छन् ।

**त्रुटि :** ना. (सं.) १. गल्ती; भुलचुक । २. कमी

**थ**

**थकाइ :** ना. (थाक+आइ) थाक्ने; क्रिया वा प्रक्रिया; थकावट ।

**थुम्को :** ना. १. सानो बाटुलो डाँडो; पर्वत; शैल । २. चुली; चुचुरो

**द**

**दनादन :** क्रि.वि. (अ.मू.दन्+आ+दन्+अ) क्रमिक रूपले; एकपछि अर्को गर्दै; धमाधम; लगालग । २. कुनै कामकुरो फूर्तिसाथ गर्ने गरी । ३. लगालग पिटेर । ४. एकनाशले तोप; बन्दुक आदिका गोलागोली छोड्दै ।

**दप्काउनु :** स.क्रि. १. डर धाक आदिले कसैलाई हप्काउनु; हप्काउनु; हाँस्नु । २. लुकाउनु; छिपाउनु; दबाउनु । ३. ढाकछोप गर्नु; ढाक्नु ।

**दाम :** ना. (सं.द्रम) १. पैसा; मुद्रा; द्रव्य । २. मूल्य; मोलतोल । ३. एक पैसाको चार भागको एक भाग (भूमि आदिमा) ।

**दास :** ना. (सं.) १. पहिले पहिले मालिकका किनबेचका आधारमा आजिवन परिश्रमी भएर काममा जोतिने नोकर; कमारो । २. सेवक; नोकर ।

**दिशा :** ना. (सं.) १. क्षितिव्रतका चार मुख्य कल्पित विभाग; पूर्व; पश्चिम; उत्तर; दक्षिणमध्ये प्रत्येक वा कुनै एक । २. दश दिशा ।

**दीक्षा :** ना. (सं.) १. गरेका यज्ञको त्रुटि शान्ति गर्नाका लागि गरिने शुद्धि स्नान; यज्ञान्त स्नान । २. कुनै विश्व विद्यालयबाट हुने निश्चित अवधिको समाप्ति; अध्ययन कार्यको समाप्ति ।

**दीन :** पि. (सं.) धन सम्पत्ति नभएको; गरिब; निर्धन; दरिद्र । २. दुःखकष्टमा परेको; दुःखी । ३. खिन्न; उदास; निर्धन; दरिद्र ।

**दीर्घ :** वि. (सं.) १. समय; दुरी; स्थान आदिका दृष्टिमा टाढासम्म पुग्ने; फैलिएको; विस्तृत; लामो । २. फराकिलो; विशाल; ठूलो ।

**दुःसाहस :** ना. (सं.) १. कुनै दुष्कर वा असम्भव काम गर्न देखाइएको साहस । २. असफल प्रयास; व्यर्थको हिम्मत । ३. गर्न नहुने काममा गरिएको आँट; अनुचित साहस ।

**दृश्यावली :** ना.(सं.) दृश्यहरूको पङ्क्ति; पङ्क्तिबद्ध रूपमा देखिने दृश्य समूह ।

**दृष्टान्त :** ना. (सं.) १. प्रसङ्गमा आएका कुराहरूलाई छर्लङ्ग्याउने विषय वा वाक्य; प्रस्तुत गरिने उदाहरण । २. उपमान र उपमेयका धर्महरूमा सादृश्य भएका खण्डमा पर्ने एक अलङ्कार ।

**दृष्टि :** ना. (सं.) १. हेरेर ज्ञान प्राप्त गरिने वा जानिने बुझिने भाव; वृत्ति वा शक्ति; हेर्ने काम; हेराइ; अवलोकनाश हेर्ने इन्द्रिय; आँखा; नयक; नेक्ष ।

**देश :** ना. (सं.) १. चारैतिर फैलिई अनेकौं ठाउँ; सहर; जिल्ला अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग; मुलुक । २. एकै प्रणालीका शासन अन्तर्गतको निश्चित भूभाग राष्ट्र । दोही.वि. देशको रीतिरिवाज; चालचलन आदिको विरोध गर्ने; स्वदेशमा हानी पुऱ्याउने ।

**देह :** ना. (सं.) १. मानिस वा अन्य प्राणीको जिउ; आङ; शरीर । २. जीवन; जिन्दगी ।

**दोबाटो :** ना. (दुई+बाटो) दुईटा बाटा जोडिएको ठाउँ; दुई वा दुईभन्दा बढी बाटोको सङ्गम भएको ठाउँ ।

**दोहन** : ना.(सं.) १. दुध दुहुने काम । २. दुधेरो; गबुवा; ढुङ्गो । ३. बौद्धिक; आर्थिक आदि दृष्टिले कसैलाई शोषण गर्ने काम ।

### ध

**धनुष** : ना.(सं.) १. वस्तु वा मूर्तिकलामा प्रयुक्त हुने; चार किष्कु वा चार मूडीहात बराबरको नाप; छयानब्बे अङ्गुल बराबरको नाप । २. धनु ।

**धर्म** : ना.(सं.) १. व्यक्ति वा वस्तुमा सधैँ रहने गुण वा मूल वृत्ति; प्रकृति; स्वभाव । २. स्वभाविक गुण; सहज वृत्ति । ३. स्वर्ग प्राप्त गर्न सकिने लोक विश्वास भएको पूर्ण कार्य; पूण्य कर्म । शाला.ना. यात्री; बटुवा; भिक्षु आदिलाई निःशुल्क बस्नका लागि बाटाघाटा वा तीर्थस्थलमा बनाइएको घर; पाटी; पौवा ।

**धर्मी** : वि.(सं.) १. धर्म जान्ने एवम् धर्म गर्ने; पुण्यात्मा । २. कुनै विशिष्ट धर्म वा गुण भएको । ३. कुनै मत वा धर्मको अनुयायी । ४. धार्मिक व्यक्ति ।

**ध्यान** : ना.(सं.) १. कुनै विषय वा कार्यमा रुचिपूर्वक भएको एकाग्रता तन्मयता; तल्लीनता । २. मस्तिष्क एकाग्र भएको स्थिति; योग; साधना । दृष्टि.ना. १. गहिरो चिन्तन; मनोयोगपूर्ण निरिक्षण वा अवलोकन । २. दिव्यदृष्टि ।

### न

**नक्कल** : ना.(अ.नक्ली) १. अनुकरण; नकल । २. स्वाङ : ढाँचा ।

**नमस्ते** : ना. (सं.) 'तपाइँलाई नमस्कार छ' भन्ने अर्थ बुझाउने शब्द नमस्कार; प्रणाम ।

**नमाज** : ना. (फा.) इस्लाम धर्मका अनुसार मुसलमानहरूले प्रतिदिन पाँच पटक कुरान पढी गर्ने ईश्वर प्रार्थना ।

**नयन** : ना. (सं.) १. आँखा; लोचन; नेत्र । २. लैजाने काम । ३. नेतृत्व गर्ने काम ।

**नवीकरण** : ना. (सं.) १. कुनै वस्तुलाई नयाँ बनाउने काम । २. अवधी सिद्धिएको कुनै कामलाई वैध रूपबाट फेरि लागु गर्ने काम । ३. नवीनीकरण ।

**नाना** : ना. (बा.बो) लुगा कपडाका लागि प्रयोग गरिने शब्द; लुगा; कपडा; वस्त्र ।

**नाना** : वि. (सं.) अनेक; विभिन्न; किसिम किसिमको; थरीथरीको । ओली.वि. अनेक किसिमको; थरीथरीको; भाँतीभाँतीको; नानावली ।

**निधो** : ना. (सं. निन्दा+ओ) १. अन्तिम निर्णय; पक्कापक्की; निश्चय । २. खोजेर पत्ता लगाउने कार्य; टुङ्गो; खोजीनिती ।

**निमोनियाँ** : ना. (अङ्. न्यूमोनियाँ) छातीभित्र चिसो पारेर फोक्सो सुनिई दम र ज्पर आउने कडा रोग; ठन्डी घुसेर ज्वर आउने रोग विशेष; दग्धी ।

**नियत** : ना. (अ.नीयत) १. आन्तरिक लक्ष्य; भित्री उद्देश्य । २. इरादा; मनसुबा; मनसाय ।

**नियत** : वि. (सं.) नियम; कानुन; प्रथा वा बन्देज आदिद्वारा सीमित गरिएको; नियमबद्ध । २. तोकिएको; निश्चित; निर्धारित ।

**नियन्त्रण** : ना.(सं.) १. नियम वा बन्धनमा राख्ने काम; व्यवस्थित स्थिति वा अनुशासनको अधीनता । २. शक्ति प्रयोगबाट हुने वा गरिने अशान्त स्थितिको दमन ।

**नियम** : ना.(सं.) १. परम्परागत नीति; विधि; धार्मिक व्यवस्था आदिद्वारा व्यवहार वा आचरणका बारेमा निश्चित गरिएको सिद्धान्त; कुल फाइदा । २. ऐन कानुन अन्तर्गत कार्य सञ्चालनको विधि; सवाल । ३. अनुशासन ।

**नियमित** : वि. (सं.) १. नियममा बाँधिएको; नियमबद्ध । २. नियम वा फाइदा अनुसारको । ३. कार्यालय वा शिक्षण संस्था आदिमा प्रायः सधैँ र ठीक समयमाा उपस्थित हुने । ४. निश्चित; निर्धारित ।

**निर्घिनी** : वि. (सं. निर्घृण+ई) १. इज्जत नभएको; बेइज्जतीपूर्ण । २. तुच्छ; नीच । ३. घिन नमान्ने ।

**निर्जन** : वि.(सं.) १. कुनै प्राणीसम्म पनि नभएको; एउटा मान्छे पनि नभएको; एकान्त; सुनसान; एक्लासे ।

**निर्धक्क** : वि.(निर्+धक) १. डर वा त्रास नभएको; धक नमान्ने; सङ्कोच नमान्ने । २. निरङ्कुश ।

**नेतृत्व** : ना. (सं.) १. कुनै दल वा जन समुदायको सामुदायिक कल्याण गर्न गरिने मार्ग प्रदर्शन । २. नेताको काम वा पद; अगुवाले गर्ने कार्यृ । ३. कुनै नयाँ कुराको खोजीमा वा नौलो सिद्धान्त प्रतिपादनमा सबैभन्दा पहिले सफल हुने कार्य ।

**नेत्र** : ना.(सं.) १. आँखा; चक्षु; चयन । २. नेती । ३. बाँस; उखु आदिको आँख्लो ।

**नोबेल पुरस्कार** : ना.(नोबेल+पुरस्कार) भौतिक विज्ञान; रसायन शास्त्र; अर्थशास्त्र; शरीर विज्ञान; औषध विज्ञान; साहित्य र शान्ति जस्ता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने; विश्वका जुनसुकै व्यक्तिलाई प्रतिवर्ष छुट्टाछुट्टै प्रदान गरिने स्विडेनका नागरिक अल्फ्रेड वर्नहार्ड नोबेलद्वारा सन् १९०१ मा स्थापित विश्वप्रसिद्ध पुरस्कार ।

**न्यातपोल** : ना.(नेवा.) १७६५ सालमा राजा भूपतीन्द्र मल्लले बनाएको; भक्तपुर जिल्लाको कौमदी टोलमा अवस्थित नेपालको एक प्रसिद्ध पाँचतले देवल ।

## प

**पँधेरो** : ना.(पनेरो) १. खानेपानी लिन जाने कुवा आदि सार्वजनिक ठाउँ; पानीघाट; जलाशय; पनेरो । २. धान सागसब्जी आदिमा लागी तिनलाई बिगार्ने एक प्रकारको दुर्गन्धित किरो ।

**पतिङ/पतिङ्गर** : ना.(पात+इङ्र/इङ्गर; सं. पत्राकीर्णट) झरेर भुइँमा झरेका पातहरूको समुदाय; पात पतिङ्गर ।

**पत्कर** : ना. (सं. पत्रकृत) सुकेर भुइँमा झरेका पात पतिङ्गर वा झारपात ।

**परजीवी** : वि.(सं.) १. अरूका भरमा बाँच्ने; अर्काका आश्रयमा रहेको । २. आफ्नो स्वतन्त्र जरा नहुने (आकाश बेली) र भए पनि अरू वृक्षको बोक्राबाट रस चुसी बाँच्ने (सुनाखरी आदि झैँ) वनस्पति ।

**परलोक** : ना.(सं.) १. धर्म तथा पुराणअनुसार; मरेपछि प्राणीको आत्मा गएर रहने ठाउँ; स्वर्ग । २. मृत्यु; मरण ।

**परहित** : ना.(सं.) अर्काको भलाई; पराईको कल्याण ।

**पराई** : वि.(प्रा.पचर सं. परक) १. आफूदेखि बाहेकको; अर्को बिरानो । ना.२. आफन्त बाहेकको व्यक्ति परचक्री ।

**परिचालन** : ना.(सं.) १. कुनै कार्य वा संस्थाको प्रबन्ध । २. हल्लाउने काम; वरिपरि घुमाउने काम । ३. हिँड्डुल गराउने काम ।

**परिजन** : ना. (सं.) १. आश्रयमा रहेका व्यक्ति; परिवार; जहान (स्त्री; पुत्र; नोकर इ.) २. दरबार भित्रका कर्मचारी ।

**परिभ्रमण** : ना.चारैतिर घुम्ने वा चक्कर लगाउने काम । २. यताउति जाने वा घुमफिर गर्ने काम । ३. परिधि; घेरो ।

**परियोजना** : ना.(सं.) १. कुनैपनि विषयवस्तुको सम्पूर्णतालाई ध्यानमा राखी सोसम्बन्धी कार्य सम्पन्न गर्नका निम्ति बनाइएको योजना (प्रोजेक्ट) । २. मनमा सोचेर अगाडि आउने स्थितिको अनुमान लगाएर गरिएको योजना वा परिकल्पना ।

**पर्यटक :** वि.(सं.) १. पर्यटन गर्ने; देश विद्येश घुम्ने; भ्रमण गर्ने; घुमक्कड । ना. २. त्यस्तो व्यक्ति ।

**पर्यटन :** ना. (सं.) दर्शनीय र महत्वपूर्ण स्थानहरू हेर्न वा मन बह लाउनका निम्ति देश; विद्येशमा गरिने भ्रमण वा यात्रा ।

**पर्यावरण :** ना. (सं.) १. कुनै वस्तु; विषय; व्यक्ति आदिको स्थिति; वातावरण । २. चारैतिर फैलिएको वा रहेको हावापानी ।

**पाटी :** ना. (सं.पट्ट+ई) १. बटुवाहरूलाई विश्राम गर्न एवम् वास बस्नका निम्ति बनाइएको घर; धर्मशाला; टौवा; ठाँटी ।

**पाताल :** ना.(सं.) १. पौर्वात्य परम्परा अनुसार पृथ्वीका तरतिर रहने सात लोकमध्ये सबभन्दा तल्लो लोक; पत्ताल; नागलोक । २. पृथ्वीभन्दा तलको कुनै लोक । ३. घर बनेको बनाउने जग्गा ।

**पापी :** वि. (सं.) १. पापकर्म गर्ने स्वभावको; दुराचारी । २. निठुरी; दया नभएको । ना. ३. पापकर्ममा लागेको व्यक्ति ।

**पिँध :** ना.कुनै भाँडो वा वस्तुको सबैभन्दा तल्लो भाग; पुछार; पिँध । २. तल्लो सतह; तल्लो भाग; भुइँ । ३. फेद; फेदी ।

**पिण्ड :** ना.(सं.) १. सानो वा ठूलो कुनै खँदिलो डल्लो; गोलाकार कुनै वस्तु; बाटुलो पदार्थ । २. श्राद्धमा पितृका नाममा छोरा वा नाति आदिद्वारा चढाइने भात वा जौको पिठाको डल्लो । ३. शरीर; देह । ४. अर्काले खान दिएको कुरा (तुच्छार्थमा) ।

**पीडा :** ना. (सं.) १. शरीरमा चोटपटक लाग्दा वा अन्य कुनै कारणले शारीरिक कष्ट हुँदा वा मानसिक आघात पर्दा सचेत व्यक्तिका मनमा हुने दुःखको अनुभूति; शारीरिक वा मानसिक दुःखको अनुभव; वेदना; व्यथा; तकालिफ; कष्ट । २. रोग; व्याधि ।

**पुञ्ज :** ना. (सं.) वस्तुहरूको समूह; थुप्रो; रास ।

**पुरातात्विक** : वि.(सं.) पुरातत्व सम्बन्धी; पुरातत्वको ।

**पुल्टुङ :** ना. (अ.मू.) पल्टँदै जाने किसिम । बाजी.ना. पुल्टुङ खाने चाल; पल्टनबाजी ।

**पुष्प :** ना. (सं.) १. फूल । २. नछुने भएकी आइमाईको राज; स्त्री जातिमा ऋतुकालमा रहने तत्व । वृष्टि.ना. विशेष पर्व; उत्सव आदिमा ठूलाबडा व्यक्तिका सम्मानमा गरिने फूलको वर्षा ।

**पृष्ठ** : ना.(सं.) १. शरीरको पछिल्लो भाग; डँडाल्नो; पिठिउँ; पिठिम । २. पुस्तकका पन्ना वा कागतको एकपट्टीको भाग । ३. कुनै वस्तु; व्यक्ति ववा कुराको पछिल्लो भाग । भूमि.ना. १. कुनै वस्तु वा कुनै कुराको मूल आधार वा भूमिका । २. पछिल्तिरको जमिन ।

**प्रचार** : ना. (सं.) १. कुनै वस्तु वा कुरालाई कुनै उपायले निरन्तर वा व्यापक रूपमा फैलाउने क्रिया; कुनै कुरालाई बराबर उपयोग वा व्यवहारमा ल्याउने काम । २. उपर्युक्त आधारमा लोकप्रिय बनाउनका निम्ति प्रचारित गरिने कुनै पनि कुरो ।

**प्रज्ञा** : ना.(सं.) १. नयाँनयाँ कुरा सोच्न सक्ने वा कल्पना गर्न सक्ने मानसिक शक्ति; गहिरो कुरा सोच्न सक्ने बुद्धि; विवेक । २. विशिष्ट ज्ञान । चक्षु.ना. १. मानसिक दृष्टि प्रबल भएको व्यक्ति; प्रज्ञा नै आँखा भएको व्यक्ति; ज्ञान चक्षु । २. ठूलो विद्वान; मेघावी ।

**प्रतिक्रिया** : ना.(सं.) १. कुनै घटना वा क्रिया हुँदा त्यसको फलस्वरूप हुने क्रिया वा भावना । २. कुनै घटना वा कार्य हुँदा हुने मनको स्थिति वा मनमा पर्ने प्रभाव । ३. मनको विरोधी स्थिति । ४. परिणाम ।

**प्रतिफल** : ना. (सं.) १. कुनै कुराको निचोड; निष्कर्ष । २. कसैले अर्काप्रति गरेका गुण वा अवगुणका अनुरूप राम्रो वा नराम्रो परिणाम । ३. कुनै कुराको फल; नतिजा; परिणाम ।

**प्रतिभा** : ना. (सं.) १. नयाँनयाँ कुराको कल्पना गर्न सक्ने र कलात्मक मौलिक तथा रचनात्मक भाव; कृति आदि प्रस्तुत गर्न सक्ने असाधारण तीव्रता र प्रखरता भएको सहज बुद्धि वा मानसिक शक्ति; प्रज्ञा ।

**प्रतिमूर्ति** : ना. (सं.) कुनै वस्तु वा व्यक्तिको आकृतिको अनुकृति; प्रतिभा ।

**प्रथम** : वि.(सं.) १. गन्ती गर्दा सबभन्दा पहिले आउने; पहिलो । २. सबैभन्दा असल; सर्वोत्तम । ३. सबैभन्दा मुख्य; प्रधान ।

**प्रथा** : ना. (सं.) १. पितापुर्खाका पालादेखि वर्तमानसम्म चल्दै आएको र जीवनलाई प्रभावित पार्दै आएको रीतिरिवाज; पहिलेदेखि नै चलिआएको चालचलन; परम्परागत परिपाटी; बुढिरुढी ।

**प्रदक्षिणा** : ना. (सं.) १. कुनै देवमूर्तिलाई; मन्दिरलाई वा वरपिपल आदि वृक्षलाई दाहिनेपट्टि पारी भक्तिपूर्वक चारैतिर घुम्ने काम। २. कुनै व्यक्ति वा वस्तुका चारैतिर घुम्ने काम; फेरा माराइ; घुमाइ।

**प्रबल :** वि. (सं.) १. प्रशस्त बल भएको; ज्यादै बलियो; बलवान; बलिष्ठ शक्तिशाली। २. उग्र किसिमको; भयङ्कर; प्रचण्ड।

**प्रभु :** ना.(सं.) १. सबैले सम्मान गर्नुपर्ने व्यक्ति; मालिक; स्वामि। २. सर्वशक्ति सम्पन्न अधिकारी; अधिपति; शासक। ३. ईश्वर परमात्मा।

**प्रयोग** : ना. (सं.) १. कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य; उपयोग। शाला.ना. १. पदार्थ विज्ञान; रसायन शास्त्र आदि विज्ञान विषयक तथ्यहरूलाई जाँचबुझ गर्ने; सम्झने जान्ने वा त्यस सम्बन्धमा नयाँ तथ्य पत्ता लगाउने आदि दृष्टिबाट विभिन्न प्रयोग गरिने स्थान।

**प्रलय :** ना. (सं.) १. संसारमा भएका नाना किसिमका दृश्य एवम् अदृश्य पदार्थहरू सबै नै विलिन भएर लुप्त हुने प्रक्रिया। २. सर्वनाश; विध्वंश; संहार। ३. मृत्यु; मरण।

**प्रलोभन** : ना. १. ज्यादै लोभ एवम् लालच गर्ने काम। २. लोभ्याउने प्रक्रिया।

**प्रवर्धन** : ना.(सं.) १. सानो वा थोरैबाट ठूलो हुँदै वा धेरै हुँदै जाने क्रिया; वृद्धि। २. सानोबाट ठूलो वा थोरैबाट धेरै गराउने क्रिया; बढाउने कार्य; वृद्धि।

**प्रवाह :** ना. (सं.) १. पानीको बगाइ; जलधार। २. हावाको बहाई; वायु प्रवाह। ३. पानीसँग कुनै वस्तुको बगाइ वा हावासँगै कुनै वस्तुको बहाइ। ४. बगुवा पानी वा बहँदो हावा।

**प्रवाहित** : वि. १. राम्ररी बगेको बगाइएको। २. ओसारिएको; लगिएको। ३. बहेको वा बहाइएको।

**प्रवृत्ति :** ना. (सं.) १. कुनै कार्य; लक्ष्य; वस्तु वा ततिरको मानसिक झुकाउ। २. मनको लगन। ३. वार्ता; वृत्तान्त। ४. चालचलन; आचारविचार।

**प्रसार :** ना.(सं.) १. चारैतिर फैलने वा फैलाउने काम; विस्तार; फैलावट। २. चारैतिर छरिने क्रिया; पसारो। ३. कुनै कुराको व्यापक प्रचार एवम् चर्चा।

**प्रस्तर :** ना. (सं.) १. फैलिएर रहेका विविध किसिमका ढुङ्गा; पत्थर; पाषाण। २. सुत्न वा बहनका निम्ति ओछ्याइने ओछ्यान विछ्यौना।

**प्रस्ताव :** ना. (सं.) १. कुनै कार्य वा उद्देश्यका निम्ति उठाइएको प्रसङ्ग; प्रस्तुत गरिने वा गरिएको कुरो ववा चर्चा; सुझाउ। २. कुनै ग्रन्थ; रचना आदिको भूमिका; प्रस्तावना।

**प्रहर :** ना. (सं.) १. दिनरातका आठ भागको एक भाग; अहोरात्रको आठौं भाग; तिन घण्टाको समय। २. पहर; याम। प्राङ्गण.ना. (सं.) १. आँगन। २. सानो खालको ढोल वा ढोलकी।

**प्रेरक :** वि. (सं.) १. कुनै विषय वा उद्देश्यप्रति हौसला दिने र सक्रिय वा सथेष्ट गराउने; प्रेरणा दिने; उत्तेजक। २. कुनै व्यक्ति वा वस्तुलाई; कतै पठाउने; ठेल्ने। ३. पेल्ने।

**प्रेरणा :** ना. (सं.) १. कसैले कसैलाई कुनै कार्य वा उद्देश्यप्रति प्रवृत्त गराउने क्रिया; हौसला ववा उत्साह। २. मानसिक प्रवृत्तिको सक्रियता उत्तेजना। ३. उत्तेजना दिलाउने माध्यम ववा कार्य; उत्तेजन; उद्दीपन।

## फ

**फटाफट :** क्रि.वि. (अ.मू.फट्+आ.+फट्) १. लामा लामा फड्का चाल्दै चाँडोचाँडो हिँड्ने गरी। २. कुनै काम छिटो छिटो गर्ने वा बोल्ने किसिमसँग।

**फटाहा :** वि. (फाटो+आहा) १. साना कुरालाई बढाई चढाई ठूलो पार्ने वा भए नभएको कुरा गर्ने। २. झुटो बोल्ने; नयाँ हिँड्दा गफ गर्ने। ३. झुटो काम वा व्यवहारद्वारा सोझा सिधा जनतालाई दुःख दिने (व्यक्ति)।

**फट्को :** ना. १. टाढाटाढा पैताला पुग्ने गरी छिटोछिटो हिँड्दाको चाल; त्यस प्रकारको पाइलो चलाइ; फड्को। २. मुटु आदिको द्रुत चाल; धड्कन। भित्री व्यथाद्वारा हुने छटपटि; उँभर्को; खरो।

**फराकिलो :** वि. (फराक+इलो) धेरै फराक भएको; चारैतिर फैलिएको व्रिस्तित।

**फाइदा :** ना. (अ.फायद) १. कुनै कामकुरा; व्यापार आदिमा हुने बढी प्राप्ति; लाभ; नाफा; फायदा। २. कामकुराबाट हुने इष्ट वा शुभ परिणाम; असल नतिजा।

**फितलो :** वि. (प्रा.फिट्ट) १. दह्रो नभएको; लुलो; दुर्बल। २. निर्धो शिथिल; कमजोर।

## ब

**बखान :** ना. (सं.व्याख्यान) १. कुनै कुराको वर्णन; बयान। २. तारिफ गर्ने काम; प्रशंसा।

**बम्किनु :** अ.क्रि.बम्कने होइन : कुर्लिनु।

**बल्ल :** क्रि.वि. (सं.बलात्) १. बलपूर्वक वा मुस्किलसँग; कुनै किसिमले । २. धेरै समयपछि; धेरै कालमा । तल्ल.क्रि.वि. बढो मुस्किलसँग; कठिनसित; बल्लबल्ल ।

**बह :** ना.(प्रा.) १. पेट दुखेर मुखमा पानी आइ रहने रोगविशेष; भित्र दुख्ने एक प्रकारको शुल । २. आन्तरिक वेदना; मनको पिर ।

**बहादुरी** : ना.(फा.) बहादुरको पन; सामर्थ्य वा गुण; विरता; पराक्रम ।

**बहिष्कृत** : वि.(सं.) १. बहिष्कार गरिएको; बाहिर निकालिएको । २. कुनै कार्यक्रम; सभा आदिमा भाग नलिइएको ।

**बहुभाषिक** : वि. (सं.) दुईभन्दा बढी भाषा बोल्न र बुझ्न सक्ने (व्यक्ति) ।

**बाउन्ने :** वि. (सं.वामन+ए) १. ज्यादै होचो; पुड्को; बामपुड्के । २. ढाडको अनुपातमा हात र खुट्टा धेरै छोटा हुने ।

**बाटो :** ना. (सं. वर्त्म) १. हिँड्नका निम्ति बनाइएको फराकिलो वा साँघुरो सातोदार ठाउँ (सडक; गल्ली; गोरेटो आदि) । मार्ग; पथ । २. तरिका उपाय; पद्धति । कुरुण.वि. १. बाटो कुर्ने । ना. २. प्राय बाटामा बस्ने एक जातको सानो सर्प ।

**बाहुल्य** : ना. (सं.) धेरै हुनाको भाव वा अवस्था; अधिकता; अधिपञ्च ।

**बुकुने** : वि.बुकुनो जस्तो; पुड्को; ग्याँचे ।

**बुद्धि/बुद्धी :** ना. (सं.) १. बुझ; विचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति; ज्ञान; प्रज्ञा; मति । २. समझ; अक्किल । मानी.वि. बुद्धिमानमा रहने गुण; समझदारी ।

**बेमेल :** वि.(बे+मेल) १. जोडा नमिलेको; मेल नखाने । ना. मेल नहुने काम; वैरभाव; फाटो ।

**बेहोस :** वि. (बे+होस) १. होस नभएको; अचेत अवस्थाको; मुर्च्छिता ।

## भ

**भगवान् :** ना. (सं.) १. ऐश्वर्य; सौभाग्य; यश; धर्म; ज्ञान र पिराग जस्ता छ तत्वले पूर्ण भएको अलौकिक पुरुष; ईश्वर; परमात्मा । २. विष्णु । ३. शिव । ४. बुद्ध । वि. ५. ऐश्वर्ययुक्त; शक्ति सम्पन्न । ६. पूज्य; मान्य ।

**भनाभन :** ना. (भन्+आ+भन्) परस्परमा एकले अर्कोलाई जथाभावी भन्ने काम; बाझाबाझ; गालमुखाल ।

**भाय :** ना. (सं.) कुनै सङ्कट वा अनिष्ट कुराको सम्भावनाद्वारा उब्जने र प्राणीलाई चिन्तित तथा व्याकुल बनाउने मानसिक स्थिति; डर; त्रास ।

**भलाकुसारी :** ना. (भलो+कुशल) १. धेरै दिनपछिको भेटभाटमा दुवै पक्षले गर्ने; पारस्परिक सुखदुःखका प्रश्नोत्तर; कुशल; मङ्गल वा सन्चो बिसन्चोको सोधनी । २. दिल खोलेर गरिने मैत्रीपूर्ण कुराकानी; वार्तालाप ।

**भव्य :** वि. (सं.) १. हेर्दैमा सुन्दर एवम् विशाल; हुनेसम्मको सानदार । २. कल्याणकारी; मङ्गलदायक; शुभ । ३. उपयुक्त; योग्य; सुहाउँदो । ४.प्रसन्न तथा शान्त ।

**भाकल :** ना. (भाक्+अल) आफ्नो इच्छा सिद्ध होस् भनेर देवदेवीलाई पूजा गर्ने तथा बलि चढाउउने प्रतिज्ञा; देवता भाक्ने काम ।

**भाग्य :** ना. (सं.भाग्य) मनुष्यले आफ्नो कर्मलाई पूर्वनियोजित योजना फलका रूपमा स्वीकारेको दैवी विधान; प्रारब्ध ।

**भारदार :** ना. (सं.भार+फा.दार) १. कुनै शासन व्यवस्थाका उच्च ओहदामा रही काम गर्ने व्यक्ति; प्रतिष्ठित राज कर्मचारी; राजसभाको सदस्य; राज सभासद् ।

**भावी :** ना. (सं.) १. भविष्यत् काल; आउँदो समय । २. पछि गएर नभई नहुने कुरो; हुने हुनामी । ३. भाग्य; तकदिर । वि. ४. भविष्यमा हुने; पछि हुने ।

**भावुक :** वि. (सं.) १. मनमा कोमल भाव सहजसित सञ्चार हुने सुकुमार हृदय भएको; कोमल चित्त । २. सहृदय; रसज्ञ । ३. राम्रो वा असल कुराको विचार गर्ने; असल भावना लिने ।

**भुखण्ड :** ना. (सं.) १. जमिनको टुक्रो । २. ज्यादै झन्झटको काम; अप्ठ्यारो काम । ३. ठूलो विघ्नबाधा; ठूलो अड्काउ ।

**भेदभाव :** ना. (सं.) १. प्रायः समान मानिएका व्यक्ति वा वस्तुहरूकाबीच गरिने वा सम्झिने भेदको विचार; पक्षपात गर्ने भाव । २. कसैसँग असल र कसैसँग खराब व्यवहार गर्ने काम; पक्षपात ।

**भ्रम :** ना. (सं.) १. कुनै विषयलाई अर्कै सम्झने स्थिति वा प्रक्रिया; मिथ्या ज्ञान; गलत अभ्यास । २. शङ्का; सन्देह । ३. भूल; बिराम ।

**भ्रमण :** ना. (सं.) १. घुमफिर वा डुलफिर गर्ने काम; नजिक वा टाढाको आइजाई । २. देश देशाबरको विचरण्ढा; देशाटन । ३. यात्रा; सफर ।

**भ्रमर** : ना. (सं.) भमरो; भँपरो ।

**भ्रष्ट** : वि. (सं.) १. कहीँबाट फ्यात्त खसेको; च्युत भएको; गिरेको । २. आचरण र अनुशासनबाट तल झरेको; दुश्चरित्र । ३. अपवित्र; दुषित । ४. बिग्रेको; विनाश भएको ।

## म

**मकालु** : ना. कोसी अञ्चलको उत्तर पश्चिम सीमामा पर्ने कुम्भकर्ण हिमालको २७,७५९ फिट अग्लो एक चुचुरो ।

**मक्ख** : वि. (फा.मस्त) १. आनन्द; हर्ष आदिले लट्ठ परेको : फुरुक्क परेको; मस्त ।

**मदेस/मदेश** : ना.हे.मधेस ।

**मध्य** : ना. (सं.) १. कुनै चिजको बीचको भाग; माझ; केन्द्र । २. शरीरको मध्यभाग; कटी; कम्मर । ३. फरक; अन्तर । ४. दश अरबको संख्या ।

**मध्यवर्ती** : वि.(सं.) १. बीचमा रहेको; माझमा रहेको; मध्यस्थ । २. कुनैपनि पक्षमा नलाग्ने; तटस्थ । ३. कुनै वृत्त वा रेखालाई बराबरी पार्ने गरी बीचमा सङ्केतका रूपमा रहेको बिन्दु ।

**मनस्थिति** : ना.(सं.) मनको अवस्था; मानसिक स्थिति ।

**मनोकामना** : ना.(सं.मनकामना) मनको कामना वा इच्छा; मनकान्छे ।

**मनोरञ्जन** : ना.(सं.) मनलाई प्रसन्न तुल्याउने काम; दिल बहलाउने काम; मनोविनोद ।

**मनोवृत्ति** : ना.(सं.) कुनै काम कुरोतर्फ लाग्ने वा त्यसबाट हट्ने मानसिक स्थिति वा झुकाउ; मनको क्रियाशीलता; चित्तवृत्ति; स्वभाव ।

**मर्म** : ना.(सं.) १. चोट लाग्दा वा एक्कासी बज्रँदा साह्रै दुख्ने र ज्यान समेत जाने सम्भावना हुने शरीरको कोमल अङ्ग; मर्मस्थल । २. शरीरका हाड; नसा आदिको जोर्नी; सन्धिस्थल । ३. गुप्ती कुरो; आन्तरिक रहस्य; भेद ।

**मर्यादा** : ना.(सं.) १. कुनै कामकुरो यतिसम्म गर्न हुन्छ भन्ने वा यहाँसम्म जान सकिन्छ भन्ने टुङ्गो; सीमा; हद । २. परम्परागत रीतिथिति; चालचलन । ३. नैतिक बन्धन । ४. प्रचलित नियम; व्यवहार प्रणाली । ५. कबुल प्रतिज्ञा । ६. किनारा; तट ।

**मस्तिष्क** : ना.(सं.) १. खोपडी; गिदी; दिमाग; मगज । २. बुद्धि प्रतिभा; विचार शक्ति ।

**महत्व :** ना.(सं.) १. महान् हुनाको भाव वा अवस्था; विशालता; महत्ता । २. आवश्यकता; जरुरत । ३. उत्तम; श्रेष्ठता । ४. ऐश्वर्य ।

**महत्त्वाकांक्षी :** वि. महत्वाकांक्षा राख्ने, महत्त्वाकांक्षा भएको ।

**महापुरुष :** ना.(सं.) १. ठूला मानिस; पूज्य व्यक्ति । २. परमात्मा । ३. विष्णु ।

**माथ :** ना. (सं. मस्तक) टाउको; शिर; माया ।

**माथ :** ना.हे.मात ।

**मित्र :** ना.(सं.) १. साथी; सखा; सँगी; दौँतरी; सँगाती । २. सूर्य; आदित्य । ३. सहयोगी; शुभ चिन्तक ।

**मिनार** : ना.(अ.मीनार) स्तम्भ आकारमा बनेका उच्च इमारत; धरहरा ।

**मुग्ध :** वि.(सं.) १. मोहमा परेको; मक्ख; मोहित । २. होस हवास गुम भएको; मुर्छित । ३. मुद; मुर्ख; अज्ञानी; जड । ४. सरल सिधासाधा; सोझो । ५. प्रणयोन्मत ।

**मुरमुरी :** नु.अ.क्रि. (मुरमुर+इ+नु) १. भित्रभित्रै रिसाउनु; रिसले चुर हुनु । २. मुरमुराउने काम गरिनु ।

**मुर्ख :** ना.(सं.) १. साह्रै कम बुद्धि भएको वा बुद्धि नै नभएको; निर्बुद्धि; नासमझ; बेबकुफ; मुढ । २. लेखपढ गर्न नजान्ने; अशिक्षित; अपढ ।

**मेघ :** ना.(सं.) १. आकाशमा जम्मा भएको जलझाग; बादल; मेहरो । २. कुहिरो । ३. एक बास्नादास घाँस; मोथे । ४. थुप्रो; समूह; रास । माला.ना. बादलको ताँती ।

**मेरु :** ना.(सं.) १. पुराणमा वर्णित एक पर्वत; सुमेरु पर्वत । २. हारका बीचको मणि । ३. मेरुदण्ड; ध्रुव । दण्ड.ना. १. गर्दनदेखि गुदद्वारसम्म गएको पिठिउँका बीचको ठाडो ढाड; पृष्ठवंश ।

**मेवा** : ना.(फा.मेव) १.मसलाका रूपमा खाइने काजु; मनुक्का; बदाम; आदि सुख्खा फल । २. प्रायः हाँगा नलाग्ने बोटमा अडिरका जस्ता पात हुने; काला बियाँ भएका ठूला र लाम्चा फल फल्ने एक बोट वा त्यस्तै फल; पपिता । मिष्ठान्न.ना. फलफूल; मिठाई आदि परिकार ।

**मैत्री** : ना.(सं.) आपसमा हुने मित्रभाव; मित्रता; दोस्ती । पूर्ण.वि. मित्रताको भावनाले भरिएको ।

**य**

**यक्ष :** ना.(सं.) देवयोनिका विविध भेदमध्ये एक । २. कुबेरका प्रजागण । ३. कुबेर । ४. राई जातिको एक भेद; याखा ।

**युगान्त :** ना.(सं.) १. कुनै निश्चित मानिने समयको समाप्ति; युगको अन्तिम समय । २. सृष्टिको प्रलय । कारी.वि. युगान्तक ।

**युग :** ना.(सं.) १. जुनसुकै दुईवटा वस्तुको समूह; जोडा; युग्म । २. लोक; संस्कार अनुसार बाह्र वर्षको समयावधी । पुरुष.ना. कुनै निश्चित समयका सीमाभित्र महान् व्यक्तित्व स्थापना गर्न सफल भएको व्यक्ति; युग नायक ।

**योग :** ना. (सं.) १. कुनै दुई वस्तु परस्परमा मिल्ने वा जोडिने काम; मिलाई; जोडाइ; संयोग । २. सम्पर्क; सम्बन्ध । ३. आपसी हेलमेल; मेलमिलाप । दान.ना. कुनै काममा महत्वपूर्ण सहायता दिने काम; सहभागिता ।

**योजना :** ना.(सं.) कुनै कार्य व्यवस्थित रूपमा सञ्चालित गर्नका निम्ति पहिले नै निर्धारित गरिने कार्यक्रम वा रूपरेखा; काम सिद्ध गर्न चाहिने साधन; उपाय; व्यवस्था आदिको पूर्व निश्चित तयारी । २. कार्यक्रम । ३. व्यवस्था; प्रबन्ध ।

## र

**रन्थनिनु :** अ.क्रि. १. चोट; ठक्कर आदिका वेदनाले टुनमुनिनु; रन्थनाउनु । २. रिङ्गटा लाग्नु; रनाहा छुट्नु ।

**रस :** ना.(सं.) १. आलो वा गिलो वस्तु निचोर्दा आउने द्रव पदार्थ; झोल । २. अमरता प्रदान गर्ने सुधा; अमृत । ३. रक्सी; मदिरा । ४. जल; पानी । ५. तरल पदार्थ; पन्यालो वस्तु; द्रव ।

**रसायन :** ना.(सं.) १. धातुलाई गालेर भस्म पार्ने वा एक धातु वा द्रव्यलाई अर्को वस्तुमा परिणत गर्ने विज्ञान; रसायनिक विद्या; रसायन शास्त्र । २. औषधी । ३. रसाइन । ४. तरल पदार्थ बिस्तारै चुहुने काम; रसाइ ।

**राणा :** ना.(सं.राज्ञ) १. नेपालमा वि.सं. १९०३ मा शासन सत्ता आफ्नो हातमा लिने जङ्गबहादुरदेखि चलेको कुँवर थरका राणा प्रधानमन्त्री (तिन सरकार)का वंशजहरूको उपाधी । तन्त्र.ना. राणाहरूले चलाएको जहानियाँ शासन पद्धति ।

**रात :** ना.(सं.रात्रि) घाम अस्ताएदेखि घाम नझुल्कुन्जेलको समय; दिनको विपरीतार्थक शब्द; रजनी; रात्रि ।

**रिपु१** : ना.(सं.) शत्रु; वैरी ।

**रिपु२** : वि. (सं.ऋभु) अत्यन्त निपुण; औधी सिपालु; पोख्त ।

**रीति** : ना.(सं.) १. कुनै काम गर्ने फाइदा; किसिम वा ढङ्ग; परिपाठ । २. कामको परिपाटी वा पद्धति । ३. पुर्ख्यौली चलन; रिवाज; प्रथा ।

**रुखासुखा** : वि.(रुखो+सुखो) रुखो र सुक्खा; रुखोसुखो ।

**रुद्राक्ष** : ना.(सं.) कथ्य; रुद्राच्छे । हाँगामा लामा लामा हरिया केशर हुने सेतो फूल फुल्ने प्रसिद्ध वृक्ष वा जपमाला बनाइने त्यसैको साऱ्हो गोलकाँडे बियाँ ।

## ल

**लक्का** : ना.(अ.) १. पुच्छर फिँजारिएको एक जातको परेवा; भाले परेवा । २. बाज पक्षीको भाले । वि. ३. मस्त जवान; तरुनो; लायक ठिटो । जवान.ना. लाठे वा मस्त युवक; बैँसदार तन्नेरी ।

**लक्ष्य** : ना.(सं.) १. हेर्नु; चिन्नु; जान्नु र गर्नुपर्ने कुनै पनि कामको खास चिह्न वा निसाना; तारो । २. ताकेको कुरो; ताक; उद्देश्य; ध्येय । ३. आक्षेप गरिएको विषय ।

**लाँक्रो** : ना.(सं. लाङ्गुल) एक बोघ उखुको सिङ्गो डाँठ; ढाँक ।

**लागु** : ना.(लाग+ऊ) १. मादक वस्तु वा नसादार पदार्थ (रक्सी; गाँजा; भाङ; जाँड इ.) । २. लगभग; लागो । ३. ऐन; नियम; आदेश आदिलाई प्रभावशाली तुल्याउने वा व्यवहारमा ल्याउने काम । ४. प्रमाणित हुने काम; ठीक ठहर ।

**लाम्काने** : वि. (लामो+कान+ए) लामा कान भएको; लम्कन्ता ।

**लिखुरे** : वि. (लिखुरो+ए) साऱ्है दुब्लो; सिकुटे; लिखुरे; फुकढिल; लिखुरो; लिखुर्के; लिखुटे ।

**लिदी** : ना.(प्रा. लद्दी) हात्ती; घोडा आदिको विष्ठा; लादी ।

**लिसो** : ना.(सं.श्लिषा) १. खोटो; तेल आदि मिलाई सूर्यपाक गरेर तयार पारिएको च्याटच्याटे पदार्थै । २. रुखबाट निस्कने लेखाइलो चोप; गुँद; खोटो । ३. रुखमा मजबुतीसाथ टाँसिएर रहने एक लहरो ।

**ल्होसार** : ना. (भो.ब.) १. महायानी बौद्ध धर्मालम्बीहरूको नयाँ वर्षको पहिलो दिन । २. सो दिनमा मनाउने पर्व ।

## व

**वनस्पति** : ना.(सं.) प्रायः फूल नफुलिकनै फल लाग्ने खालको रुख विशेष; बोटबिरुवा; लता आदि ।

**वर्ग** : ना.(सं.) १. समान दृष्टिका कुनै जाति; पेशा; वर्ण; श्रेणीस्तर; आकारप्रकार आदिको समूह; समान धर्म; संस्कृति; भाषा आदि हुने मानिसहरूको समूह वा जमात; दल; श्रेणी; दर्जा; विभाग । २. गणितमा दुई समान अङ्क वा संख्याले गुन्ने रीति वा त्यसरी निकालिएको गुणनफल । किलोमिटर.ना. एक किलोमिटर लम्बाइ र एक किलोमिटर चौडाइ भएको क्षेत्रफल ।

**वस्त्र** : ना.(सं.) १. पहिरने वस्तु; पहिरन; पोसाक । २. सिइएको वा नसिइएको कपडा; लुगा । ३. देवदेवीले पहिरिने वा देवदेवीलाई चढाइने कपडा वा पोसाक ।

**वाग्देवी** : ना.(सं.) वाणीको अधिष्ठानी देवी; सरस्वती ।

**वाचा** : ना.(सं.) १. प्रायः सबैले सुन्ने गरी गरिने प्रतिज्ञा; कबुल; किरिया । २. बचन; बोली; वाणी । ३. धार्मिक ग्रन्थहरूको पाठ; सुत्र । ४. शब्द; ध्वनी ।

**वातावरण** : ना.(सं.) १. पृथ्वीको चारैतिर फिँजिएको हावा । २. प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने आसपासको अवस्था; परिस्थिति ।

**वास्तु** : ना.(सं.) १. घर बनाउन छुट्याइएको भूमि; घडेरी । २. घर बनाउन उठाउँदै ल्याइने जग; घर ठडिने आधार स्तम्भ । घर; आवास; वासस्थान; भवन । कला.ना. भवन निर्माण गर्ने शिल्प वा कालिगडी ।

**विकल्प** : (सं.) १. पहिले कुनै कुरा सोचेर फेरि त्यस्को विपरीत अर्कै कुरा सोच्ने काम; पूर्व विचारलाई त्यागेर लिइएको नयाँ विचार । ३. अन्योल; भ्रान्ति; भ्रम ।

**विकास** : ना. (सं.) १. क्रमशः बढ्दै वा सुध्रिँदै गएको स्थिति; उन्नती । २. उत्तरोत्तर प्रगति; क्रमिक परिवर्तन । ३. हुर्केको वा सप्रेको अवस्था; वृद्धि ।

**विकृति** : ना.(सं.) १. स्वाभाविक वा प्राकृतिक रूपबाट भिन्न खालको रूप; नसुहाउँदो आकृति; कुरूप ।

**विगत** : वि.(सं.) १. बितेको; गएको; अतीत । २. बितेको समय भन्दा पहिलेको; गत समयभन्दा पनि पुरानो । ३. बिछोड भएको; अलगिएको; वियुक्त ।

**विपुल :** वि. (सं.) १. बडेमाको; ज्यादै ठूलो । २. धेरै; प्रचुर; प्रशस्त । ३. फैलिएको; विस्तृत; विशाल । ४. ज्यादै गहन; अगाध; गम्भिर ।

**विवश :** वि.(सं.) १. आफ्नो इच्छा नहुँदानहुँदै वा आफ्नो इच्छा विपरित कुनै काम गर्न बाध्य भएको; बाध्य; लाचार । २. आफूखुशी हिँडडुल गर्न वा अन्य कुनै कामकुरा गर्न नपाउने; आफ्नो वशमा नभएको; पराधीन; परातन्त्र । ३. बेहोस ।

**विवेक :** ना. (सं.) १. असल खराब; सत्य असत्य; न्याय अन्याय आदि छुट्याउने क्रिया; क्षमता वा ज्ञान । २. सत्यको ज्ञान; यथार्थको ज्ञान । ३. प्रकृति र पुरुषको भिन्नताको ज्ञान । ४. बुद्धि; समझ ।

**विशेषत :** क्रि.वि. (सं.) विशेष गरेर; खासगरी ।

**विशेषता :** ना.(सं.) विशेष हुनाको भाव वा अवस्था; असाधारणताः असामान्यता; विलक्षणता ।

**विसङ्गति :** ना. (सं.) नमिल्दोपन; बेमेलपन; असङ्गति ।

**विस्फोट :** ना.(सं.) १. कुनै वस्तु ठूलो आवाजका साथ फुट्ने वा चर्कने क्रिया । २. ठूलो आवाजका साथ पड्कने क्रिया । ३. खटिरो । ४. बिफर ।

**विस्मय :** ना.(सं.) १. अचम्म; उदेक; आश्चर्य । २. कुनै आश्चर्यजनक वा अनौठो कुरा देख्दा चित्तमा हुने विकार । साहित्यमा प्रचलित नौ रसमध्ये अद्भूत रसको स्थायी भाव ।

**वृष्टि :** ना.(सं.) १. बादलबाट जल वा पानीको धारो लाग्ने काम झरी; वर्षा । २. पानी परेझैं कुनै वस्तु थोरै वा धेरै मात्रामा ओइरिने वा झर्ने काम; ओइराइ; झराइ ।

**वेद :** ना.(सं.) १. आर्यहरूका धर्म; संस्कृति; आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएका; सर्वप्राचिन र सर्वाधिक मान्य आर्यग्रन्थ; श्रुति; आम्नाय; छन्दस् । २. ज्ञान । ३. ईश्वर ।

**वैकल्पिक :** वि.(सं.) १. पहिले छानिएको व्यक्ति; वस्तु आदि नपाइएमा सो ठाउँमा प्रयोग गरिने वा प्रयोग गर्न सकिने समकक्ष स्तरको अर्को (उम्मेद्वार वा सदस्य; व्यक्ति; वस्तु आदि); विकल्पमा आउने; इच्छाधीन; ऐच्छिक; रोजी । २. सन्दिग्ध; सन्देहयुक्त ।

**वैदिक :** वि. (सं.) १. वेद सम्बन्धी; वेदको; वेदमा भएको; वेदमा भनिएको वा बताइएको । ना.२. वेद पढेको र त्यसैबाट आफ्नो निर्वाह गर्ने व्यक्ति ।

**वैध** : वि.(सं.) नियम कानुन अनुसार बनेको वा भएको विधिपूर्वकको; विधान अनुसारको; नियम कानुनसँग नबाभ्ने ।

**वैर** : ना.(सं.) शत्रुता; दुश्मनी । भाव.ना. शत्रुतापूर्ण सम्बन्ध; शत्रुता ।

**वैरी** : ना.(सं.) १. आफूसँग वैरभाव राख्ने व्यक्ति; आफ्नो कुभलो चिताउने व्यक्ति; शत्रु । २. विरोधी (व्यक्ति) ।

**व्यक्तिवाद** : ना.(सं.) अरूको वास्तै नगरी व्यक्तिगत स्वार्थ मात्र सिद्ध गर्न खोज्ने विचार वा मत ।

**व्यथा** : ना.(सं.) मानसिक वा शारीरिक रूपमा हुने पिडा; कष्ट; पिर; चिन्ता । २. बिमारी; बिसन्चो ।

**व्यर्थ** : वि.(सं.) १. कुनै अर्थ नभएको; बिनाअर्थको; निरर्थक । २. कुनै काममा नआउने; बिना प्रयोजनको; उपयोगिताबिनाको; बिनासित्तिको ।

**व्यस्त** : वि.(सं.) कुनै काममा एकाग्रताका साथ संलग्न रहेको; कामकाजले गर्दा बेफुर्सद रहेको ।

**व्याकुल** : वि.(सं.) १. कुनै दुःख वा पिरले गर्दा मनमा शान्ति नभएको; विकल । २. आत्तिएको; हड्बडाएको ।

**व्यापारिक** : वि.(सं.) १. व्यापार सम्बन्धी । २. व्यापार विषयको ।

## श

**शक्ति** : ना.(सं.) १. तन; मन वा धनका रूपमा रहने सामर्थ्य; जोड; बल; तागत; पराक्रम । २. राज्यमा रहने प्रमुख तत्व (प्रमुख उत्साह; मन्त्रणा आदि) । ३. सक्रिय दैवी सामर्थ्यका रूपमा रहेका देवपत्नी वा स्त्रीदेवता ।

**शङ्का** : ना.(सं.) १. केही अनिष्ट होला कि भन्ने डर; आशङ्का; सन्देह । २. सङ्कल्प; विकल्प; द्विविधि; धरमर; दोधार ।

**शताब्द** : ना.(सं.) शताब्दी ।

**शम्भु** : ना.(सं.) १. शिवजी; महादेव । २. सिद्ध; पुरुष ।

**शल्य** : ना.(सं.) १. चिरफार गर्ने हतियार (कैँची; छुरा; सुइरो; स्याँगी आदि) । २. कप्टक; काँडो । ३. बाण; तीर । चिकित्सा.ना. चिरफारका पद्धतिले गरिने रोगको उपचार वा चिकित्सा; शैल्यकर्म ।

**शाकाहार** : ना.(सं.) सागपात; फलफूल; दुधदही; अन्न आदि मात्रको खपाइ; माछामासु आदि नभएको भोजन ।

**शान्ति** : ना.(सं.) १. सुखदुःख; हर्ष विस्मात्; रिसद्वेष आदि मनोभावनाले नबिथोलिएको मानसिक स्थिति; शान्त वा स्थिर अवस्था । २. विद्रोह; होहल्ला; खलबली रडाको आदि नभएको अवस्था ।

**शिक्षक** : ना.(सं.) शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति; अध्यापक; गुरु; मास्टर ।

**शिखर** : ना.(सं.) १. पर्वतको सबभन्दा माथिल्लो भाग; चुचुरो; टाकुरो । २. घर; मन्दिर आदिको उपल्लो चुच्चो भाग; गजुरा ।

**शिला१** : ना.(सं. शिल) उञ्च; सिला ।

**शिला२** : ना.(सं.) १. पत्थर; ढुङ्गो । २. जाँतो; घट्ट । ३. संघार ठेलो ।

**शिल्पी** : ना.(सं.) १. शिल्प सम्बन्धी काम गर्ने व्यक्ति; शिल्पकार; कालिगड । वि.२. शिल्पसम्बन्धी; शिल्पको । ३. शिल्पकलामा निपुण ।

**शीतल** : वि.(सं.) १. जलवायुका संयोगले वा तापक्रम घटनाले आनन्दलाग्दो भएको; शरीरलाई सन्च लाग्ने स्थितिको; ठीकक खालको चिसो । २. नतात्ने वा नजङ्गिने; सौम्य; नरम ।

**शुक्ल** : वि.(सं.) १. सेतो; उज्यालो; विशुद्ध । ना.२. साठी संवत्सरमध्येको एक संवत्सर ।

**शुद्धि/शुद्धि** : ना.(सं.) १. शुद्ध पार्ने काम; चोख्याउने काम । २. पवित्रता; शुद्धता । ३. सफाइ; स्वच्छता ।

**शुभेच्छा** : ना.(सं.) शुभ कुराको इच्छा वा चाहना; शुभकामना ।

**शुन्य** : वि.(सं.) १. गुदी वा साखस्तु केही पनि नभएको; खाली; रित्तो; खोक्रो । २. मानिसको बस्ती; हलचल आदि नभएको सुनसान निर्जन; एकान्त । ३. भौतिक आकार नभएको निराकार ।

**शृङ्खला** : ना.(सं.) १. कुनै वस्तुको क्रम वा सिलसिला; मेसो पङ्क्ति; लङ । २. धातु विशेषतः फलामका मुन्द्री गाँसेर बनाइएको सिक्री वा साङ्लो; जन्जिर ।

**शोभायमान** : वि.(सं.) शोभा बढाइ रहेको; धेरै सुहाएको; राम्ररी खुलेको ।

**श्रवण** : ना.(सं.) १. कथा; पुराण; प्रवचन आदि सुन्ने काम; शब्द ग्रहण । २. सुन्ने ज्ञानको इन्द्रिय; कर्ण; कान ।

**श्रेणी :** ना.(सं.) १. कुनै वस्तुको शृङ्खला वा क्रम; पङ्क्ति; लहर; ताँती (जस्तो पर्वत श्रेणी; हिमश्रेणी आदि)। २. गुण, तह आदिका दृष्टिले गरिएको विभाजन, वर्ग, कक्षा (जस्तो मध्यम श्रेणी; सातौँ श्रेणी आदि)।

**श्लोक :** ना.(सं.) १. पद्यमा रचित वा कथित वाक्य; सिलोक; पद्य। २. प्रशंसा; स्तुति।

**श्वेत :** वि.(सं.) १. सेतो। ना.२. सेतो रङ्ग।

## ष

**षड्यन्त्र :** ना.(सं.) १. अरूको अनिष्ट गर्नका निम्ति गुप्त रूपले गरिने जालझेलको व्यवहार वा कारबाई; कपटपूर्ण आयोना। २. मारण; मोहन; वशीकरण; स्तम्भन; विद्वेष र उच्चाटन गराउने छ प्रकारका यन्त्र।

## स

**सँगालो :** ना.सँगालिएको कुरो वा वस्तु संकलन (जस्तो कथाको सँगालो; कविताको सँगालो; विचारको सँगालो इ.)।

**संक्षेप :** ना.(सं.) १. सार कुरो मात्र लिएर बनाइएको; मूल सन्दर्भको छोटो रूप; सारांश; मजबुत। २. कम गर्ने काम; छोटकरी पार्ने प्रक्रिया। संक्षिप्त रूपमा दिइने सूचना; सङ्केत; इशारा।

**संयम :** ना.(सं.) १. दबाउने वा रोकेर राख्ने क्रिया वा भाव; वशमा राख्ने काम। २. नैतिक वा धार्मिक दृष्टिले मनलाई विषय वासना सम्बन्धी अनुचित वा हानिकारक मार्गमा प्रवृत्त हुनुबाट रोक्ने काम; इन्द्रिय निग्रह।

**संयुक्त :** वि.(सं.) १. कुनै वस्तुका साथ जोडिएको; संयुक्त भएको; गाँसिएको; टाँसिएको। २. मिसिएको; मिलेको। ३. नछुट्टिएको भाव भङ्ग नभएको (संस्था आदि)। ४. दुईभन्दा बढी अम्सियार भएको (व्यापारिक संस्था)।

**संयोजन :** ना.(सं.) १. दुई वा दुईभन्दा बढी तत्व मिल्ने वा जोरिने काम। २. कुनै कामकुराको ठीक चाँजोपाँचो; आयोजन। ३. व्यवस्था; प्रबन्ध। ४. कुनै एक वस्तुसँग अर्को वस्तुको मेलमिलान; जोडाई।

**संवेग :** ना.(सं.) १. मानसिक वा शारीरिक क्रियामा आउने उत्तेजना; आवेग। २. तीव्र; वेग; द्रुत गति; शीघ्रता। ३. प्रचण्डता; उग्रता।

**संवेदना** : ना.(सं.) १. मानिसका मनमा हुने मार्मिक अनुभूति । २. सचेत रूपमा हुने ज्ञान वा बोध; प्रतीति । ३. सूचना दिने काम; विचार प्रकट ।

**संस्कार** : ना.(सं.) १. अवगुण; दोष; कमजोरी आदि हटाई परिष्कार गर्ने काम; सुधार; शुद्धता । २. कुनै वस्तुको मरम्मत; जीर्णोद्धार । ३. पवित्र पार्ने काम; संशुद्धि । ४. खानेकुरा पकाइ तुल्याई गर्ने काम ।

**संस्कृति** : ना.(सं.) १. कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो; उज्यालो र निखुट बनाउने काम; संस्कार; परिष्कार । २. कुनै राष्ट्र वा जातिको सामाजिक जीवन; राजनीति; अर्थव्यवस्था आदिमा प्रतिविम्बित हुने र तिनका कला कौशल; बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप ।

**सक्रिय** : वि.(सं.) लगनका साथ काम गर्ने वा काममा दत्तचित्त भएको; क्रियात्मक रूपमा रहने; गतिशील ।

**सक्षम** : वि.(सं.) काम गर्ने क्षमता भएको वा गर्नुपर्ने काम पार लाउन सक्ने; समर्थवान् ।

**सखाप** : ना.(अ.साफ) जो भएका सबै वस्तुको बेमाख; केही अंश पनि बाँकी नराख्ने काम ।

**सङ्कट** : ना.(सं.) १. कुनै आपत्विपत्को स्थिति; साह्रै अप्ठ्यारो अवस्था; कष्ट; कठिनाई । २. जोखिम; डर । ३. दुई ठूलठूला जल वा स्थल भागलाई जोर्ने घाँटी ।

**सङ्कलन** : ना.(सं.) १. कुनै वस्तु; सामान आदि जम्मा गर्ने वा थुर्प्याउने काम; सङ्ग्रह; बटुलाइ । २. कुनै रचना आदिका उपयोगिताको दृष्टिले समेत छनोट गरी एक ठाउँमा भेला पार्ने काम; सँगालो ।

**सङ्कोच** : ना. १. कसैका सामु केही कुरा भन्न वा गर्न अनकाउने बानी; असजिलोपनाको अनुभव; हलुका लाज; धक । २. चाउरी पर्ने काम; खुम्च्याइ । ३. छोट्याउने काम; संक्षेपण ।

**सङ्क्रमण** : ना.(सं.) १. कुनै कुराको एक ठाउँबाट अर्को ठाउँमा एक वस्तुबाट अर्को वस्तुमा हुने गमन; फिँजिने काम; फैलावट । २. ग्रह आदि एक राशीबाट अर्को राशीमा जाने काम; ठाउँ सराइ । ३. शरीरको एक भागबाट अर्को भागमा रोग सर्ने प्रक्रिया ।

**सङ्गम** : ना.(सं.) १. परस्परमा मिल्ने वा जुट्ने काम; भेटघाट । २. साहचर्य; सङ्गति । ३. दुई नदी मिलेको ठाउँ; दोभान । ४. रतिक्रिया; समागम । ५. अनुकुलन; संयोग ।

**सङ्ग्राहलय** : ना. प्राचिन महत्त्वका; दुर्लभ र अनौठा वस्तुहरू बटुलेर राखिने ठाउँ वा घर ।

**सचेत** : वि.(सं.) १. चेतना भएको वा चेत फर्केको; सजग; होसियार । २. विवेकपूर्ण; बुद्धिमान । ३. सहृदय; भावुक ।

**सजाय** : ना. (फा.सजा) १. कुनै दोष वा अभियोग प्रमाणित भएपछि दिइने शारीरिक वा आर्थिक दण्ड; दण्ड र कैदमध्ये कुनै एक वा दुवै; काराबास । २. कुनै कामका निम्ति दिइने सास्ती; यातना; शासन । ३. दण्ड जरिवाना ।

**सञ्चालन** : ना.(सं.) कुनै काम वा व्यवस्थालाई सुचारु रूपले चलाउने काम; गतिशील रूपमा निरन्तर चलाइने कुनै काम वा त्यस्तो कामको समुचित प्रबन्ध ।

**सडक** : ना.(सं.सगर) टाढासम्म; पुगिने वा सर्वसाधारण जनता हिँड्ने फराक राम्रो बाटो; मोटर चल्ने मूलबाटो; राजमार्ग ।

**सती** : ना.(सं.) १. आफ्ना पतिबाहेक परपुरुषको कामना नगर्ने स्त्री; पतिव्रता; साध्वी । २. पतिको शवसँगै चितामा जलेर मर्ने स्त्री । प्रथा.ना. विवाहित लोग्ने मरेपछि जिउँदो स्वास्नीलाई लोग्नेको लाससँगै जलाउने वा जल्न दिने प्रथा त्यो प्रथा नेपालमा १९७७ सालको असार २५ गतेदेखि ऐनद्वारा निषेध गरी बन्द भएको छ ।

**सत्तल** : ना.(सं. चत्वर) यात्री; बटुवा आदिलाई बस्नका निम्ति सरकार वा धर्मात्मा व्यक्तिद्वारा ठाउँठाउँमा (विशेषतः देवस्थलहरूमा) निर्मित ठूलो कोठो; तलो आदि भएको घर वा पाटी; धर्मशाला ।

**सत्सङ्ग** : ना.(सं.) १. ज्ञानीगुणीहरूसँग सहवास सज्जनहरूको सङ्गत । २. धर्म वा आत्मज्ञान सम्बन्धी चर्चा; व्याख्या आदि हुने समाज ।

**सदाबहार** : वि.(सं. सदा+फा.बहार) १. वसन्त ऋतुमा जस्तै सधैँ हराभरा रहने (रुख; बोट आदि) । २. सधैँ प्रसन्न मुद्रामा रहने ।

**सद्भाव** : ना.(सं.) १. असल भाव वा विचार; स्नेह र हितपूर्ण स्वच्छ विचार । २. मैत्री भावना; मेलमिलाप ।

**सन्जोग** : ना.(सं.संयोग) आकस्मिक तारतम्य; संयोग; भवितव्य ।

**सन्देश** : ना.(सं.) १. कसैले अरूलाई लेखी वा भनी पठाएको कुरो; समाचार; खबर; सन्देश । २. पालना गर्नुपर्ने कुनै आज्ञा; आदेश । ३. कोशेली; सौगात ।

**सपूत** : ना.हे.सपूत ।

**सबल :** वि.(सं.) १. बलले युक्त; शक्तिशाली; बलियो । २. फौज वा सेनाले सज्जित ।

**सबाई :** ना. कागत बनाउने काममा प्रयोग हुने एकप्रकारको घाँस ।

**सभ्य :** वि.(सं.) १. सभाका निम्ति योग्य वा सुहाउँदो; विनयी; शिष्ट; भद्र । २. विश्वास गर्न सकिने; विश्वस्त । ता.ना. १. सभ्य हुनाको भाव; गुण; विशेषता वा स्थिति; शिष्टता; भद्रता ।

**समृद्धि :** ना.१. समृद्ध हुनाको भाव वा अवस्था; सम्पन्नता । २. उन्नति; सभ्युदय; बढिबढाउ ।

**सम्पदा :** ना.(सं.) १. प्राकृतिक सम्पत्ति वा साधन; प्राकृतिक देन । २. सम्पत्ति; वैभव; धन ।

**सम्बोधन :** ना.(सं.) १. कसैलाई बोलाउने काम वा पुकार्ने काम । २. व्याकरणमा कसैले कसैलाई आफूतिर आकृष्ट गर्न वा बोलाउन प्रयोग गरिने एक विभक्ति ( हे;एआदि) ।

**सम्मान :** ना.(सं.) १. विशेष मान; ठूलो आदर वा सत्कार । २. प्रतिष्ठा इज्जत ।

**सशङ्क :** वि.(सं.) १. शङ्का भएको; सन्देहयुक्त; सन्देहास्पद । २. सतर्क; सावधान ।

**सस्वर :** वि.(सं.) १. स्वर वा आवाज निकालिएको; भाका हालिएको । २. मुखले स्पष्ट उच्चारण गरिएको; बोलिएको ।

**सहज :** वि. (सं.) १. एकैसाथ जन्मेको; एकै समयमा जन्मेको; जुम्ल्याहा । २. आफैँ भएको; प्राकृतिक; स्वभाविक । ३. साधारण; सामान्य; प्राकृत । ४. सुगम; सरल ।

**सहपाठी :** वि.(सं.) एउटै कक्षामा साथसाथै पढ्ने; एउटै पाठ पढ्ने; सहाध्यायी; पाठेभाइ ।

**सहभागी :** वि.(सं.) १. अरू सरह कुनै काममा भाग लिने वा सरिक हुने; अरूका साथ भाग लिने । २. कुनै कामको लाभहानिमा समान भागी । ना.३. त्यस्तै व्यक्ति ।

**सहिष्णु :** वि.(सं.) कष्ट वा पिडा सहन सक्ने; सहनशील ।

**सहृदय :** वि.(सं.) १. अर्काको दुःखमा दुःखित भएर मन पगाल्ने; मर्मशील । २. कोमल हृदय भएको; दयालु । ३. काव्य; कथा आदिको पारख गर्ने र तिनका विशेषताबाट प्रभावित हुने साहित्यको अधिकारी वा योग्य पाठक; रसज्ञ; रसिक ।

**साँझ :** ना.(सं.सन्ध्या) १. दिन र रातको सन्धिकाल; दिनको अन्त्य र रातीको सुरुको समय; घाम अस्ताएपछिको केही बेरको समय; सन्ध्याकाल; साथङ्काल; बेलुका ।

**सांस्कृतिक :** वि.(सं.) संस्कृतिसँग सम्बन्ध भएको; संस्कृतिका क्षेत्रमा हुने; आउने वा मिल्ने (जस्तो सांस्कृतिक; प्रेरणा; सांस्कृतिक महत्व; सांस्कृतिक सद्भावना आदि) ।

**साक्षरता :** ना.(सं.) साक्षर हुनाको भाव वा अवस्था ।

**साझा :** वि. (प्रा.साज्झओ) १. धेरैजनाका हकको; धेरै जनाको हिस्सा भएको; सजिया; साजा ।

**सामाजिक :** वि.(सं.) १. समाजसँग सम्बन्धित; समाजको । २. समाजमा पाइने; हुने वा रहेको (कुरीति; चलन; व्यवस्था; नीति आदि) ।

**साहित्यिक :** वि.(सं.) १. साहित्यसँग सम्बन्ध राख्ने; साहित्य सम्बन्धी ।

**सिद्ध/सिद्ध :** वि.(सं.) १. तयार भएको; बनेको पूर्ण । २. भनेजस्तै परिणाम निस्केको सफल । ३. उद्देश्य पूरा भएको । ४. आध्यात्मिक सिद्धि प्राप्त गरेको; तर्क वा प्रमाणद्वारा ठीक ठहऱ्याएको प्रमाणित । ६. सिपालु; दक्ष; निपुण ।

**सिद्धासन/सिद्धासन :** ना. १. योग साधना गर्दा गरिने एक आसन; चौरासी आसनमध्ये एक । २. वीतराग सिद्धहरू बस्ने थलो; सिद्धपीठ ।

**सीमा :** ना.(सं.) १. कुनै ठाउँ; देश; जिल्ला वा देशका चारैतिरका विस्तारको अन्तिम रेखा; साँध; सिमाना । नियम वा आचारको हद; मर्यादा । ३. किनारा; छेउ ।

**सीमातित :** वि.सीमा नाघेको; सीमा बाहिरको ।

**सुचरित/सुचरित :** वि.(सं.) असल चालचलन भएको; राम्रो स्वभाव भएको; सच्चरित्र ।

**सुशासन :** ना.(सं.) उत्तम किसिमको शासन; असल राज्य व्यवस्था; कल्याणकारी शासन व्यवस्था ।

**सुसंस्कृत :** वि.(सं.) १. राम्रो तबरबाट तयार पारिएको; राम्ररी संस्कार गरिएको । २. शिक्षादीक्षा; नैतिक मर्यादा; सत्सङ्ग आदि पाएर सुसभ्य भएको ।

**सुसङ्गठित :** वि.(सं.) १. अङ्ग प्रत्यङ्गहरू राम्ररी मिलेको । २. राम्रो प्रकारले एकत्रित भएको वा सुगठित भएको । ३. राम्ररी संगठित तुल्याइएको ।

**सूर्य :** ना.(सं.) १. दिनमा आकाशमा देखिएर प्रकाश र ताप दिने; ज्योतिष शास्त्रले ग्रह तर ज्योतिष विज्ञानले तारा मानेको बाह्य अन्तरिक्षको एक बल्दो लोक; घाम; बेला; सुर्जे ।

**सेतु** : ना.(सं.) १. खोलानाला आदि पार गर्न बल्ला तीरदेखि पल्ला तीरसम्म; सिमेन्ट; फलाम काठ आदिका साधनबाट बनाइएको साँगु; साँघु; पुल । २. पुलेसो ।

**सौभाग्य** : ना.(सं.) १. सुख र समृद्धि प्राप्त गर्न सकिने भाग्य; उत्तम प्रारन्ध । २. मङ्गलमय अवस्था; कल्याण ।

**सौर्य** : ना.(सं.) १. सूर्यका छोरा; सूर्यपुत्र; शनिश्चरे; शनि । २. सूर्यको शक्ति; तेज; पद वा अधिकार । वि.३. सूर्यको; सौर ।

**स्तन** : ना.(सं.) आइमाई र पोथी जनावरको दुध आउने कल्चौँडो वा थुन र त्यसको वरिपरिको परिवेश; फाँचो । पान.ना. माऊको थुनमा मुख लगाएर दुध चुस्ने काम; दुध खाने काम ।

**स्तम्भ** : ना.(सं.) १. भवन; किल्ला आदिको खामो; खम्बा; थाम । २. आड भरोसा; टेको; सहारा । ३. समाचार पत्र वा पत्रिकामा कुनै खास खास विषयलाई प्रदान गरिएको स्थायी स्थान ।

**स्थल** : ना.(सं.) १. जुनसुकै वस्तुलाई रहन आवश्यक पर्ने आधार; ठाउँ थलो । २. धरातल; भुइँ ।

**स्नेह** : ना.(सं.) १. आमाबाबु; अभिभावक वा मान्यजनहरूबाट आफूभन्दा साना व्यक्तिलाई गरिने प्रेम; माया । २. आत्मीय व्यक्ति; वस्तु वा कुराको निम्ति मनमा उत्पन्न हुने कोमल भावना ।

**स्पष्टीकरण** : ना.(सं.) १. छर्लङ्ग नभएका कुराहरूलाई छर्लङ्ग पार्ने काम । २. कुनै विषयमा केही गरिने वा भनियो भने त्यस्को आशय समेत प्रष्ट पार्ने काम । ३. कुनै ओदाका कर्मचारीले बेनियमको काम गरेमा माथिल्ला तहका कर्मचारीले नारीहितका रूपमा लिने लिखित बयान वा विवरण ।

**स्वतन्त्र** : वि.(सं.) १. अरू कसैको बन्धन; दबाउ; अधिन आदिमा नरही आफ्नै तन्त्र वा शासनमा रहने र त्यसैको माध्यमले स्वयम् सोचीबुझी काम गर्न सक्ने वा पाउने; स्वाधीन र अरूको अवलम्ब; आधार वा आश्रय केही नभएको (जस्तो स्वतन्त्र रचना; स्वतन्त्र मतदान आदि) ।

**स्वीकार** : ना.(सं.) १. कुनै कुरा वा विषयप्रति समर्थन जनाउने काम; अङ्गीकार; स्वीकृति; मञ्जुरी । २. कुनै काम गर्न तयार भई गरिने कबुल; सकार गरी दिइएको बचन ।

**स्वीकार्य :** वि. स्वीकार गर्न योग्य; मान्न लायक; स्वीकृति जनाउनुपर्ने ।

**ह**

**हँसिलो :** वि. (हाँस+इलो) १. सधैँ हाँसेको देखिने; प्रसन्न (अनुहार हाँस्ने प्रकृति भएको); हँसमुख । २. हँसठिट्टा गर्ने; ठट्यौलो विनोद प्रिय ।

**हचुवा :** वि.१. नापजोख र गन्तीको आधार नलिई सामान्य अन्दाज गरिएको मोल (मोल) । २. तर्क वा प्रमाणबाट सिद्ध नभएको (नीति वा सिद्धान्त) ।

**हतार :** ना.(प्रा.अत्थ+कार) चाँडो गर्न आत्तिएको स्थिति; चटारो; हतपत ।

**हरदम :** क्रि.वि. (हर+दम) १. हरेक समयमा; जुनसुकै बेलाा पनि दम रहेसम्म ।

**हरदिन :** क्रि.वि. (फा.हर+सं.दिन) हरेक दिनमा; प्रत्येक दिन; दिनहुँ ।

**हर्काउनु :** प्रे.क्रि.१. मुहुरी फर्काउनु । २. हर्कने पार्नु ।

**हर्ष :** ना.(सं.) चिताएको कुरो पुग्दा वा चाहेजस्तो कुनै काम बन्दा मनमा हुने आनन्द; प्रसन्नता; खुशीयाली ।

**हल न चल :** वि. (हल+न+चल) चल्न चलमलाउन नसक्ने; रोगले शरीर हल्लाउनेसम्म क्षमता नभएको (व्यक्ति) ।

**हस्त :** ना.(सं.) १. हात; बाहु; भुजा । २. हात्तिको सुँड । ३. चौबिस अङ्गुल वा दुई बित्ताको नाप । ४ सत्ताइस नक्षत्रममध्ये पाँच तारा हुने र हातको आकारको मानिने एक नक्षत्र; हस्ता ।

**हाँसो :** ना. (हाँस्+ओ) १. हाँस्ने काम; हास । २. कसैको बिगार वा परिहासमा निस्कने हँसाइ; उपहास; ठट्टा ।

**हायलकायल :** वि. (अ.हायल+कायल) १. कामकुरामा दिक्दार भएको; आत्तिएको; हैरान; कायल; हावाकावा । २. थर्कमान; थरहरी ।

**हारगुहार :** ना.१. चोरी मारपिट वा अन्य कुनै सङ्कट परेको बेलामा मद्दत पाउनका लागि गरिने प्रार्थना; सघाउको याचना । २. सङ्कट वा आपत्का बेलामा गरिने उद्धार कार्य ।

**हारजित :** ना.(हार+जित) १. हार्ने वा जित्ने काम; जय र पराजय । २. लाभ र हानी ।

**हिंसा :** ना.(सं.) १. प्राणीहरूको ज्यान दिने वा काटमार गर्ने काम हत्या; वध । २. अरूलाई कुनै किसिमबाट पीडा दिने वा हानी पुऱ्याउने काम; अपकार ।

**हिंस्रक :** वि.(सं.) १. हिंसा गर्ने वा मार्ने; हिंस्रक । ना.२. हिंसा गर्ने पशु; डरलाग्दो जनावर ।

**हिस्सा :** ना.(अ.हिस्स) १. बाँडफाँड गर्दा हुने कसैको अधिकार भएको वस्तु वा वस्तुको एकाइ; भाग; अंश । २. मूल समूहको कुनै एकाइ; खण्ड; टुक्रो । ३. चकला ।

**हृदय :** ना.(सं.) १. प्रायः सबै प्राणीको शरीरमा छातीभित्र बाँयातिर हुने; स्पन्दनद्वारा शरीरभरिका नाडीहरूमा शुद्ध रगत फिँजाउने मासकोश; मुटु । २. अन्तरात्मा; अन्त; करण; चित्त; मन ।

**हैरान :** वि.(अ) १. छक्क पार्ने तथा उदेकलाग्दो काम बेहोर्नु परेर आत्तिएको; दिक्दार; वाक्क । २. हिँड्दा; घुम्दा; खोज्दा आदि कारणले व्याकुल ।

**हैसियत :** ना.(अ.) १. सामाजिक तथा आर्थिक स्तर वा योग्यता; सामर्थ्य; शक्ति । २. मानमर्यादा; इज्जत; प्रतिष्ठा । ३. सम्पत्ति ।

**होची :** ना.(होचो+ई)) होचोको स्त्री रूप वा लघुरूप । वि.होचो भएकी पुड्की ।

**होनहार :** वि.(हि.) १. भविष्यमा असल बन्ने खालको । २. परन्तुमा योग्य बन्ने लक्षण भएको । ३. जेहेनदार; प्रतिभाशाली । ४. ज्यादै सिपालु; निपुण ।

**होली :** (सं. होलिका) १. फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म परस्परमा रङ छ्यापेर वा अबिर दली आनन्दका साथ मनाइने उत्सव; फागु; होरी । २. फागुका अवसरमा गाइने गीत वा त्यसको लय ।

**होस :** ना.(फा.होश) १. चेतना; ज्ञान; शुद्धि । २. सम्झना; स्मरण; याद । ३. अक्कल; बुद्धि; समझ ।

**होहल्ला :** ना.(हो+हल्ला) भए नभएका काम वा घटनाको व्यापक हल्ला; हल्लीखल्ली; खलबली ।

# अध्याय पाँच : निष्कर्ष तथा सुझाव

## निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षक *कक्षा सातको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश*ले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा सातका विद्यार्थीका लागि नमुना कोशका रूपमा तयार गरिएको हो । विद्यार्थीमा विद्यालय तहदेखि नै शब्दकोश हेर्ने र नेपाली भाषाका शब्दहरूको सही उच्चारण गरी शुद्ध प्रयोग गर्ने बानीको विकास गर्नका निम्ति यसरी कक्षागत वा विषयगत रूपमा शब्दकोश निर्माण गर्नु अति नै उपयुक्त हुन्छ र यसरी शब्दकोश निर्माण गर्नु आवश्यक पनि देखिन्छ । यस कोशमा कक्षा सातको हाम्रो नेपाली किताबमा भएजति सबै शब्दहरूलाई समेट्न नसकेको हुँदा यसलाई नमुना नेपाली शब्दकोशको संज्ञा दिइएको हो ।

यस शोधमा जम्मा पाँचसय शब्द रहेका छन् । ती सबै शब्दको स्रोत, व्युत्पत्ति, शब्दवर्ग र अर्थ प्रस्तुत गरिएको छ। यस कोशले कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूलाई केही सहयोग अवश्य गर्नेछ तर यो नै पूर्ण भने होइन। यो शब्दकोश नेपाली शिक्षामा स्नातकोत्तर तहको उपाधिका लागि प्रस्तुत गरिएको हो ।

शब्दकोश निर्माण कार्य एक जटिल तथा खर्चिलो कार्य हो। त्यसैले पनि यसको निर्माण गर्ने काम आफैँमा निकै चुनौतिपूर्ण रहेको छ। अझ विद्यालयमा तहका विद्यार्थीहरूको स्तर सुहाउँदो कोश निर्माण गर्ने काम सहज र सरल हुँदोरहेनछ। निरन्तर अभ्यास र लामो अध्ययनबाट मात्र सम्भव छ। नेपाली भाषाभित्रै विभिन्न भाषिका तथा उपभाषिकाहरू रहेका छन् । यसरी नेपाली भाषामा रहेको अनेक विविधताले भाषाका मानक प्रयोगमा विचलन ल्याएको देखिन्छ भने बढ्दो प्रविधि, सञ्चार माध्यम, इन्टरनेट तथा अन्य विविध भाषीसँगको सम्पर्कका कारणले नेपाली भाषाको स्तरीय र मानक रूप छुट्याउन कठिन हुने स्थिति छ। बेलाबेलामा भइरहने नेपाली वर्णविन्यास लेखनका विवादहरूले शब्दकोश लेखनलाई अन्यौलमा पारिरहेको छ। यस्तो परिस्थितिमा नेपाली भाषाको मानक शब्दकोश निर्माण एउटा जटिल तर अत्यन्त महत्वपूर्ण कार्य हो ।

कुनै खास तह वा कक्षागत रूपमा निर्माण गरिने शब्दकोशमा भाषाकोश निर्माताले पाठ्यपुस्तकमा प्रयुक्त शब्दबाट पनि नवीन व्यवहारोपयोगी र स्तर सुहाउँदा शब्दहरू छनोट गर्नुपर्छ। यस्तो कोश तयार गर्दा खास तह वा श्रेणीका उमेर समूहका त्यस भाषाका

अधिकतम वक्ताहरूबाट प्रयोग गरिने शब्दहरूको नमुना छनोट गर्नुपर्छ यो शब्दकोश कक्षा ७ को हाम्रो नेपाली किताबमा भएका शब्दहरू तथा वर्णविन्यासको हुबहु अनुशरण गरी तयार गरिए तापनि कहिँकतै अझै वर्णविन्यासका क्षेत्रमा अन्योलता रहेको देखिन्छ ।

विद्यालय तह त्यसमा पनि कक्षागत रूपमा शब्दकोशको निर्माण कार्य आवश्यकता अनुरूप ज्यादै न्यून रहेको छ । अङ्ग्रेजी भाषाको कक्षागत शब्दकोश प्रकाशित भएको भए तापनि नेपाली भाषाको भएको पाइँदैन । संक्षिप्त, सरल र सजिलो शब्दकोश भनी नाम दिएर विद्यालय तहका विद्यार्थीका लागि पाठ्यपुस्तक तथा व्यवहारोपयोगी शब्दहरू सङ्ग्रहित गरेर शब्दकोश लेखिए तापनि त्यसको प्रयोग लक्षित वर्गले न्यून रूपमा गरेको पाइन्छ ।

आजसम्म पनि कतिपय विद्यालयमा नेपाली शब्दकोश नै छैन भएका विद्यालयका शिक्षकहरूले त्यस्को प्रयोग उल्लेखनीय रूपमा गरेका छैनन् सोही कारणले अधिकांश शिक्षकमा वर्णविन्यासगत् सचेतता रहेको पाइँदैन र तब शिक्षक आफू सचेत नभएपछि विद्यार्थीहरू सचेत हुनु गाह्रो कुरा हो ।

नेपाली भाषा विषयका लागि तहगत वा कक्षागत रूपमा कोश निर्माण व्यवसायिक रूपमा हुन सकेको छैन तथापि विविध अध्ययन अनुसन्धान तथा शोधकार्यको उद्देश्यपूर्ति हेतु हुने गरेको पाइन्छ । यसबाट पनि विद्यालय स्तरमा तहगत वा कक्षागत रूपमा शबद शब्दकोश निर्माण गर्न सकिने कुरालाई मध्यनजर गर्न सकिन्छ । यसरी हेर्दा आधारभूत तहमा मात्र होइन माध्यमिक तहमा पनि विद्यार्थीहरूका निम्ति व्यवहारपयोगी तथा स्तर सुहाउँदो शब्दकोश निर्माण गर्न सक्ने अवस्था रहेको छ । आधारभूत तहका विद्यार्थीका लागि निर्माण गरिने शब्दकोशको आयाम निकै ठूलो हुने भएकाले र कक्षागत विषयगत हिसाबले शब्दहरू समेटेर कोश निर्माण गरी त्यस्ता कोशलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने हो भने यस्ता कार्य व्यवसायिक रूपबाट पनि गर्न सकिन्छ ।

तहगत वा कक्षागत तथा विषयगत रूपमा निर्माण गरिएका शब्दकोशद्वारा विद्यालय स्तरमा शिक्षण सिकाइ क्रियाकलाप निम्न किसिमले गर्न सकिन्छ ।

- शब्दको अर्थ थाहा पाउन ।
- शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।
- शब्दको उच्चारण शुद्धसँग गर्न ।

- शब्दको स्रोत पत्ता लगाउन ।
- शब्दको शुद्ध हिज्जे प्रयोग गर्न ।
- शब्दको अनेकार्थी रूप थाहा पाउन ।
- शब्दको निर्माण प्रक्रिया जान्न ।
- शब्दहरूलाई वर्णानुक्रम वा कोशीय अनुक्रममा राख्न ।
- शब्दकोशको प्रयोग गर्न ।

## उपयोगिता/सुझावहरू

नेपाली भाषा नेपालमा बसोबास सबै जातजाति तथा धर्मका मानिसहरूको साझा सम्पर्कको भाषा भएकाले, सरकारी कामकाजको भाषाको साथै शिक्षाको माध्यम भाषा पनि भएकोले नेपाली भाषालाई मुख्य आधार मानी द्विभाषिक र बहुभाषिक कोश निर्माणका लागि सम्बन्धित संस्था वा निकायले पहल गर्नुपर्छ ।

नेपाली शब्दकोश निर्माणमा विभिन्न स्वदेशी तथा विद्येशी विद्वानहरूले उल्लेखनीय योगदान पुऱ्याएका छन् । यी विभिन्न विद्वानहरूद्वारा लिखित एकभाषिक, द्विभाषिक र बहुभाषिक कोशहरूले नेपाली कोश निर्माण परम्परालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । त्यसैगरी विभिन्न सरकारी तथा गैरसरकारीले संस्थाले देखाइएको रुचीको पनि कदर गर्नुपर्छ ।

कोश निर्माण सरल, सहज कार्य होइन यो अत्यन्तै जटिल र चुनौतिपूर्ण छ । तर पनि धैर्यका साथ गरिएको लामो अभ्यास र निरन्तर अध्ययनबाट असम्भव चाहिँ छैन । नेपाली भाषामा शब्दकोश निर्माण र कार्यान्वयनका निम्ति नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहले समान भूमिका खेल्नुपर्छ ।

### नीति निर्माण तह

जुनसुकै कार्यका लागि पनि नीतिको आवश्यकता पर्दछ । सही ढङ्गले निर्माण गरिएको नीति सही ढङ्गले कार्यान्वयन गर्न सकेमा अवश्य नै नेपाली कोश निर्माण परम्परालाई सुदृढ बनाउन सकिन्छ । त्यसैले सही नीति निर्माण गर्न नीति निर्मातालाई सचेतता अपनाउन निम्न सुझाव दिन सकिन्छ :

- वर्णविन्यासमा एकरूपता र सरलता आउनुपर्छ ।
- विद्यार्थीका निम्ति व्यवहारोपयोगी हुने र क्षमताअनुरूपका तहगत र विषयगत शब्दकोश निर्माण गर्नुपर्छ ।
- विद्यालय तहको नेपाली भाषा पाठ्यपुस्तकमा शब्दकोश प्रयोग सम्बन्धी पर्याप्त अभ्यास र क्रियाकलाप संलग्न गर्ने व्यवस्था गरिनुपर्छ ।
- विद्यालय तहको नेपाली भाषा शिक्षणमा शब्दकोशको प्रयोगलाई महत्व दिने गरी पाठ्यक्रममा व्यवस्था गरिनुपर्छ ।
- वर्तमान समयमा प्रयोगमा नआइ लोप हुन लागेका नेपाली शब्दहरूलाई भाषाका अमूल्य सम्पत्ति ठानी लोप हुनबाट बचाउन कोशमा विशेष स्थान दिनुपर्छ ।

**कार्यान्वयन तह**

जतिसुकै सही र सचेत ढङ्गले नीति निर्माण गरे तापनि प्रभावकारी रूपमा त्यसको कार्यान्वयन नभएमा त्यसबाट कुनै पनि प्रतिफलको आशा गर्न नसकिने अवस्था आउँछ । त्यसैले यसको सफलता वा असफलतामा कार्यान्वयन तहको ठूलो भूमिका हुन्छ । त्यसकारण निम्न कुरामा सेचत हुनुपर्ने देखिन्छ ।

- सकेसम्म विद्यार्थीमा शब्दकोशको प्रयोग गर्ने बानी बसाउने ।
- सम्भव भएसम्म सम्बन्धित तह र विषयगत शब्दकोशको खोजी गरी प्रयोग गर्न लगाउने ।
- पाठ्यपुस्तकमा भएका कठिन शब्दको अर्थ विद्यार्थीलाई शब्दकोश प्रयोग गरी खोज्न र लेख्न लगाउने ।
- शुद्ध हिज्जे, शब्दको स्रोत र व्युत्पत्ति तथा शब्दको शब्दवर्ग पत्ता लगाउन विद्यार्थीमा शब्दकोशको प्रयोग गर्ने ।
- विद्यार्थीलाई पाठ्यपुस्तकका कठिन शब्दमा मात्र सीमित नराखी दैनिक व्यवहारिक जीवनमा उपयोगी हुने पत्रपत्रिका, साहित्यिक लेख रचना तथा अन्य पाठ्यसामग्री उपलब्ध गराई शब्द संकलन, अर्थ, स्रोत, व्युत्पत्ति र शब्दवर्ग छुट्याउन लगाउने ।
- शब्दकोशको प्रयोगद्वारा पाठ्यपुस्तकमा रहेका वर्णविन्यासगत त्रुटीको खोजी गरी समाधान गर्न लगाउने ।
- शिक्षकले् शब्दकोशको बढीभन्दा बढी विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने ।

- समय समयमा विद्यार्थीहरूमा शब्दको अर्थ भन्ने तथा वाक्य निर्माण गर्ने जस्ता प्रतियोगिता गराइ उत्कृष्टलाई पुरस्कृत गरी थप हौसला दिने तथा कमजोर विद्यार्थीलाई अझ मिहिनेत गरी अघि बढ्न प्रेरणा दिने ।

## अनुसन्धान तह

प्रस्तुत अनुसन्धानले आधारभूत तहका विद्यार्थी तथा शिक्षकलाई विषयगत हिसाबले केही सहयोग अवश्य पुग्नेछ तर पनि शब्दकोशको अनुसन्धानमा यसलाई पूर्ण मान्न सकिँदैन । यो शिक्षक प्रयोजन हेतु तयार पारिएको हो । यसले पाठ्यपुस्तकमा रहेका सम्पूर्ण शब्द समेट्न नसकेको हुँदा कक्षा सातको हाम्रो नेपाली किताबमा आधारित रहेर अन्य अनुसन्धान गर्न सक्ने देखिन्छ । त्यस्तै तहगत, कक्षागत, विषयगत गरेर अन्य धेरै शीर्षकमा आधारित रहेर अनुसन्धान गर्न सक्ने देखिन्छ । भविष्यमा थप अनुसन्धान गर्न बुँदागत रूपमा निम्न विषय सिफारिस गरिएको छ ।

- कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा सम्पूर्ण विधा समेटि शब्दकोश निर्माणको अध्ययन ।
- आधारभूत तहका विद्यार्थीको क्षमता अनुरूप शब्दकोश निर्माणको अध्ययन ।
- माध्यमिक तहका विद्यार्थीको क्षमताअनुरूप शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा एघारको अनिवार्य नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा बाह्रको अनिवार्य नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा एघारको ऐच्छिक नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।
- कक्षा बाह्रको ऐच्छिक नेपाली विषयको शब्दकोश निर्माणको अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

डब्ल्यु. जे. कर्क. पेट्रिक (१८११) *एन अकाउन्ट अफ दि किङ्कम अफ नेपाल* ।

डेनियल राइट (१८७७) *हिस्ट्री अफ नेपाल* ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६२), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

*नेपाली बृहत् शब्दकोश* (२०४०) काठमाडौँ : नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, चेतनाथ (२०७०), *कक्षा छको हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

भट्टराई, प्रेमप्रसाद (२०६७), *प्रारम्भिक नेपाली नमुना शब्दकोश,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भूसाल, विश्वास र आचार्य, विष्णु (२०७३/७४), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम सहायक,* काठमाडौँ : स्टुडेन्ट्स बुक्स कीर्तिपुर ।

भूसाल, विश्वास र आचार्य विष्णु (२०७३/७४), *भाषिक अनुसन्धान विधि सहायक,* काठमाडौँ : स्टुडेन्ट्स बुक्स कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६५), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, इन्दिरा (२०७३), *कक्षा नौको नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

शर्मा, नेपाल वसन्तकुमार (२०७०) *नेपाली शब्दसागर,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

# परिशिष्ट

शब्दकोशमा प्रयोग गरिएका शब्दहरू

अक्षय, अक्षरारम्भ, अजङ, अद्‌भूत, अनन्त, अनमोल, अनायस, अनुकरणीय, अनुपम, अनुसन्धान, अनौठो, अन्वेषण, अपभ्रंश, अपराह्न, अपरिष्कृत, अभियान, अमर, अर्घ, अलप, अवयव, अवलोकन, अवशेष, अस्त, अस्तुव, अस्थि, आकाङ्क्षा, आकृति, आकृष्ट, आत्तिनु, आत्मोपजीवी, आदेश, आनाकानी, आन्तरिक, आपत्ति, आयस्ता, आरती, आरधना, आरोग्य, आरोह अवरोह, आविष्कारक, इच्छा, इनाम, इरादा, इष्टदेव, इस्लाम, ईर्ष्या, ईश्वर, उँधौली, उँभौली, उत्पादित, उत्प्रेरणा, उद्‌घोषक, उपनिषत्, उपभोग, उपासना, उभयचर, उर्दी, उल्लङ्घन, उल्लेखनीय, एकनास, एकपक्षीय, ओछ्यान, ओत, औडाहा, औषधी, कचिङ्गल, कमसल, कम्ती, करामत, करुणा, कर्मनिष्ठ, कलाजीवी, कष्ट, कानुन, कारण, कारुणिक, कार्य, कीट१, कीट२, कुलत, कृतज्ञ, कृतज्ञता, कृषि, कोठो, कौतुहल, क्षत्री, क्षम्य, खकानो, खनिज, खर्च, खोँच, खोटो१, खोटो२, खोला, खोलो, गँवार, गगन, गति, गतिलो, गन्धर्व, गर्जनु, गर्त, गर्भे, गलत, गान्धर्व, गायत्री, गिरी१, गिरी२, गुप्त, गुमज, गुम्बजाकार, ग्रहण, घमासान, घस्नु, घाट, घारी, चमेरो, चर्तिकला, चलन, चसक्क, चाँडो, चाँद, चिकित्सा, चिन्ता, चुनौती च्वासच्ववास, छत्र, छात्रा, छ्वार्लाम्म, जबर, जय, जरजुहारत, जल, जलविहार, जायजेथा, जाल१, जाल२, जिज्ञासा, जिज्ञासु, जिद्‌दी, जीवन, जीवविज्ञान, जीवाणु, जुहारत, जैविक, ज्योतिष, ज्वरो, ज्वाला, झगडा, झरी१, झरी२, भ्याउँ, टुँडाल, ठग, ठीक, डढेलो, डबली१, डबली२, डुङ्गा, ड्वाम्म, ढाँट, ढुँडी, ढुङ्गा, तबेला, त्रिवेणी, त्रुटी, थकाइ, थुम्को, दनादन, दप्काउनु, दाम, दास, दिशा, दिक्षा, दीन, दीर्घ, दुस्साहस, दृश्यावली, दृष्टान्त, दृष्टि, देश, देह, दोबाटो, दोहन, धनुष, धर्म, धर्मी, ध्यान, नक्कल, नमस्ते, नमाज, नयन, नवीकरण, नाना१, नाना२, निधो, निबन्ध, निमोनियाँ, नियत१, नियत२, नियन्त्रण, नियम, नियमित, निर्घिनी, निर्जन, निर्धक्क, नेतृत्व, नेत्र, नोबेल पुरस्कार, न्यातषोल, पँधेरो, पतिङ्कर, पत्कर, परजीवी, परलोक, परहित, पराई, परिचालन, परिजन, परिभ्रमण, परियोजना, पर्यटक, पर्यटन, पर्यावरण, पाटी, पाताल, पापी, पिँध, पिण्ड, पीडा, पुञ्ज, पुरातात्विक, पुल्टुङ, पुष्प, पृष्ठ, प्रचार, प्रज्ञा, प्रतिक्रिया, प्रतिफल, प्रतिभा, प्रतिमूर्ति, प्रथम, प्रथा, प्रदक्षिणा, प्रबल, प्रभु, प्रयोग, प्रलय, प्रलोभन, प्रवर्धन, प्रवाह, प्रवाहित, प्रवृत्ति, प्रसार, प्रस्तर, प्रस्ताव, प्रहर, प्राङ्गण, प्रेरक, प्रेरणा, फटाफट, फटाहा, फट्को, फराकिलो, फाइदा, फितलो, बखान, बम्किनु, बल्ल, बह, बहादुरी, बहिस्कृत, बहुभाषिक, बाउन्ने, बाटो, बाहुल्य,

बुकुने, बुद्धी, बेमेल, बेहोस, भगवान्, भनाभन, भय, भलाकुसारी, भव्य, भाकल, भाग्य, भारदार, भावी, भावुक, भूखण्ड, भेदभाव, भ्रम, भ्रमण, भ्रमर, भ्रष्ट, मकालु, मक्ख, मदेश, मध्य, मध्यवर्ती, मनस्थिति, मनोकामना, मनोरञ्जन, मनोवृत्ति, मर्म, मर्यादा, मस्तिष्क, महत्व, महत्वाकांक्षी, महापुरुष, माथ१, माथ२, मित्र, मिनार, मुग्ध, मुर्मुरिनु, मुर्ख, मेघ, मेरु, मेवा, मैत्री, यक्ष, युगान्त, युग, योग, योजना, रन्थनिनु, रस, रसायन, राणा, रात, रिपु१, रिपु२, रीति, रुखासुखा, रुद्राक्ष, लक्का, लक्ष्य, लाँक्रो, लागु, लाम्काने, लिखुरे लिदी, लिसो, ल्होसार, वनस्पति वर्ग, वस्तु, वाग्देवी, बाचा, वातावरण, वास्तु, विकल्प, विकास, विकृति, विगत, विपुल, विवश, विवेक, विशेषतः विशेषता, विसङ्गति, विस्फोट, विस्मय, वृष्टि, वेद, वैकल्पिक, वैदिक, वैध, वैर, वैरी, व्यक्तिवाद, व्यथा, व्यर्थ, व्यस्त, व्याकुल, व्यापारिक, शक्ति, शङ्का, शताब्द, शम्भु, शल्य, शाकाहार, शान्ति, शिक्षक, शिखर, शिला१, शिला२, शिल्पी, शीतल, शुक्ल, शुद्धी, शुभेच्छा, शुन्य, शृङ्खला, शोभायमान, श्रवण, श्रेणी, श्लोक, श्वेत, षड्यन्त्र, सँगालो, संक्षेप, संयम, संयुक्त, संयोजन, संवेग, संवेदना, संस्कार, संस्कृति, सक्रिय, सक्षम, सखाप, सङ्कट, सङ्कलन, सङ्कोच, सङ्क्रमण, सङगम, सङ्ग्राहलय, सचेत, सजाय, सञ्चालन, सडक, सती, सत्तल, सत्सङ्ग, सदाबहार, सद्भाव, सन्जोग, सन्देश, सपूत, सबल, सबाई, सभ्य, समृद्धी, सम्पदा, सम्बोधन, सम्मान, सशङ्क, सस्वर, सहज, सहपाठी, सहभागी, सहिष्णु, सहृदय, साँझ, सांस्कृतिक, साक्षरता, साझा, सामाजिक, साहित्यिक, सिद्ध, सिद्धासन, सीमा, सीमीतत, सुचरित्र, सुशासन, सुसंस्कृत, सुसङ्गठित, सूर्य, सेतु, सौभाग्य, सौर्य, स्तन, स्तम्भ, स्थल, स्नेह, स्पष्टीकरण, स्वतन्त्र, स्वीकार, स्वीकार्य, हँसिलो, हचुवा, हतार, हरदम, हरदिन, हर्काउनु, हर्ष, हल न चल, हस्त, हाँसो, हाम्रो, हायलकायल, हारगुहार, हारजित, हिंसा, हिंस्रक, हिस्सा, हृदय, हैरान, हैसियत, होची, होनहार, होली, होस, होहल्ला ।